"विकासका लागी प्राकृतिक स्रोत,

नागरिकको समृद्धि इनरुवाको सोच"

# प्रथम आवधिक योजना

## (२०८०/८१-२०८४/८५)

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

इनरुवा सुनसरी

कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| प्रकाशक | : | इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी |
| सम्पर्क | : | फोन: ०२५५६००७७<br>इमेल: info@inaruwamun.gov.np<br>वेवसाइट : https://www.inaruwamun.gov.np/ |
| सर्वाधिकार © | : | प्रकाशकमा |
| प्रकासन मिति | : | २०८० |
| प्राविधिक सहयोग | : | पाथिभरा अनुसन्धान सेवा तथा परामर्श सेवा, ताप्लेजुङ |

# विषय सुची


**परिच्छेद एकः परिचय ..... ७**

१.१ पृष्ठभुमी ..... ७

१.२ आवधिक योजनाको उदेश्य ..... ७

१.३ आवधिक योजना तर्जुमा प्रकृया ..... ८

१.३.१ आवधिक योजना तयारी अभिमूखीकरण तथा योजना तर्जुमा बृहत कार्यशाला गोष्ठी ..... ८

१.३.२ स्थिति विश्लेषण तथा आधार सूचना तयारी ..... ८

१.३.३ आवधिक योजनाको तयारी ..... ९

१.३.४ योजना अन्तिम दस्तावेज तयारी ..... ९

१.४ योजना दस्तावेजको संरचना ..... 9

१.५ सीमा ..... १०

**परिच्छेद दुईः नगरपालिकाको परिचय तथा विकास उपलब्धिको समीक्षा ..... १२**

२.१ नगरपालिकाको परिचय ..... १२

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ..... १२

२.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण ..... १३

२.१.३ जनसांख्यिक अवस्था ..... १४

२.२ विकास उपलब्धिको समीक्षा ..... १५

२.२.१ आर्थिक विकास अवस्था ..... १५

२.२.२ सामाजिक विकास ..... १६

२.२.३ पूर्वाधार विकास ..... १७

२.२.४ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था ..... १८

२.२.५ सुशासन तथा संस्थागत व्यवस्था ..... १९

परिच्छेद तीनः दीर्घकालीन सोच तथा अवधारणा ..... २1

३.१ परिचय ..... २११

३.२ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त ..... २२२

३.३ लक्ष्य र उदेश्य ..... २६

३.४ समष्टिगत रणनीति ..... २६

३.५ रूपान्तरणका प्रमुख सम्वाहक ..... २७

३.६ प्रमुख परिमाणात्मक लक्ष्य ..... २७

३.७ गौरवका आयोजना तथा कार्यक्रम ..... २८

**परिच्छेद चारःआर्थिक विकस क्षेत्र ..... ३०**

४.१ पृष्ठभुमि ..... ३०

४.२ कृषि तथा खाद्य सुरक्षा ..... ३०

४.३ सिंचाई विकास ..... ३२

४.४ पशुपन्छी विकास ..... ३२

४.५ उद्योग र व्यापार ..... ३३

४.६ श्रम तथा रोजगार ..... ३३

४.७ वैक, सहकारी र वित्तीय सेवा ..... ३४

४.८ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ....................................................३४
४.९ अपेक्षित उपलब्धि तथा नतिजा तालिका....................................................४१
४.१० प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि....................................................४१
**परिच्छेद पाँचः सामाजिक विकास....................................................४७**
५.१ पृष्ठभूमि....................................................४७
५.२ विध्यमान अवस्था....................................................४८
५.२.१ शिक्षा....................................................४८
५.२.२ स्वास्थ्य....................................................५०
५.२.३ सामाजिक समावेशिकरण र संरक्षण....................................................५१
५.२.४ खानेपानी तथा सरसफाइ....................................................५२
५.२.५ युवा तथा खेलकुद....................................................५३
५.२.६ कला, भाषा, तथा संस्कृति....................................................५४
५.३ सोच, लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति....................................................५५
५.३.१ नगरपालिकाको सामाजिक विकास क्षेत्रको सोच ....................................................५५
५.३.२ लक्ष्य....................................................५५
५.३.३ उदेश्य....................................................५५
५.३.४ रणनीति तथा कार्यनीति....................................................५५
५.४ प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि....................................................६४
परिच्छेद छः भौतिक पूर्वाधार विकास....................................................**७५**
६.१ पृष्ठभूमि....................................................७५
६.२ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण....................................................७५
६.३ सडक, पूल तथा यातायात....................................................७७
६.४ विद्युत् तथा वैकल्पिक ऊर्जा....................................................७८
६.५ सूचना, संचार र प्रविधि....................................................७८
६.६ सोच, लक्ष्य, उदेश्य र रणननीति र कार्यनीति....................................................७९
६.७ अपेक्षित उपलब्धि तथा नतिजा तालिका....................................................८६
६.८. प्रमुख कार्यक्रम तथा आयोजना....................................................८८
**परिच्छेद सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र....................................................९२**
७.१ पृष्ठभूमि....................................................९२
७.२ वन, हरियाली, जैविक विविधता....................................................९३
७.३ भु-संरक्षण तथा जलाधार व्यवस्थापन....................................................९३
७.४ वातावरण संरक्षण र स्वच्छता....................................................९४
७.५ विपद् जोखिम व्यवस्थापन तथा र जलवायु परिवर्तन अनुकूलन....................................................९५
७.६ सोच, लक्ष्य उदेश्य तथा रणनीति....................................................९६
७.७ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा....................................................१०१
७.८ प्रमुख कार्यक्रम तथा आयोजना....................................................१०३
**परिच्छेद आठः संस्थागत विकास तथा सुशासन क्षेत्र....................................................१०८**
८.१ पृष्ठभूमि....................................................१०८

८.२ अवस्था विश्लेषण ........ Error! Bookmark not defined.
८.२.१ स्थानीय नीति तथा कानुन ........ **Error! Bookmark not defined.**
८.२.२ संस्थागत तथा मानव संशाधन विकास ........११८
८.२.३ स्थानीय वित्त तथा श्रोत परिचालन ........ १११
८.२.४ योजना व्यवस्थापन ........११२
८.२.३ सोच ........ ११३
८.२.४ लक्ष्य ........ ११३
८.२.५ उद्देश्य ........ ११३
८.२.६ विषयगत रणनीति तथा कार्यनीति ........ ११३
८.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११८
८.२.८ प्रमुख कार्यक्रम तऱ्हा आयोजना ........ १२०
परिच्छेद नौः कार्यान्वयन व्यवस्था........१२७
९.१ वित्तीय व्यवस्थापन योजना........१२७
९.२ विषयक्षेत्रअनुसार प्रस्तावित लागत........१३५
९.३ स्रोत परिचालन रणनीति........१३६
९.४ आवधिक योजना कार्यान्वयन........१३७
९.५ अनुगमन तथा मूल्याङ्कन योजना........१३९
अनुसूची १ क्षेत्रगत क्षमता विश्लेसण........१४२
अनुसूची २ नतिजाखाँका........१६८
अनुसूची ३ वडागत प्राथमिकक्ताका योजनाहरू........२२१
अनुसूची ४ कार्यसालाका क्षलकहरू........ २३४
अनुसूची ५ कार्यसालामा सहभागि हरू........ २३६

# शव्द सङ्क्षेप

| | |
|---|---|
| अ.न.मि. | : अक्जुलरी नर्स मिडवाइफ |
| आ.व. | : आर्थिक वर्ष |
| किमी | : किलोमिटर |
| गाविस | : गाउँ विकास समिति |
| जेटिए | : जुनियर टेक्निकल असिस्टेन्ट |
| वकिमी | : वर्ग किलोमिटर |
| नपा | : नगरपालिका |
| नं. | : नम्बर |
| रु. | : रुपियाँ |
| सा.व. | : सामुदादायिक वन |
| से. | : सेल्सियस |
| हे. | : हेक्टर |
| ETDS | : Electronic tax deduction at source |
| CGAS | : Computerized Government Accounting System |
| PAMS | : Public Assets Management System |
| MIMS | : Municipal Infrastructure Management System |
| SuTRA | : Subnational Treasury Regulatory Application |

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभुमी

आवधिक योजनाको इतिहासलाई हेर्दा सन् १९२८ मा तत्कालीन सोभियत रुसबाट सुरुवात भएको देखिन्छ। नेपाल सरकारले वि. सं. २०१३ सालबाट सुरुवात भएको आवधिक योजना हालसम्म आइपुग्दा पन्ध्रौं योजना कार्यान्वयनमा रहेको छ भने कोशी प्रदेशमा प्रथम आवधिक योजना कार्यान्वयनमा छ। नेपालको संविधा २०७२ ले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत हाल तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन्। स्थानीय सरकारले तयार गर्ने आवधिक योजनाले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग सिद्ध हुन्छ। यस्तो योजनाले ३ देखि ७ वर्षसम्मको मध्यमकालीन अवधिका लागि अपेक्षित परिवर्तन हासिल गर्न समग्र विकास प्रक्रियालाई दिशानिर्देश गर्दछ। यस योजनाले दीर्घकालीन सोच उन्मुख हुने गरी राष्ट्रिय आवधिक विकास योजना तथा प्रादेशिक आवधिक विकास योजनासँग सामन्जस्यता कायम गर्दै स्थानीय विकासको निर्दिष्ट गन्तव्य तय गर्दछ। आवधिक योजनाले परियोजना बैंक, मध्यमकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तथा वार्षिक विकास योजना तर्जुमाका लागि मुख्य मार्गदर्शन प्रदान गर्दछ।

नेपाल सरकारले स्थानीय तहको योजनामा एकरूपता, स्तरीयता एवम् सहजताका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन जारी गरेको छ। नेपालको संविधानले निदृष्ट गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ स्थानीय तहको योजना तर्जुमाको मुख्य आधार हो। यस इनरुवा नगरपालिकाको प्रथम आवधिक योजनाले नगरपालिकाको विकास कार्यान्वयनमा स्थानीय, प्रादेशिक र राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

## १.२ आवधिक योजनाको उदेश्य

इनरुवा नगरपालिकाको समग्र विकास प्रक्रियालाई योजनावद्ध, नतिजामूखी तथा व्यवस्थित गराउन मार्गदर्शन प्रदान गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ। यस योजनाको विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. नगर विकासका सरोकारवालाहरूको सहभागितामा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति सहित आवधिक विकासको व्यवस्थित खाका तयार गर्नु,
२. नगरपालिकाको नेतृत्वमा दीर्घकालीन सोच उन्मुख रही नगर क्षेत्रको समग्र विकासका लागि विकास साझेदार तथा सरोकारवालाहरूको सहभागिता एवम् प्रतिवद्धता सहित साझा उत्तरदायित्व श्रृजना गर्नु,
३. नगर विकासको उपलब्धिको समीक्षा तथा विकासका सम्भावना, समस्या तथा स्रोत परिचालनको अवस्थालाई विश्लेषण गर्नु।

## १.३ आवधिक योजना तर्जुमा प्रकृया

स्थानीय तहको पुनर्संरचना पश्चात नवगठित इनरुवा नगरपालिकाले सहभागितामूलक ढंगले प्रथम आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरेको छ। संघीय सरकारले उपलब्ध गराएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को व्यवस्था, स्थानीय आवश्यकता र विगतका सकारात्मक अनुभवलाई आत्मसात गर्दै विषय विज्ञको परामर्शदातृ सहयोग परिचालन गरी यस आवधिक योजना तर्जुमा गरिएको छ। निर्वाचित पदाधिकारी, प्रशासनिक तथा विषयगत शाखा/इकाइका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, व्यावसायिक संस्थाका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधि लगायत नगरपालिकाको समग्र विकासमा चासो राख्ने सरोकारवालाको सहभागितमा व्यापक छलफल र परामर्शको निष्कर्षका आधारमा आवधिक योजना तर्जुमा गरिएको छ। यस आवधिक योजना तर्जुमा कार्यमा अवलम्बन गरिएको चरण, विधि तथा प्रक्रियालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### १.३.१ आवधिक योजना तयारी अभिमूखीकरण तथा योजना तर्जुमा बृहत कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमासम्बन्धी विधि, प्रकृया एवम् ढाँचा सम्बन्धमा नगर विकासका सरोकारवालाहरूमाझ छलफल गरी समान बुझाई कायम गर्न र नगरपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्न उद्देश्यले वि.सं. २०७९ चैत्र ६ गते देखि ८ गते सम्म आवधिक योजना तयारी अभिमूखीकरण तथा योजना तर्जुमा बृहत कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। इनरूवा नगरकार्यपालिकाको आयोजनामा सम्पन्न उक्त कार्यशाला गोष्ठीको सहजिकरण योजना आयोगका पुर्व उपाध्यक्ष गोविन्द पोखरेलले गर्नु भएको थियो भने कार्यशालामा संघिय तथा प्रदेश सभाका माननिय सभासद, नगरसभाका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरू, कार्यपालिका तथा वडा कार्यालयका कर्मचारी र स्थानीय संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

नगरपालिकाका प्रमुख केदार भण्डारी अध्यक्षतामा सम्पन्न उक्त कार्यशाला गोष्ठीको प्रथम दिन आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना सम्बन्धमा प्रस्तुति, छलफल र कार्ययोजना तयार गरिएको थियो। कार्यशालाको दोस्रो र तेस्रो दिन आधाररेखा सूचना तथा सहभागितामूलक छलफलका आधारमा नगर विकासको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, स्रोत प्रक्षेपण, रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा तयारी गरिएको थियो। उक्त कार्यशालामा विगत आर्थिक वर्षहरूमा उपलब्ध स्रोतको आधारमा योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण समेत अन्य विभिन्न स्रोतबाट आगामी ५ वर्षमा उपलब्ध हुन सक्ने स्रोत समेत अनुमान तथा प्रक्षेपण गरिएको छ। योजना तयारीका क्रममा मस्तिष्क मन्थन, समूह कार्य, बृहत समूह प्रस्तुती एवम् छलफल जस्ता सहभागितामूलक विधिहरूको प्रयोग गरी कार्यशाला सञ्चालन गरिएको थियो। कार्यशालाको सहजीकरण परामर्शदाता संस्थाका विषय विज्ञहरूबाट प्रस्तुत भएको थियो।

### १.३.२ स्थिति विश्लेषण तथा आधार सूचना तयारी

आवधिक योजना तर्जुमाका क्रममा नगरपालिकाको गठन पस्चात विगत ५ वर्षमा हासिल भएका विकासका उपलब्धिको समीक्षा, विद्यमान वस्तुगत अवस्थाको विश्लेषण तथा आधार सूचना तयारीका लागि द्वितीय तथा प्राथमिक स्रोतको उपयोग गरिएको थियो। द्वितीय स्रोतका रूपमा इनरुवा नगरपालिकाको नगर वस्तुगत विवरण २०७९, राष्ट्रिय जनगणना

२०७८ को प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभाग लगायत नेपाल सरकार र कोशी प्रदेश सरकार तथा सम्वन्धित मन्त्रालयका प्रतिवेदन तथा दस्तावेज र विषयगत शाखा/उपशाखा/ एकाइहरूका तथ्याङ्क उपयोग गरी सोही आधारमा वस्तुस्थिति विवरण प्राप्त गरियो। समूह छलफल तथा जानकार व्यक्ति जस्ता प्राथमिक स्रोतबाट तथ्याङ्क प्राप्त गरिएको थियो। यसरी उपलब्ध तथ्याङ्क तथा विवरणको विश्लेषण गरी विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षाका साथै आवधिक योजनाको लागि आधाररेखा सूचना विवरण तयार गरिएको थियो। नगरपालिकाका १० वटै वडामा वडागत छलफल गरी वडा स्तरको अवस्था विस्लेषण र वडा स्तरीय समस्याको अवलोकन तथा पहिचान गरी सूचना संकलन गरिएको छ।

### १.३.३ आवधिक योजनाको तयारी

योजना तर्जुमा कार्यशाला गोष्ठीबाट स्वीकृत ढाँचामा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ। यस क्रममा वस्तुस्थिति विश्लेषणको विवरण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषय क्षेत्रगत योजना तर्जुमा समितिको छलफलको निष्कर्ष, बृहत समूह प्रस्तुती एवम् वडागतरूपमा भएको छलफलबाट प्राप्त नतिजालाई सिलसिलेवार र तर्कबद्ध रूपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ। यस क्रममा विषय क्षेत्रगत रूपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ। आवधिक योजनाको दस्तावेज ९ परिच्छेदमा विभाजन गरिएको छ। दस्तावेजमा समाविष्ट परिच्छेदहरूमा क्रमशः परिचय, नगरपालिकाको विकासको विद्यमान अवस्था, नगर विकासको दीर्घकालीन सोच तथा अवधारणा, आर्थिक विकास योजना, सामाजिक विकास योजना, भौतिक विकास योजना, वन, वातावरण तथा विपद्व्यवस्थापन योजना, संस्थागत विकास तथा सुशासन योजना र कार्यान्वयन योजना रहेका छन्। योजनाको मस्यौदा दस्तावेज तयारीमा पन्धौं योजना (राष्ट्रिय) तथा कोशी प्रदेशको प्रथम आवधिक योजनालाई आत्मसात गरिएको छ।

### १.३.४ योजना अन्तिम दस्तावेज तयारी

आवधिक योजनाको मस्यौदा दस्तावेजलाई सुझाब तथा पृष्ठ पोषणका लागि नगर कार्यपालिका कार्यालयमा पेश गरियो। योजनाको दस्तावेज उपर नगर सभाका पदाधिकारी, विषयगत समिति/शाखा, लगायत नगर विकासका सरोकारवालाबाट सुझाब संकलन गरिएको थियो। दस्तावेजलाई सरोकारवालामाझ प्रस्तुत गरी सुझाव संकलन गर्न सबै वडाहरूमा एक दिवसीय सुझाव संकलन कार्यशालाको आयोजना गरियो। नगर कार्यपालिका कार्यालयको आयोजनामा सम्पन्न उक्त कार्यशालामा विषय क्षेत्रगत रूपमा योजनाको मुख्य विषयवस्तुलाई समूहगत तथा बृहत छलफलबाट प्राप्त सुझाबको निष्कर्ष, स्रोत तथा सामर्थ एवम् प्राथमिकता क्षेत्र समेतको विश्लेषण गरी दस्तावेजलाई परिमार्जनसहित अन्तिम दस्तावेजका रूपमा तयार गरियो। यस क्रममा विषय विज्ञहरूको प्राविधिक सहयोग परिचालन गरिएको थियो।

## १.४ योजना दस्तावेजको संरचना

इनुरुवा नगरपालिकाको यस आवधिक योजनाको दस्तावेजमा कुल ९ वटा परिच्छेद रहेका छन्। पहिलो परिच्छेदमा आवधिक योजना तर्जुमाको परिचय, यसका नीतिगत तथा कानुनी आधारहरू, उद्देश्यहरू एवम् योजना तर्जुमा विधिका बारेमा प्रकाश पारिएको छ। दोस्रो परिच्छेदमा नगरपालिकाको संक्षिप्त वस्तुस्थिति विवरणा वारे प्रकाश पारिएको छ। तेस्रो परिच्छेदमा दीर्घकालीन सोच तथा अवधारणा, निर्देशक सिद्धान्तहरू, प्राथमिकताका क्षेत्र, योजना अवधिमा प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण तथा रुपान्तरणकारी परियोजनाहरू प्रस्तुत गरिएको छ। चौथो परिच्छेददेखि आठौं परिच्छेदसम्म क्रमशः आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण विपद् जोखिम

व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रहरूको विषय क्षेत्रगत योजना प्रस्तुत गरिएको छ। यी सबै योजनाहरूमा पृष्ठपोषण, उपक्षेत्रगत वस्तुस्थिति विश्लेषण, विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा नतिजा तालिका, आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण समावेश गरिएको छ। नवौं परिच्छेदमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकन योजना प्रस्तुत गरिएको छ। यस परिच्छेदमा विषय क्षेत्र अनुसार अनुमानित कुल बजेट तथा आवधिक योजना कार्यान्वयनबारे संक्षिप्तमा प्रकाश पारिएको छ। परिच्छेद ९ पश्चात् अनुसूचीहरू रहेका छन्।

### १.५ सीमा

यस आवधिक योजनालाई यथार्थपरक, गुणस्तरीय एवम् व्यवहारिक बनाउने अधिकतम प्रयास गरिएको छ। यस योजनाका सीमाहरू देहायअनुसार रहेका छन् :

**तथ्याङ्कीय उपलब्धता :** यो योजना प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्क/सूचना तथा नगरपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलका आधारमा आवश्यक तथ्याङ्क संकलन गरी तर्जुमा गरिएको छ। आवश्यक सूचना/तथ्याङ्क नगरपालिकाका विभिन्न शाखाहरू, प्रदेश तथा सङ्घीय प्रतिवेदनहरूबाट संकलन गरिएको छ। यद्यपि, योजना तर्जुमाका क्रममा पर्याप्त सूचनाको कमी महसुस गरिएको छ।

**ढाँचा, विधि तथा प्रकृया** : यो योजना तर्जुमाका ढाँचा, विधि तथा प्रक्रिया नगर कार्यालयसँगको सम्झौता, र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा आधारित रहेको छ। साथै, विगतका सफल अभ्यास तथा विज्ञका सुझाव र सहभागितामूलक योजना तर्जुमा कार्यशालामा छलफलमा आएका विषयवस्तु समेतलाई मध्यनजर गरी तयार गरिएको छ। यस क्रममा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामूलक छलफलका क्रममा प्राप्त सूचनाहरू आवधिक योजना तर्जुमाको मूल आधारका रुपमा रहेका छन्।

**लागत तथा लगानी पूर्वानुमान** : योजना तर्जुमा कार्यशाला गोष्ठीमा उपस्थित पदाधिकारी तथा कर्मचारीहरूबीचको सहभागितामूलक छलफल, विगतका अभ्यास तथा अनुभव, नगरपालिकाका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझाव र कार्यालयको खर्च प्रवृत्तिको अभिलेख समेतलाई आधार मानी कार्यक्रम/आयोजनाको लागत र प्रशासनिक खर्च सहित आवधिक योजनामा उल्लेखित कार्यक्रम सम्पन्न गर्न लाग्ने सम्पूर्ण लागतको अनुमान गरिएको छ।

नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नभएता पनि गैरसरकारी तथा अन्य क्षेत्रबाट हुने सम्भाव्य साझेदारीको लगानी समावेश गरिएको छ। यस योजनाको सफल कार्यान्वयनका लागि विद्यमान सङ्घीय तथा प्रादेशिक अनुदानको निरन्तरता र वृद्धि, सङ्घ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको अवस्थाबाट प्रभावित हुन सक्नेछ।

**कार्यान्वयन र अपेक्षित उपलब्धि :** यस आवधिक योजनाको अपेक्षित उपलब्धि हासिल हुने कुरा यसको पालनासँग प्रत्यक्ष सम्बन्धित हुनेछ। यो योजना आफैंमा कार्यान्वयन गरिने दस्तावेज भन्दा वार्षिक योजनालाई दिशानिर्देश गर्ने दस्तावेज भएको हुँदा वार्षिक योजनालाई यस योजनासँग आबद्ध गरेर यसका लक्ष्य, उद्देश्य अनुरुप वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै गएमा मात्र यस योजनाले लक्षित गरे अनुरुपका अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिनेछ।

**स्रोत, साधन तथा जनशक्ति :** नगरपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको स्रोत, सूचना तथा तथ्याङ्क र नगर कार्यपालिका कार्यालयमा रहेको योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभावकारी हुने गरी परिचालन गरिएको छ। यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि स्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ।

# परिच्छेद दुई

# नगरपालिकाको परिचय तथा विकास उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

इनरुवा नगरपालिका नेपालको कोशी प्रदेश अन्तरगत सुनसरी जिल्लामा पर्दछ। यो नगरपालिकामा सुनसरी जिल्लाको सदरमुकाम रहेको छ। यो नगरपालिकाको क्षेत्रभित्र तत्कालिन महेन्द्र राजमार्गको (हाल पूर्व-पश्चिम लोकमार्ग) को करीब ७ कि.मि. सडक क्षेत्र रहेको छ। मिति २०४७ मा स्थापित यस नगरपालिकामा २०७३/११/२७ मा भएको राज्य पुनःसंरचनामा साविक इनरुवा नगरपालिका, मधेशा, चाँदवेला, बबिया, जल्पापुर गा.वि.स र डुम्राहा गा.वि.स. को वडा नं. २, ७, ८ र ९ मिलाएर गठन गरिएको हो। यस इनरुवा नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

इनरुवा नगरपालिका भौगोलिक अवस्थितिका हिसाबले २६.३४ डिग्री देखि २६.३७ डिग्री उत्तरी अक्षांश र ८७.७ डिग्री देखि ८७.११ डिग्री पुर्वी देशान्तरमा फैलिएको छ। यहाँको अधिकतम तापक्रम २० देखि ३८ डिग्री सेन्टिग्रेड र न्यूनतम तापक्रम ९ देखि २४ डिग्री सेन्टिग्रेडसम्म रहेको छ भने वार्षिक सरदर वर्षा २१० से.मि. रहेको छ। भौगोलिक सिमाङ्कन अनुसार पूर्वमा गढी र पश्चिममा भोक्राहानगरसिंह गाउँपालिका, उत्तरमा इटहरी उपमहानगरपालिका र रामधुनी नगरपालिका तथा दक्षिणमा हरिनगर गाउँपालिका रहेको छ। सुनसरी जिल्लाको कुल क्षेत्रफल १२५७ वर्ग कि.मि. मध्ये ६.१९ प्रतिशत भुभाग ओगटेको इनरुवा नगरपालिकाको कुलक्षेत्रफल ७७.९२ वर्ग कि.मि. रहेको छ। वडा अनुसारको क्षेत्रफल देहाय अनुसारको रहेको छ।



**तालिका न.२.१ : राजनैतिक विभाजन**

| वडा | सािवक नगरपालिका तथा गा.वि.स. | क्षेत्रफल वर्ग कि.मि. | वडाले ओगटेको क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| १ | इनरूवा वडा नं. १ र २ | १.०५ | १.३५ |
| २ | इनरूवा वडा नं. ७ र ८ | ४.७६ | ६.११ |
| ३ | इनरूवा वडा नं. ३ र ५ | ४.४३ | ५.६९ |
| ४ | इनरूवा वडा नं. ४ र ६ | ५.२२ | ६.७१ |
| ५ | इनरूवा वडा नं. ९ र १० | ६.९४ | ८.९१ |
| ६ | मधेसा गा.वि.स | १४.५२ | १८.६३ |
| ७ | चाँदवेला गा.वि.स | १२.५४ | १६.०९ |
| ८ | डुम्राह गा.वि.स वडा नं २, ७ , ८ ,९ | ११.८२ | १५.१७ |
| ९ | बबिया गा.वि.स | १०.७४ | १३.७८ |
| १० | जल्पापुर गा.वि.स | ५.८९ | ७.५६ |
| **जम्मा** | | ७७.९२ | १०० |

*स्रोतः नगर प्रोफाइल २०७९*

### २.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण

इनरुवा नगरपालिका, इनरवा वा इनर्वा जस्ता स्थान विशेष स-सना बस्ती अन्यत्र पनि सुनिन्छ तापनि सुनसरीको सदरमुकाम इनरुवा भनेको छुट्टै महत्वशाली थलो हो। श्री ३ भीम शमशेरको शासनकालमा हजारौं वर्ष अघिदेखी जंगल रहि आएको यस भुमिमा जंगलफडान गरि बस्ती बसाउने र कृषी उत्पादन बढाउने लक्ष्य लिईएको हो। नेपाली जनता स्वदेशमा रोजगारी नपाएर कोही सिक्किम, कोही भुटान, कोही बर्मा त कोही भारतको आसाम लगायतका शहर तथा बस्तीहरुमा जाने क्रम बढ्दै गएपछि स्वदेशमा जनशक्तिको महत्वलाई अङ्गीकार गर्दै संवत १९८८ सालमा यहाँको जंगल फाँड्ने काम शुरु भयो। यस क्षेत्रको हजारौ बर्ष देखी एकदमै बाक्लीएर रहेको जंगल भए पनि झोडा फँडान गर्दा हाल इनरुवा अस्पतालको पुर्व उत्तर तर्फ काठको ढ्वाङ हालेर बनेको अत्यन्त जिर्ण इनार सार्वजनिक भएछ। त्यस पछि पनि भारतबाट चाँदवेला तिर डाँका गर्ने डाँकाहरु त्यही इनारको आडमा दिनभर दप्किएर राति डाँका गर्ने, फेरी त्यतै जंगलमा लुक्ने छिप्ने समेत गरेर पिरपिराउ पारेकाले उक्त पानीको स्रोतलाई चाँदबेलाका पीडित

व्यक्तिहरुले पुरपार पारिदिएका रहेछन। धेरै पछि जंगल फँडानीका क्रममा “अवशेष” का रुपमा त्यो इनारलाई सबैले देखेछन। यस क्षेत्रको वरिपरिका मानिसहरुले उक्त इनार भेटिएको ठाउँलाई संकेतात्मक ढङ्गले नेपाली भाषीले इनरुवा भने। कुनै मुल शब्दसँग सम्बन्ध देखाउन वा “वाला” को अर्थ दिन मुल शब्द (प्रकृती) मा “उवा” प्रत्यय जोडिने गर्छ। त्यो कृदन्त वा तद्धितान्त पनि हुन्छ, जस्तै कृदन्तमा सुत्+उवा = सुतुवा, डुल+उवा = डुलुवा (डुल्नसँग सम्बन्धित वा डुल्ने काममा सरोकार राख्ने भएझैं, र तद्धितान्तमा भात+उवा = भतुवा, बाटो+उवा = बटुवा (बाटोसँग सम्बन्धित, बाटोसँग सरोकारवाला) बनेझै इनार+उवा = इनरुवा (इनारसँग सम्बन्धित वा इनारवाला ठाँउ) सार्थक भएको देखिन्छ।

यसै “इनरुवा” लाई प्रायः तराईबासी मैथली, थारु र भोजपुरी भाषी व्यक्तिहरुले इनरुवा (इनर्वा पनि) भन्दछन।

### २.१.३ जनसांख्यिक अवस्था

जनगणना २०७८ आधारमा जनसंख्या हेर्दा कुल जनसंख्या ७४,९१४ र घरधुरी संख्या १६,०२९ रहेको छ। वडागत रूपमा हेर्दा सबैभन्दा उच्च जनसंख्या वडा नं. ९ मा ९,८१३ रहेको छ भने सबैभन्दा न्यून जनसंख्या वडा नम्बर १ मा ५,३५६ रहेको छ। जनसंख्यासम्बन्धी विवरण तालिका नम्बर २ मा प्रस्तुत गरिएको छ :

**तालिका नं.२.२ : जनसंख्याको अवस्था**

| वडा न. | जनगणना २०७८ अनुसार | | | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|
| | जनसंख्या | | | | |
| | पुरूष | महिला | जम्मा | | |
| १ | २६२३ | २७३३ | ५३५६ | १.१ | ४८६९.०९ |
| २ | ३५७९ | ३४३९ | ७०१८ | ४.८ | १४६२.०८ |
| ३ | ४५२० | ४६८० | ९२०० | ४.४ | २०९०.९१ |
| ४ | ३४७१ | ३४५१ | ६९२२ | ५.२ | १३३१.१५ |
| ५ | २६६३ | २८१७ | ५४८० | ६.९ | ७९४.२० |
| ६ | ३४७५ | ३८९५ | ७३७० | १४.५ | ५०८.२८ |
| ७ | ३६७५ | ३८५६ | ७५३१ | १२.५ | ६०२.४८ |
| ८ | ४१९२ | ४३४७ | ८५३९ | ११.८ | ७२३.६४ |
| ९ | ४८२७ | ४९८६ | ९८१३ | १०.७ | ९१७.१० |

| वडा न. | जनगणना २०७८ अनुसार | | | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|
| | जनसंख्या | | | | |
| | पुरूष | महिला | जम्मा | | |
| १० | ३६६४ | ४०४१ | ७७०५ | ५.९ | १३०५.९३ |
| जम्मा | ३६६८९ | ३८२४५ | ७४९३४ | ७७.९२ | ९६१.६८ |

*स्रोत : जनगणना २०७८*

## २.२ विकास उपलब्धिको समीक्षा

यस शिर्षक अन्तर्गत इनरूवा नगरपालिकाको स्थापना पश्चात पहिलो निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा भएको भौतिक प्रगतिलाई विषय क्षेत्रगत रूपमा देहायका उप-शिर्षकहरूमा समावेश गरिएको छ :

### २.२.१ आर्थिक विकास अवस्था

#### क. कृषि तथा खाद्य सुरक्षा

यस इनरुवा नगरपालिकाको खेतीयोग्य जमीनको ७० प्रतिशत भन्दा वढि जमिनमा खेति गरिएको छ। नगरपलिकाको नीति समान प्रकारको र सबैलाई बराबरी हुने भनिएता पनि विभिन्न कारणहरुले गर्दा कृषि यन्त्रहरुको प्रयोग ठुला किसानले मात्र गरिरहेको अवस्था छ। नगरपालिकाको आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको लागि नगरपालिकाबाट अनुदान न्युन मात्र प्राप्त गरेका छन्। नगरपालिका क्षेत्रभित्र ४० वटा कृषि फार्म सञ्चालनमा रहेका छन् भने १० वटा एग्रोभेट सेन्टर सञ्चालनमा छन्। यी संख्यामा उल्लेख्य वृद्धि गर्नसके आर्थिक विकासमा फड्को मार्न सजिलै सकिन्छ।

नगरबासीहरुको पेशागत निर्भरतालाई हेर्दा ६० प्रतिशत घरपरिवार कृषि तथा पशुपालन पेशामा निर्भर रहेको छ। नगरपालिकामा सामुहिक खेति प्रणालीको अभ्यास सुरु भएको छ। नगरपालिका भरिमा १५ वटा कृषक समूहमा २२५ जना कृषक आवद्ध भएका छन्। यस नगरपालिकामा सञ्चालित कृषि सहकारीहरुमा ६०० भन्दा बढी सदस्यहरु आवद्ध रहेका छन्। कृषि प्रवाधिकको रुपमा वडास्तरमा २ जना मात्र कृषि जे.टि.ए. परिचालन भैरहेको अवस्था छ।

#### ख. सिंचाई

इनरुवा नगरपालिकामा सिंचाई सुविधाको लागि १० वटा नहर रहेका छन्। प्रायः सबै वडामा सिंचाई सुबिधा प्राप्त भए पनि करिब ५० प्रतिशत जमिनमा मात्र बार्है महिना सिंचाइ सुविधा उपलब्ध रहेको छ। नगरपालिका क्षेत्र भित्र बर्षैभरी सञ्चालनमा रहने सिंचाई नहरबाट यहाँको जमिनमा सिंचाई सुविधा पुगेको देखिएको छ।

#### ग. पशुपन्छी विकास

नगरपालिकामा पशुपन्छीको क्षेत्रमा १०७ वटा फार्म सञ्चालनमा रहेका छन्। दुधमा आत्मनिर्भर बन्ने उद्देश्यले नगरपालिका ९ वटा दूग्ध उत्पादक सहकारीहरु स्थापना भई सञ्चालनमा छन्। पछिल्लो समयमा कृषि व्यवसायीहरु

पशुपालनतर्फ आकर्षित बन्दै गएका छन् जसको परिणाम स्वरूप १०७ जना कृषकहरू व्यावसायिक पशुपालनमा सङ्लग्न रहेको तथ्याङ्क छ। नगरपालिकामा लगभग ८० प्रतिशत घरपरिवार पशुपालन व्यावसायमा संलग्न रहेको देखिन्छ।

### ङ. सहकारी, बैंक तथा वित्तीय सेवा

यस नगरपालिकामा जनतामा बैंक तथा सहकारी र वित्तीय सेवाको प्रायः सबैमा पहुँच छ। इनरुवा नगरपालिकामा वित्तीय पहुँच तथा सेवाको लागि वाणिज्य बैंक, र विकास बैंक, लघु वित्त संस्था र ६१ वटा सहकारी संस्था रहेका छन्।

### च. सम्पदा, संस्कृति तथा पर्यटन

सांस्कृतिक रुपमा विविधतायुक्त रहेको यस क्षेत्रमा हिन्दु, बौद्ध, मुस्लिम धर्मालम्बीहरूको बसोवास रहेको छ। नेपाली, तामाङ्ग, मैथली हिन्दी भाषा मातृभाषाका रुपमा रहेका छन्। यस नगरपालिकामा शिव मन्दिर, भगवती मन्दिर, सत्यनारायण मन्दिर, गणेश मन्दिर, लक्ष्मी नारायण मन्दिर, दुर्गा मन्दिर (बिहिबारे हाट), बुढा सुब्बा मन्दिर, राधाकृष्ण मन्दिर, रामजानकी मन्दिर, स्वर्गद्वारी घाट, लाटीदेवी मन्दिर, काली मन्दिर, भगवती मन्दिर, ठुलो मदरशा आदि रहेका छन्।

## २.२.२ सामाजिक विकास

### क. शिक्षा, विज्ञान तथा प्रविधि

कोशी प्रदेशको साक्षरता २०७८ को जनगणना अनुसार ७९.७ रहेको छ। महिलाको साक्षरता ७३.६ र पुरूषको ८६.१ रहेकोमा यस नगरपालिकाको कुल साक्षरता दर ७५.३ रहेको छ। जसमा पुरुषको साक्षरता ८२.९ र महिलाको ६८.१ रहेको छ। नगरपालिकामा विद्यालय शिक्षादेखि उच्च शिक्षा र प्राविधिक शिक्षा हासिल गर्ने शैक्षिक पूर्वाधार रहेका छन्। यस नगरपालिकामाा जम्मा ३० वटा सामुदायिक विद्यालय रहेका छन जसमा ८ वटा माध्यमिक विद्यालय र २२ वटा आधारभुत विद्यालय रहेका छन। विद्यालय स्तरमा ९,७०७ जना विद्याथी अध्ययनरत रहेकोमा ४,८८९ छात्र र ४,८१८ छात्रा रहेका छन। नगरपालिकामा ८१ वटा वाल विकास केन्द्र विभिन्न विद्यालयको मातहातमा सञ्चालनमा रहेका छन। यस नगरपालिकामा १ सामुदायिक पुस्तकालय, १३ वटा विद्यालयमा बुक कर्नरको व्यवस्था, ४ वटा विद्यालयमा स्वच्छ खानेपानीको उपलव्धता रहेको, ८ वटा विद्यालयमा छात्रा मैत्री शौचालय, २८ वटा विद्यालयमा इन्टरनेट सुविधा, ६ वटा विद्यालयमा विज्ञान प्रयोगशाला रहेको, २६ विद्यालयमा वि.व्य.स. गठन भएको, अभिभावक शिक्षक सङ्घ २६ वटामा गठन भएको र सबै विद्यालयमा  कक्षा ६ सम्म दिवा खाजाको व्यवस्था रहेको छ।

### ख. स्वास्थ्य तथा सरसफाइ

यस नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा शहरी क्लिनिक, १ वर्थिङ केन्द्र र आर्युवेद अस्पताल १ वटा रहेका छन। संस्थागत क्षेत्रबाट सञ्चालित ३ वटा एम्बुलेन्सवाट नगरपालिकाका नागरिकले सेवा लिइरहेका छन। ग्रामिण क्षेत्रका नागरिकलाइ घरदैलोमा सेवापुर्याउनका लागि ९८ जना महिला स्वयंसेविकाको व्यवस्था गरिएको छ। पुर्वाधार तर्फ मापदण्ड अनुसारको ५ वटा भवन निर्माण भएर सञ्चालनमा रहेका छन। नेपाल सरकारले प्रदान गर्ने ९८ प्रकारका औषधी निःशुल्क उपलब्ध रहेको, स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती

महिला ९० प्रतिशत रहेको, प्रोटोकलअनुसार ४ पटक गर्भ परीक्षण गर्ने गर्भवती ८५ प्रतिशत रहेको, नगरपालिकाले स्वास्थ्य विमालाई २० लाख वजेट विनियोजन गरी वडागत रूपमा स्वास्थ्य विमाको सुरूवात गरिएको छ।

### ग. खानेपानी तथा सरसफाई

नगरपालिकामा हाल सम्मको अवधिमा दिगो खानेपानी सञ्चालनका लागि नगरपालिकाले कार्य गर्दै आएको छ। यसै प्रयोजनकालागि नगर खानेपानी गुरूयोजना निर्माणको कार्य हाल भइरहेको छ। स्वच्छ खानेपानीमा पहुँच विस्तारका लागि एकघर एकधारा कार्यक्रम मार्फत कुल १५.२ प्रतिशत घरघरमा एक धाराको निर्माण सम्पन्न भएको छ भने ८२.९ प्रतिशत घरधुरीमा टयुवेल तथा हाते पम्प र १.४ प्रतिशतमा खुल्ला कुवा तथा खोलाको पानि प्रयोग गर्छन। नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भइ सकेको अवस्थामा यस पालिकामा ४२.२ प्रतिशतमा फ्लस भएको र ५०.६ प्रतिशत घरधुरीमा साधारण शौचालय रहेको छ। नगरपालिकाले समग्र नगर क्षेत्रलाई पूर्ण सरसफाई क्षेत्र घोषणाका लागि व्यावहारिक अभ्यासहरूको थालनी गरेको छ।

### घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा नगरपालिकाले नीतिगत तथा व्यावहारिक क्षेत्रबाट सार्थक पहल गरेको छ। नवनिर्वाचित जनप्रतिनिधिको नेतृत्वमा लैससास नीतिलाई मुलप्रबाहीकरण गर्न पहल गरिएको छ। लैङ्गिक हिंसा विरुद्धका कार्यक्रम सञ्चालनमा रहेको छ। महिला उद्यमशिलता विकासका लागि महिला उद्यमी समूहलाई तालिमको व्यवस्था गरिएको छ। विपन्न तथा जोखिममा रहेका वस्तिको स्थानान्तर गरि एकीकृत बस्ती निर्माणको सुरूवात गरिएको छ। नियमित रूपमा जेष्ट नागरिक सम्मान एवम् जेष्ट नागरिक निःशुल्क उपचारको व्यवस्था गरिएको छ।

### ङ. युवा तथा खेलकूद

खेलकूदको क्षेत्रमा नगरपालिकामा २ वटा कवर्ड हल, सवै वडामा साना तथा ठुला खेलमैदान रहेका छन। नगरपालिकाले नगरस्तरिय रंगशालाको निर्माण सुरूवात गरेको छ। वार्षिक रूपमा राष्ट्रिपति रनिङ्ग शिल्ड आयोजना हुने गरेको छ। जिल्लास्तरीय युवा प्रतिभा पहिचान गरिने अभ्यास रहेको छ। नियमित रूपमा वडास्तरीय खेलको आयोजना हुने गरेको छ। युवा स्वरोजगार प्रवर्द्धनका लागि संघीय सरकारको समन्वयमा स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।

## २.२.३ पूर्वाधार विकास

### क. आवास, भवन, बस्ती तथा शहरी विकास

नगरपालिका क्षेत्रभित्र निर्माण हुने आवासीय, व्यावसायिक र सार्वजनिक भवनलाई व्यवस्थित गरी घरनक्शा पाससम्बन्धी कार्यलाई व्यवस्थित गर्न भवन निर्माण नक्शापास कार्यविधि कार्यान्वयनमा रहेको छ। राष्ट्रिय भवन संहिता, भवन योजना तथा बस्ती विकास आधारभूत मापदण्ड र घरनक्शा पाससम्बन्धी कार्यविधिअनुसार शहरी क्षेत्रमा नक्सापास अनिवार्य गरिएको छ।

### ख. यातायात

हालसम्ममा नगरपालिकामा ३३ कि.मि. पक्की सडक, ८० कि.मि वाह्रै महिना यातायात सुचारु हुने ग्राभेल सडक र करिब ३०० कि.मि. भन्दा बढी कच्ची सडक निर्माण भएका छन्। नगरपालिका भित्रको सडकको स्तरोन्नति तथा नयाँ ट्र्याक खोली मुख्य सडकमा सार्वजनिक यातायात सञ्चालनमा आएको छ।

### ग. विद्युत तथा वैकल्पिक उर्जा

नगरपालिकाको विभिन्न मुख्य चोक र प्रमुख स्थानमा  सडक बत्ती जडान गरिएको छ। यस अवधिमा सवै वडाका सवै घरपरिवारलाई विद्युत सेवा उपलब्ध गराइएको छ। स्थानीय नगरिकहरूले सुधारिएको चुल्हो, सोलार होम प्रणाली र विद्युतिय चुलो प्रयोग गर्न नगरपालिकाले समन्वय गरि उर्जाको सेवा उपलब्ध गराइएको छ। नगरपालिकाको कार्यालय, १० वटै वडा कार्यालयमा पावर व्याकअप जडान गरिएको छ।

### घ. सूचना, सञ्चार र विद्युतीय सुशासन

नगरपालिकाका सवै वडामा विद्युत तथा सञ्चारको सुविधा छ। नगरपालिका कार्यालय, १० वटै वडा कार्यालय, सवै स्थास्थ्य संस्था र सवै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिएको छ। नगरपालिकामा राजस्व, PMIS र SUTRA लगायतका सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरिएको छ। वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन र प्रसारण गरिने गरिएको छ। नगरपालिकाले Degital Profliel र Degital WASH Plan तयार गरेको छ।

## २.२.४ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था

### क. वन तथा वातावरण

इनरुवा नगरपालिकाको स्थापना पश्चात निर्वाचित पदाधिकारीको नेतृत्वमा विगत ५ वर्षको कार्यकालमा वन क्षेत्रको विस्तार नभएता पनि नगरपालिकामा रहेका खाली जग्गामा हरियाली प्रवर्द्धन गरी भू-क्षय कम गर्नका लागि ३०,००० भन्दा बढी संख्यामा विभिन्न जातका विरुवा रोप्ने कार्य सम्पन्न गरेको छ। नगर हरियाली कार्यक्रमलाई थप प्रभावकारी गराउन समुदायहरूलाइ सकृय वनाउने कार्य भएको छ। नगरपालिकाका ठूला खालका निर्माण कार्य गर्दा हुने वातावरणीय क्षतिलाई कम गर्न ठूला निर्माण कार्य र नदीजन्य उत्पादनको उत्खनन्मा वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरिएको छ। वाढी तथा डुवानले वर्षेनी हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि आवश्यकता अनुसार नियन्त्रण कार्य गर्दै आएको छ।

### ख. जलवायु परिवर्तन तथा भू-संरक्षण

जलवायु परिवर्तन हाल विश्वव्यापी समस्याको रूपमा रहेको कुरालाइ मनन गर्दै यसलाई न्यूनीकरण गर्न नगरपालिकाले पानीका स्रोत संरक्षणकालागि स्थानीय परम्परात पोखरीहरुको पुनः निर्माण तथा संरक्षण गरेको छ। नदी कटान तथा डुवान  नियन्त्रणका लागि सुनसरी खोला लगायतका क्षेत्रमा ५००० मिटर भन्दा बढी तटबन्ध निर्माण सम्पन्न भएको छ।

### ग. विपद् व्यवस्थापन

नगरपालिकाले विपद् व्यवस्थापनका लागि ३० लाखको विपद् व्यवस्थापन कोष स्थापना गरी विपदबाट प्रभावित नागरिकलाई आकस्मिक उद्दार तथा राहतको व्यवस्था गर्दै आएको छ। नगरपालिका तथा वडा स्तरमा विपद्

व्यवस्थापन समिति गठन गर्नुका साथै क्षमता विकासको कार्यक्रम सम्पन्न गरिएको छ। कोभिडबाट प्रभावित नागरिकलाइ राहत वितरण गरिएको छ। विपद् व्यवस्थापनका लागि आवश्यक नीति नियम तर्जुमा गरिएको छ। महामारीको समयमा कोभिड प्रभावित बिरामीलाइ व्यवस्थापन गर्न क्वाराईटिन व्यवस्था गरिएको थियो। बिरामीका लागि तत्काल यातायात सेवा उपलव्ध गराउन संस्थागत तथा सामुदायिक एम्वुलेन्स सञ्चालनमा रहेका छन्। नगरपालिकाले अग्निजन्य विपद व्यवस्थापन गर्न २ वटा दमकलको व्यवस्था गरेको छ।

### २.२.५ सुशासन तथा संस्थागत व्यवस्था

#### क. स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था

ऐतिहासिक नगरको रूपमा परिचित इनरुवा नगरपालिकाले पहिलो जननिर्वाचित पदाधिकारीको पाँच वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। यस अवधिमा कुल २७ वटा कानून निर्माण गरिएको छ। जसअन्तरगत दैनिक कार्यसम्पादन एवम् सेवा प्रवाहसँग सम्बन्धित व्यवस्था लगायत कृषि व्यवसाय प्रवर्द्धन, सहकारी, फोहोरमैला व्यवस्थापन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, स्वास्थ्य तथा सरसफाई, सेवा प्रवाह तथा सुशासन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा क्षमता विकास जस्ता क्षेत्र रहेका छन्। यस अवधिमा नगरपालिकालाई आवश्यक पर्ने विषय तथा क्षेत्रको निर्देशिका तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन्। सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, योजना तर्जुमा समिति, अनुगमन तथा सुपरीवेक्षण समिति गठन भई योजना कार्यान्वयनमा संलग्न भएका छन्। सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाई गर्ने, आम्दानी खर्चको सार्वजनीकरण गर्ने, सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई-हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार तथा नागरिक बहस जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन्।

#### ख. संगठन तथा क्षमता विकास

नेपाल सरकारबाट सिफारिस संगठन संरचना तथा कर्मचारी दरबन्दी लागु गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ। न्यायीक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन्। नगरपालिका कार्यालयमा शाखा, उपशाखा, एकाई/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन्। यस नगरपालिकाको केन्द्र इनरूवा वजारमा रहेको छ। नगरपालिकाको १० वटा वडाहरू मध्ये ८ वटा वडाहरूको वडा कार्यालय आफ्नै भवनमा सञ्चालनमा रहेका छन् भने २ वटा वडाकार्यालयको भवन निर्माणको क्रममा रहेको छ तर भवनको अवस्था जिर्ण भएकाले ७ वटा वडामा पुनर्निर्माण गर्नुपर्ने भएको छ। नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा संघीय शासन प्रणाली, कानून निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्य गरिएको छ।

#### ग. स्रोत परिचालन

स्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नविकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भैरहेका छन्। नगरपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारबाट तथा स्थानीय स्रोतबाट गरि ७५ करोडको हाराहारिमा आ.व. २०७९।०८० मा स्रोत परिचालन गरिरहेको छ।

### घ. योजना व्यवस्थापन

योजना व्यवस्थापनको क्षेत्रमा यस नगरपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल गरेको देखिन्छ। कृषि विकास योजना, उद्यम विकास योजना, खानेपानी तथा सरसफाई योजना तर्जुमाका साथै स्थानीय गौरवका आयोजना छनौट एवम् महत्वपूर्ण आयोजनाको डि.पी.आर. तयार भई कार्यान्वयनमा रहेका छन्। सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ। संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन्। स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सोअनुसार प्रक्रिया तथा नियमपालना अनुगमनको अभ्यास भैरहेको छ।

# परिच्छेद तीन

# दीर्घकालीन सोच तथा अवधारणा

### ३.१ परिचय

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई नगरपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मुख गर्न नगरको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी नगर विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नुनै यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो।

आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ। यसले स्थानीय विकासका साझेदार एवम् सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुऱ्याउँछ। योजना तयार गर्ने क्रममा नगरपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकाय सहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई एक कानुनी दायित्व समेत हो। यस परिवेशमा तयार गरिएको यस आवधिक योजनामा नेपाल सरकार, कोशी प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण तथा दिगो विकासका लक्ष जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरिएको हुँदा आवधिक नगर विकास योजना यस नगरपालिकाको सर्वोच्च योजना हो।

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित गरिएको हुन्छ। नगरपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक नगर विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले नगर क्षेत्रको विकासको लागि विभिन्न तहका उद्देश्यहरू, लक्ष्य, उपलव्धि प्रतिफल निर्धारण गरी उपरोक्तउद्देश्यहरू निश्चित अवधि भित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ। यसले कार्यक्रम र बजेट सहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आमसहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्छ। नगर विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू नगरको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन्।

दीर्घकालीन सोच नगर विकासका लागि मार्गदर्शक भएको हुँदा यो तर्जुमा गर्ने चरणमा नगरपालिकाको मौजुदा समस्या र सवालहरू एवम् उपलब्ध अवसर र सम्भावनाहरूले नगर विकासको दिशा र गति निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्दछन्। यस नगरपालिकाको विकासका लागि प्रमुख अवसर तथा संभावनाहरू देहायअनुसार रहेका छन् :

क) राष्ट्रिय, प्रदेश तथा स्थानीय यातायात र सञ्चारको सहज पहुँच,

ख) पुर्व पश्चिम राजमार्ग तथा इनरुवा विराटनगर सडकसँगको आवद्धता,

ग) उच्च विप्रेषणको प्रवाह,

घ) वराहक्षेत्र तथा रामधुनी लगायत अन्य धार्मिक क्षेत्रसँगको अन्तरआवद्धता,

ङ) प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको उपलब्धता,

च) एतिहासिक नगरपालिका

छ) उर्वर भूमिको व्यापकता,

ज) उद्योग तथा कृषिमा व्यावसायीकरणको विस्तार,

झ) शान्त, स्वच्छ तथा मनोरम वातावरण,

भौगोलिक सुगमताकाकारण बढ्दो बसाइसराईले जनसंख्या वढेतापनि, प्रतिभा पलायन, छरिएको बस्ती, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, अव्यवस्थित पूर्वाधार निर्माण र अव्यवस्थित भू-उपयोगका कारण नगरपालिकाको विकास प्रक्रियालाई नकारात्मक प्रभाव पारेको छ। नगर विकासका प्रमुख समस्या र चुनौतीहरू देहाय बमोजिम रहेका छन् :

क) अव्यवस्थित शहरीकरण,

ख) अव्यवस्थित बस्ती एवम् बजार क्षेत्र विस्तार,

ग) व्यापक बसाई सराइ एवम् उच्च जनसंख्या वृद्धिदर,

घ) जलवायु परिवर्तन, सार्वजनिक क्षेत्र अतिक्रमण एवम् जैविक विविधतामा ह्रास,

ङ) अव्यवस्थित पूर्वाधार एवम् भौतिक संरचनाको विकास,

च) प्रदूषणमा वृद्धि तथा कमजोर फोहोरमैला व्यवस्थापन,

छ) नसर्ने रोगमा वृद्धि तथा अस्वस्थकर जीवनशैलीको व्यापकता,

ज) बैदेशिक रोजगारीमा आकर्षण तथा प्रतिभा पलायन,

झ) प्राकृतिक स्रोतको उपयोगमा असावधानी,

ञ) कमजोर मानव संसाधन विकास तथा विकास व्यवस्थापन,

ट) मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको उपेक्षा,

ठ) अव्यवस्थित सडक सञ्जाल,

ड) लैंङ्गिक तथा सामाजिक विभेदको दुस्प्रभाव,

ढ) वित्तीय अनुशासन तथा योजना अनुशासनको कमजोर अभ्यास,

ण) आन्तरिक स्रोतको न्यूनता।

## ३.२ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त

दीर्घकालीन सोच आगामी २० देखि ३० वर्षसम्मको अवधिमा हासिल हुने अपेक्षा गरिएको विकासको आदर्श अवस्थाको परिकल्पना हो। नेपाल सरकारले दीर्घकालीन सोचका रूपमा **"समृद्ध नेपाल सुखी नेपाली"** लाई लिएको छ। कोशी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच **"स्वच्छ सुखी समुन्नत प्रदेश"** रहेको छ। इनरुवा नगरपालिकाले पनि संघीय तथा प्रदेश सरकारले लिएको दीर्घकालीन सोचलाई मध्य नजर गरी स्थानीय सामर्थ, अपेक्षा तथा अग्रणी क्षेत्र समेतका आधारमा दीर्घकालीन सोच निर्धारण गरेको छ।

नगरपालिकाको दीर्घकालीन सोच तर्जुमाका लागि नगर प्रमुख लगायत कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरु तथा स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरु समेतको सहभागितामा सहभागितामूलक ढङ्गले दीर्घकालीन सोच तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। सो गोष्ठीमा विभिन्न समूहहरूबीच चरणबद्ध छलफल गरी इनरूवा नगरपालिकाको दीर्घकालीन सोच निम्नअनुसार तय गरियो।

| | | | |
|---|---|---|---|
| **दीर्घकालीन सोच** | **“विकासका लागी प्राकृतिक स्रोत, नागरिकको समृद्धि इनरुवाको सोच”** | | |
| **रणनीतिक स्तम्भ** | विकास | प्राकृतिक स्रोत | समृद्धि |
| **प्राथमिकता क्षेत्रहरु** | भौतिक पूर्वाधार | जल | कृषि |
| | सामाजिक विकास | जमिन | उद्योग |
| | संस्थागत सुशासन | जंगल | रोजगारी |

नगरपालिकाको दीर्घकालीन सोचलाई हासिल गर्ने दिशामा उत्थानशील एवम् दिगो पूर्वाधार विकास, व्यावसायिक कृषि, प्रतिस्पर्धी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, विस्तारित औद्योगिकीकरण र सम्मानजनक रोजगारीलाई मध्यनगर गर्दै अवलम्बन गरिने मार्गदर्शक सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्।

### १. आर्थिक विकास

तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी कृषि, उद्योग, पर्यटन तथा प्राकृतिक स्रोतको उपयोग तथा परिचालनलाई प्रभाबकारी गराइनेछ। स्थानीयस्तरमा स्थापना हुनसक्ने ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योग स्थापना तथा सञ्चालनका लागि व्यवस्थित पूर्वाधार तथा सहुलियत लगायतका प्रोत्साहनलाई प्रभावकारी गराइनेछ। क्षमता विकास तथा सफल अभ्यासहरूको अनुशरणमार्फत उद्यमशीलताको विकास र स्थानीय वस्तु तथा सेवाको विशिष्टीकरण गरी अर्थतन्त्रलाई चलायमान एवम् सुदृढ बनाइनेछ। स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न बीमा तथा बजारीकरणको अवधारणालाई प्रभावकारी रूपमा अनुसरण गरी स्थानीय उत्पादनलाई मूल्य श्रृङ्खलाको अवधारणासँग आवद्ध गरिनेछ। आर्थिक क्षेत्रको विस्तार तथा विकासका लागि स्थानीय समुदाय तथा व्यवसायी, नेपाल सरकार, प्रदेश सरकार, नीजि क्षेत्र लगायत नगर विकासका सरोकारवालाहरूसँग आवश्यक सहकार्य गरिनेछ। ऐतिहासिक एवम् सांस्कृतिक क्षेत्र र मनोरम प्राकृतिक विशेषता बोकेका क्षेत्रमा ग्रामीण पर्यटनको प्रवर्द्धन गरिनेछ।

## २. योजनावद्ध विकास, वित्तीय अनुशासन तथा योजना अनुशासन

नगर विकासको प्रकृयालाई व्यवस्थित रूपमा गति दिन समग्र विकास प्रकृयालाई नतिजामूखी तुल्याइ योजनावद्ध रूपमा अगाडी बढाइनेछ। आवधिक, रणनीतिक तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई नतिजामूखी बनाइने छ। सडक आवद्धता तथा भौगोलिक अनुकूलताको आधारमा कृषि, पशुपालन, उद्योग, बजार, तथा व्यवस्थित आवास क्षेत्रका रूपमा विकास गरिनेछ।

वित्तीय खर्चमा शुद्धता ल्याउन, कानूनको पालना गर्न, कारोवारमा निष्पक्षता कायम गर्न, उपलब्ध स्रोत साधनको अधिक्तम उपयोग गर्न, सदाचारिता प्रवर्द्धन गर्न, तोकेको ढाँचा र प्रक्रियामा रही वित्तीय स्रोत साधनको खर्च गर्न र सार्वजनिक खर्च प्रणालीलाई प्रतिस्पर्धी बनाउनका लागि वित्तीय अनुशासन कायम गरिनेछ। आयोजनाको समयमै कार्यान्वयन हुने वातावरणको तयारी गरिनेछ भने पदाधिकारी एवम् कर्मचारीका गतिबिधिमा सदाचारिता र पारदर्शिताको अभिवृद्धि गरिनेछ। वैज्ञानिक एवम् व्यवस्थित भू-उपयोगको प्रवर्द्धनका लागि राष्ट्रिय भू-उपयोग नीति, २०७२ र भूमि ऐन, २०७६ बमोजिम भू-उपयोग क्षेत्र निर्धारण गरिनेछ। नगर विकासको दीर्घकालीन सोच उन्मुख हुने गरी आवधिक योजनाका आधारमा परियोजना बैंक, मध्यमकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरी वार्षिक योजनामार्फत कार्यान्वयन गरिनेछ।

## ३. विकासमा साझेदारी तथा सहकार्य

स्थानीय सरकारको नेतृत्वमा आवधिक योजनाको लक्ष्य हासिल गर्न नगर विकासका सरोकारवाला सबैको साथ र सहयोगलाई उच्चतम महत्व दिइनेछ। स्थानीय तथा वाह्य स्रोत तथा साधनको उचित उपयोगका लागि स्थानीय समुदाय, अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र विकास साझेदार संस्थासँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी वनाइने छ। पूर्वाधार क्षेत्रको विकास, उद्यमशिलता विकास, कृषि क्षेत्रको आधुनिकिकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यका अवसर सृजना, विपद् व्यवस्थापन, पछाडी परेको वर्गको मुल प्रबाहीकरण र खानेपानी तथा सरसफाई लगायतका क्षेत्रमा सहकार्य तथा साझेदारीको नीति अवलम्वन गरिनेछ। नगर क्षेत्रमा स्थापना हुने उद्योगका लागि कर सहुलियत एवम् आवश्यक पूर्वाधार निर्माणमार्फत आकर्षित गरिनेछ।

## ४. मानवीय विकास एवम् जीवनस्तरमा दिगो सुधार

मानव विकासका आधारभूत पक्षका रूपमा रहेका शिक्षा, स्वास्थ्य एवम् आर्थिक समृद्धि जस्ता सबालहरूमा उच्चस्तरको उपलब्धि हासिल गर्न विकास प्रकृयाको मुख्य आधारका रूपमा लिइनेछ। प्रतिस्पर्धी एवम् गुणस्तरीय शिक्षा, उच्चस्तरको स्वास्थ्य सेवा र विस्तारित आर्थिक अवसरलाई विकास प्रकृयाको मार्गदर्शकका रूपमा स्थापित गरिनेछ। नेपालले लिएको दिगो विकासको लक्ष्य हासिल गर्न स्थानीय तहबाट अधिकतम सहयोग हुने गरी गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा आम्दानीका अवसरमा वृद्धि गर्न आवश्यक पूर्वाधार, संरचना एवम् जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराइनेछ। जीवनशैलीजन्य आनिवानीलाई सुधार गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। व्यक्तिको आयस्तरमा दिगो सुधार गर्न क्षमता विकास र आर्थिक अवसरहरूमा वृद्धि गरिनेछ।

## ५. समावेशी तथा समतामूलक विकास

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको राष्ट्रिय नीतिलाई विकास प्रकृयाको मुलभूत अन्तरसम्बन्धित सवालको रूपमा अवलम्बन गरिनेछ। विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यावहारिक प्रयासहरूलाई प्रभावकारी वनाइनेछ। आर्थिक एवम् सामाजिक रूपमा पछाडी परेका अति विपन्न, असहाय, जेष्ठ नागरिक,

द्वन्द्व पिडित, दलित, महिला, बालबालिका, जनजाति आदिवासीका लागि आत्मसम्मानपूर्वक जीवनयापनको सुनिश्चितता गर्न सामाजिक सुरक्षाको विशेष व्यवस्था गरिनेछ। लक्षित वर्गको चेतना अभिवृद्धि एवम् क्षमता विकासमार्फत आत्मनिर्भरताका अवसर सृजना गर्न व्यावसायिक तालिम तथा प्रविधिको उपलब्धता र प्रोत्साहन तर्फ विशेष ध्यान दिइनेछ।

**६. दिगो विकास तथा विपद् उत्थानशिलता**

दिगो विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न वातावरणीय सन्तुलन, जीवनस्तर सुधार, सामाजिक न्याय र जलवायु परिवर्तन प्रतिकार्यलाई समग्र विकास प्रकृयामा आन्तरिकीकरण गरिनेछ। पूर्वाधार निर्माणको मापदण्ड तयार गरी दिगो, वातावरणमैत्री तथा व्यवस्थित पूर्वाधार निर्माणको वातावरण तयार गरिनेछ। विभिन्न किसिमका महामारी, बाढी, डुबान र अन्य विपदबाट जनजीवनलाई जोगाउन विपद् व्यवस्थापनको रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ। स्थानीय समुदायलाई महामारी, जल उत्पन्न प्रकोप, आगलागी, खडेरी र भुकम्पजस्ता विपद् जोखिमबाट जोगाउन आवश्यक क्षमता विकास गरी विपद् व्यवस्थापनका सबै चरणसँग अभ्यस्त गराइनेछ। जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई कम गर्न जलवायू परिवर्तन प्रतिकार्य कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। संरचना निर्माण तथा आयोजना सञ्चालन गर्दा वातावरणमैत्री प्रविधिलाई प्राथमिकता दिइनेछ।

**७. जनशक्ति व्यवस्थापन तथा जनमूखी सेवा प्रवाह**

उपलब्ध जनशक्तिको अद्यावधिक स्थिति र आवश्यकताको योजना, प्राप्ति, उपयोग, विकास, मर्मत सम्भार, एकाकार तथा अवकाश जस्ता पक्षलाई मध्यनजर गर्दै जनशक्ति व्यवस्थापनलाई वैज्ञानिक एवम् समय सापेक्ष बनाउन संगठन व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरिनेछ। जनशक्तिको विवेकपूर्ण उपयोग एवम् मानव स्रोत व्यवस्थापनको समग्र पक्षलाइ ध्यान दिई संगठन विकास योजना तर्जुमा गरिनेछ। सूचना प्रविधिको उच्चतम उपयोगबाट चुस्त, छरितो एवम् सेवाग्राहीमैत्री सेवा प्रबाह, कार्य सम्पादन र आयोजना कार्यान्वयनको आधार तयार गरिनेछ। कार्यदक्षता अभिवृद्धि, कार्य सम्पादनमा गुणस्तरीयता र समयपालनाको सुनिश्चितताका लागि आवश्यक जनशक्ति व्यवस्था, यथोचित स्रोत साधनको उपलब्धता, क्षमता विकास एवम् प्रोत्साहन मुख्य माध्यमका रूपमा लिइनेछ। प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गर्न नगर कार्यपालिका कार्यालयलाई नीति तथा विकासको केन्द्र र वडाको केन्द्रलाई विषयगत सेवा केन्द्रको रूपमा विकास गरिनेछ।

**८. सुशासन, सदाचार तथा जवाफदेहिता**

सुशासनलाई समृद्धिको पूर्वसर्तका रूपमा लिइ जनउत्तरदायी स्थानीय सरकार, शासन प्रक्रियामा पारदर्शिता अवलम्बन, कानून तथा विधिमा आधारित शासन, जवाफदेही शासन सञ्चालन, प्रशासनको सरलीकरण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता, समावेशितामा आधारित न्यायपूर्ण समाज निर्माण, भ्रष्टाचार रहित गतिविधि, दण्डहीनताको अन्त्य र कानूनको परिपालनालाई स्थानीय शासन सञ्चालनमा उच्च महत्व दिइनेछ। सदाचारीताको प्रोत्साहनका लागि दण्ड तथा पुरस्कारको व्यवस्था गर्दै अनियमिता माथी नियन्त्रण गरिनेछ। सामाजिक जवाफदेहिताका औजारहरूको अभ्यासलाई प्रभावकारी गराउँदै सदाचार प्रवर्द्धनमा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ।

**९. खोज, अनुसन्धान एवम् नवप्रवर्तन**

सम्पदा पहिचान एवम् संरक्षण, रोजगारी विस्तार, उत्पादन तथा आयमा वृद्धि, उद्यमशिलता विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सेवा प्रवाह र पूर्वाधार निमार्णमा खोज अनुसन्धानका निष्कर्ष एवम् सफल प्रारूपहरूको अनुसरण गरिनेछ। नविनतम खोज, अनुसन्धान एवम् नवप्रवर्तनलाई नीतिगत एवम् व्यावहारिक रूपमा प्रोत्साहित गरिनेछ। अनुसन्धानकर्ता व्यक्ति, विश्वविद्यालय र संस्थालाई अनुसन्धान एवम् खोजको लागि अनुकूल परिवेश तयार गरिनेछ।

स्थानीय मौलिक ज्ञान, अनुभव र सफल अभ्यासको पहिचान गरी अनुकरणीय ज्ञानलाई तत् तत् क्षेत्रको प्रवर्द्धनका लागि अनुसरण गरिनेछ। आधुनिक सूचना प्रविधि तथा विज्ञानका क्षेत्रमा हासिल भएका उपलब्धिलाई स्थानीयताको अनुकूल हुनेगरी अवलम्बन गरिनेछ।

### ३.३ लक्ष्य र उदेश्य

नगर विकासको दीर्घकालीन सोच **"विकासका लागी प्राकृतिक स्रोत नागरिकको समृद्धि इनरुवाको सोच"** हासिल गर्ने आधार योजनाका रूपमा प्रथम आवधिक योजना रहनेछ। दीर्घकालीन सोच हासिल गर्ने दिशामा प्रथम आवधिक योजनका लक्ष्य हासिल गर्न यस आवधिक योजनाले लिएको उद्देश्यहरू देहाय बमोजिम रहेको छ :

- सुखी, समृद्ध नगरपालिका निर्माणका लागि सक्षम स्थानीय अर्थतन्त्र निर्माण गर्नु,
- शिक्षित, स्वस्थ, सक्षम र विभेदरहित समाजको निर्माण गर्नु,
- स्थानीय भौगोलिक, आर्थिक विशिष्ठतामा आधारित सुव्यवस्थित, उत्थानशील पूर्वाधारयुक्त शहर निर्माण गर्नु,
- संरक्षित, सुव्यवस्थित वन, वातावरण र विपद् उत्थानशील समुदाय निर्माण गर्नु,
- सुशासित, सङ्गठित र सबल नगरपालिका निर्माण गर्नु।

### ३.४ समष्टिगत रणनीति

नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र रणनीतिहरू देहायअनुसार रहेका छन्:

- तुलनात्मक लाभका कृषि, पशुपन्छीको व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गरी आर्थिक वृद्धिलाई उच्च तथा आर्थिक वितरणलाई फराकिलो बनाउने,
- स्थानीय समुदायमा रहेको उत्पादनशील क्षेत्रको ज्ञान, सीप प्रवर्द्धन गर्न आवश्यकताअनुसार पूँजी, प्रविधि र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी युवा वर्गलाई स्थानीय आर्थिक क्षेत्रमा आकर्षित गर्ने,
- जिवनपयोगी शिक्षाको प्रवर्द्धन र शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर एवम् पहुँच सुधार गरी सक्षम, सबल मानव संशाधनको विकास गर्ने,
- सामाजिक सुरक्षामा लक्षित समुदायको पहुँच र उपभोग सुनिश्चित गर्ने,
- एक घर एक धारा कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने तथा सामुदायिक सरसफाइप्रति स्थानीय समुदायलाई सजग, सचेत बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,
- भौतिक योजना तथा पूर्वाधार क्षेत्रको विस्तारमा स्थानीय अर्थतन्त्रको प्रवर्द्धन तथा स्थानीय समुदायको जीविकोपार्जनलाई सहज बनाउने विषयलाई प्राथमिकता दिने,
- स्वच्छ ऊर्जाको सहज पहुँच वृद्धि गर्ने र उत्पादनशील क्षेत्रमा विद्युतको उपभोग प्रवर्द्धन गर्ने,
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने,
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने।

### ३.५ रूपान्तरणका प्रमुख सम्वाहक

दीर्घकालीन सोच उन्मुख रही आवधिक योजनाले निदृष्ट गरेको लक्ष्य हासिल गर्न देहाय बमोजिम आर्थिक सामाजिक रूपान्तरणका सम्वाहकककाहरु आत्मसात गरिनेछ। सम्वाहकलाई आवधिक योजनाको प्राथमिकताका क्षेत्रका रूपमा लिइ तद्अनुरूप साधन तथा स्रोतको व्यवस्था गरिनेछ।

- गुणस्तरीय सडक सञ्जाल, सूचना प्रविधि विस्तार र दिगो पूर्वाधार विकास,
- कृषि तथा पशुजन्य व्यवसायको विकास तथा विस्तार,
- उत्पादन, उत्पादकत्व, रोजगारी र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
- व्यवस्थित भू-उपयोग र दिगो, सुरक्षित एवम् व्यवस्थित बस्ती विकास,
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् उत्थानशीलता,
- गुणस्तरीय मानवपुँजी निर्माण, नवप्रवर्तन, सीप तथा उद्यमशीलता विकास,
- समावेशीकरण, सामाजिक न्याय तथा सामाजिक सुरक्षा,
- सुशासन, शासकीय सुधार तथा योजनावद्ध विकास।

### ३.६ प्रमुख परिमाणात्मक लक्ष्य

राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यको आधारमा दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य मापनको प्रमुख सूचक समावेश गरी विकासको परिमाणात्मक लक्ष्य तय गरिएको छ। परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तहसम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहायअनुसारको परिमाणात्मक लक्ष्य तय गरिएको छ।

तालिका नं.३.१ : प्रमुख परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | एकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | कोशी प्रदेश | इनरूवा | नेपाल | कोशी प्रदेश | इनरूवा |
| क.. | समष्टिगत, लक्ष्य, गन्तव्य तथा सूचक | | | | | | | |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५७१ | ०.५०४ | ०.५६३ | ०.६२४ | ०.६०० | ०.६१० |
| २ | औसत आयु | वर्ष | ७१.७ | ७०.७ | ७०.७ | ७३.० | ७३.१ | ७०.७ |
| ३ | ग्राहस्थ प्रतिव्यक्ति आम्दानी | यु.एस. डलर | ८४३ | ९५४ | ९५४ | ९५० | १६२० | १६२० |
| ४ | साक्षरता दर | प्रतिशत | ७६.२ | ७९.७ | ७५.३ | ८० | ९९ | ९९ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ११.४ | १०.२ | १०.२ | ४.४ | ५.४० | १०.२ |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७.१ | १२.४ | १२.४ | १२.० | ११ | १२.४ |
| ख | विषय क्षेत्रगत, लक्ष्य, गन्तव्य र सूचक | | | | | | | |
| १ | कुल भूमिमा वन/हरियाली क्षेत्र | प्रतिशत | ४१.५९ | ४३.२४ | ० | - | ४४.७४ | १ |
| २ | कूल उद्योग व्यवसाय | संख्या | ३४०८ | - | - | ४००० | - | - |
| ३ | पर्यटन आगमन (हजारमा) | संख्या | ११९७ | - | - | ३००० | - | - |
| ४ | स्वच्छ खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | - | ४९.५ | १५ | - | ६५ | २५ |
| ५ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ८१.०३ | १०० | ९५ | १०० | १०० |
| ६ | सिंचित क्षेत्रफल | प्रतिशत | ३० | ५१ | ६० | ४० | ७० | ८० |
| ७ | उपलव्ध सडक लम्वाई | कि.मी | १७८९० | ११२३३ | | २०२०० | १२५०० | |
| ८ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४४.८ | ४४.८ | ६० | ५० | ५० |
| ९ | कम तौल भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | २०.० | - | - | १० | - | - |

## ३.७ गौरवका आयोजना तथा कार्यक्रम

यस नगरपालिकाको समग्र सामाजिक आर्थिक पुनरुत्थान, सन्तुलित विकास, पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणमा बहुप्रभाब पार्ने आयोजना तथा कार्यक्रमलाई नगरपालिकाको गौरवको आयोजनाको रूपमा

यस योजना अवधिमा अध्ययन तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ। नगरपालिका गौरवका आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ।

**तालिका नं. ३.२ : नगर गौरवका आयोजनाहरू**

| क्र.स | कार्यक्रम तथा आयोजना | एकाई | भौतिक लक्ष्य | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम सञ्चालन स्थल |
|---|---|---|---|---|---|
| क. | प्रस्तावित नगर गौरवका आयोजना) | | | | |
| १ | रंगशाला | संख्या | १ | १००००० | वडा नं. १ |
| २ | त्रिवेणी पार्क | संख्या | १ | १००००० | वडा नं. ४ र ८ |
| ३ | कृषी उपज थोकवजार | संख्या | १ | ७०००० | वडा नं. ४ |
| ४ | कवर्ड हल | संख्या | १ | १००००० | वडा नं. ६ |
| ५ | सभाहल | संख्या | १ | ३०००० | वडा नं. ...... |
| ६ | स्वर्गद्वारी घाट | संख्या | १ | १५००० | स्वर्गद्वारी घाट |

# परिच्छेद चार
# आर्थिक विकास क्षेत्र

## ४.१ पृष्ठभुमि

संविधानमा व्यवस्था गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ। यो भूमिका निर्वाह गर्न स्थानीय सरकारले संबिधानको परिधिभित्र रहेर संघ र प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई सहयोगी हुने दिर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अगाडि बढ्नुपर्ने देखिन्छ। नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन सहकारी, पर्यटन जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू (दिगो विकासको लक्ष्य नं. १ गरिबीको अन्त्य अन्तर्गत; कुनै पनि प्रकारको गरिबीमा बाँचेका मानिसहरूको अनुपातलाई कम्तीमा आधा कम गर्ने, सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागु गर्ने, गरिब तथा जोखिममा रहेकाहरूलाई उल्लेख्यरूपमा समेट्ने, गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमताका निर्माण गर्ने, वातावरणसँग सम्बन्धित विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्सँगको उनीहरूको संसर्गलाई न्यून गर्ने, लक्ष्य नं. ८ मर्यादित काम तथा आर्थिक वृद्धि अन्तर्गत; अति कम विकसित मुलुकहरूमा राष्ट्रिय परिस्थितिअनुसार प्रतिव्यक्ति आर्थिक वृद्धि, कम्तीमा ७ प्रतिशत वार्षिक कुल ग्राहस्थ उत्पादन (जीडीपी) वृद्धि कायम राख्ने, सबै महिला र पुरुषका लागि पूर्ण एवम् उत्पादनशील रोजगारी तथा मर्यादित कामका साथै समान कामका लागि समान ज्याला हासिल गर्ने, दिगो पर्यटन प्रवर्द्धनका लागि नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने जसबाट रोजगारी सिर्जना हुनुका साथै स्थानीय संस्कृति तथा वस्तुहरूको उत्पादन प्रबर्द्धन, लक्ष्य नं. १० न्यून असमानता अन्तर्गत; उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रवर्द्धन गरी त्यसलाई सशक्त पार्ने, विभेदपूर्ण कानुन, नीति र प्रचलनहरूको अन्त्य तथा तत्सम्बन्धी उपयुक्त कानुन, नीति र प्रचलनको प्रबर्द्धन गर्नेलगायतका काम गरी सबैलाइ समान अवसर सुनिश्चित गर्ने र परिणाममा असमानता कम गर्ने, क्रमशः बृहत्तर समानता हासिल गर्न वित्तीय, ज्यालासम्बन्धी र सामाजिक संरक्षण नीतिहरू अवलम्बन गर्ने) सँग जोडिएका छन्।

यसलाई मध्यनजर गरि यस इनरुवा नगरपालिकाको आर्थिक विकासका प्रमुख क्षेत्रहरू कृषि, पशु, उद्योग व्यवसाय, जलस्रोत परिचालन जस्ता आर्थिक क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतीको विश्लेषण अवलम्वन गर्नु पर्ने रणनीति र प्रमुख कार्यक्रम तल प्रस्तुत गरिएको छ।

## ४.२ कृषि तथा खाद्य सुरक्षा

### ४.२.१ सम्भावना तथा अवसर

यस इनरुवा नगरपालिकाको खेतीयोग्य जमीनको ७० प्रतिशत भन्दा वढि जमिनमा खेति गरिएको छ। नगरपलिकाको नीतिले गर्दा समान प्रकारको र सबैलाई बराबरी हुने भनिएता पनि विभिन्न कारणहरुले गर्दा कृषि यन्त्रहरुको प्रयोग सवैमा पुग्न सकेको छैन। नगरपालिकाको आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको लागि नगरपालिकाबाट किसानहरूले अनुदान न्युन मात्र प्राप्त गरेका छन। हाल नगरपालिका क्षेत्रभित्र ४० वटा कृषि फार्म सञ्चालनमा रहेका

छन् भने १० वटा एग्रोभेट सेन्टर सञ्चालनमा छन्। नगरपालिकामा कृषी फर्मको संख्यामा उल्लेख्य बृदि गर्न सके आर्थिक विकासमा फड्को मार्न सजिलै सकिन्छ।

नगरबासीहरुको पेशागत निर्भरतालाई हेर्दा ६० प्रतिशत घरपरिवार कृषि तथा पशुपालन पेशामा निर्भर रहेको छ। नगरपालिकामा सामुहिक खेति प्रणालीको पनि अभ्याससुरु भएको छ। नगरपालिका भरिमा १५ वटा कृषक समूहमा रहेका छन् भने २२५ जना कृषक समुहमा आवद्ध भएका छन्। यस नगरपालिकामा कृषि सहकारीहरु सञ्चालनमा रहेका छन् र त्यस्ता सहकारीहरुमा ६०० सदस्य आवद्ध रहेको छ। कृषि प्राविधिकको रुपमा वडास्तरमा २ जना मात्र कृषि जे.टि.ए. परिचालन भइ स्थानीय स्तरमा सेवा प्रवाह गरेका छन र यो संख्या आवस्यकता भन्दा निकै कम हो। नगरपालिकाले कृषि प्राविधिकहरुको संख्या बढाएर कृषि उत्पादनमा देखिएका समस्याहरुको निराकरण गर्न जरूरि देखिन्छ। नगरपालिकामा प्रारम्भिक माटो परीक्षण सेवा सहज र सुचारु गरी उत्पादनमा वृद्धि गर्नका लागि कार्ययोजना वनाउन सकिन्छ। नगरपालिकाले आफ्नो उत्पादनको लागि बजारीकरण गर्न सकेमा यहाँको कृषि क्षेत्र निर्वाहमुखीबाट व्यवसायमुखी भई समग्र नगरपालिकाको आर्थिक विकासको एउटा खम्बाको रुपमा स्थापित हुन सक्छ। हाल नगरपालिकाका अगुवा कृषकहरू भने व्यावसायिक रुपमा क्रियाशील रहेका छन। नगरपालिकामा शीतभण्डार गृह स्थापना गरी उत्पादित तरकारी तथा फलफूलहरु भण्डारण गरेर लामो समय सम्म खपत गर्न सकिने सम्भावना रहेको छ। कृषि सङ्कलन केन्द्रलाई व्यवस्थित गरि तरकारी खेती तथा नगदेवाली प्रति आकर्षण गर्न सकिन्छ। यस नगरपालिका बिभिन्न वडाहरुमा उत्पादन हुने अन्न वालीमा धान, मकै, गहुँ आदि प्रमुख हुन्। यो नगरपालिका तराइक्षेत्रमा उत्पादन हुने सवै वालिको उत्पादन हुन सक्ने सम्भावना रहेको छ।

### ४.२.२ समस्या र चुनौती

इनरुवा नगरपालिकाको आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा खाद्य सुरक्षा सम्वन्धी तथ्याङ्कहरुको अभिलेखिकरण नभएको कारण कृषिसँग जोडिएका विकास निर्माणका कार्यक्रम सञ्चालन गर्न चुनौतीको सामना गर्नु परेकोछ। नगरपालिका क्षेत्रमा कृषिसँग सम्बन्धित् कार्यक्रमहरु कृषक सम्म प्रसारको कमि भएका कारण कृषिको विकास मन्दगतिमा मात्र अघि बढिरहेको छ। साना किसानहरुलाई विभिन्न प्रकारका अनुदानका कार्यक्रमहरुको कमि रहेको छ। नगरपालिकाको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि लाई प्राथमिकतामा राखेर अगाडी बढाउन सकिएको छैन।

प्रविधि, प्रसार, प्रोत्साहन जस्ता विषयहरुलाई जोड दिन सकिएको छैन यसले गर्दा कृषी क्षेत्रमा विकासको रफ्तारले तिब्रता लिन सकेको छैन। नगरपालिकाको उर्वर कृषिक्षेत्रमा पर्याप्त सिंचाई संरचना निर्माण गर्न र विधुतीकरणमार्फत सिंचाईको सुनिश्चित गर्न सकिएको छैन। कृषि क्षेत्रमा नगरपालिकाद्वारा अनुगमनको कमीले प्रतिबन्धित औषधीको प्रयोग र विऊ वितरणमा देखिएका समस्याहरुलाई समाधान गर्न सकिएको छैन। खुल्ला सिमानाको कारण बजार व्यवस्थापन हुन सकेको छैन भने कृषिउपजको व्यवसायिकरण र बजारीकरणको कमि रहेको छ। वडामा आवश्यक संख्यामा जे.टि.ए. नभएकोले सेवाप्रदान गर्न कठिनाइ भएको तथा उत्पादित वस्तुको भन्डारण गर्न नगरपालिकामा सितभण्डारको निर्माण गर्न सकिएको छैन। कृषि केन्द्र स्थापना गरी व्यवस्थित रुपमा सञ्चालन गर्न सकिएको छैन। यस नगरपालिकामा माटोको परिक्षणको अभ्यास भएको छैन।

## ४.३ सिंचाई विकास

### ४.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

इनरुवा नगरपालिकामा सिंचाई सुविधाको लागि १० वटा नहर रहेको छन्। प्रायः सबै वडामा सिंचाई सुबिधा प्राप्त भए पनि करिब ५० प्रतिशत जमिन मात्र बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध रहेकोछ।

सिंचाई प्रणालीलाई प्रवर्द्धन गरेर सिंचाई विधुतीकरणमार्फत सबै खेति योग्य जमिनमा सिंचाई गर्न सकिने सम्भावना रहेको छ। यस नगरपालिकामा भुमिगत तथा सतहजलस्रोतको उपलव्धता पर्याप्त भएकोले सिंचाई लगायत माछा पालन, पर्यटन प्रवर्द्धन जस्ता अन्य क्षेत्रमा जलस्रोतको उपयोग गरी नगरपालिकाको आर्थिक विकास गर्न सकिने अवसर छ।

### ४.३.२ समस्या र चुनौती

यस नगरपालिकामा सिंचाई योजनाहरु सञ्चालन गर्न भौगोलिक कारणले लागत कम र पानीका स्रोतहरु पनि पर्याप्त रहेतापनि पुरै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न नसक्नु यस नगरपालिकाका प्रमुख चुनौती रहेका छन। नगरपालिकामा वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ नहर तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भार हुन नसक्नु र सिंचाईमा बिधुतिकरणको नीति अवलम्वन गर्न नसक्नु, पानीको स्रोतको उचित व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

## ४.४ पशुपन्छी विकास

### ४.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

नगरपालिकामा पशुपन्छीको क्षेत्रमा १०७ वटा फार्म सञ्चालनमा रहेका छन्। दुधमा आत्मनिर्भर बन्ने उद्देश्यले नगरपालिकाक्षेत्रमा ९ वटा दूग्ध उत्पादक सहकारीहरु स्थापना भई सञ्चालनमा रहेका छन्। पछिल्लो समयमा कृषि व्यवसायीहरु पशुपालनतर्फ आकर्षित बन्दै गएका छन् जसको परिणाम स्वरूप १०७ जना कृषकहरू व्यावसायिक पशुपालनमा संलग्न रहेको तथ्याङ्क छ। नगरपालिकामा लगभग ६० प्रतिशत घरपरिवार पशुपालनमा संलग्न रहेको देखिन्छ। नगरपालिका क्षेत्रमा पशुपालनको अवस्था हेर्दा गाई/गोरुको संख्या उच्च रहेको देखिन्छ।

नगरपालिकाको वडास्तरमा जम्मा २ जना मात्र पशु प्राविधिक परिचालन भइरहेका छन् यो संख्या थप गरी प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा पशुपन्छी फार्महरू सञ्चालन गरी आर्थिक क्षेत्रमा आमुल परिवर्तन गर्न सक्ने अवसर रहेको छ।

### ४.४.२ समस्या र चुनौती

इनरुवा नगरपालिकामा प्राविधिक ज्ञानको कमिले गर्दा व्यवसायिक एवम् उन्नत तरिकाले पशुपन्छी पालन हुन नसक्नु, व्यवसायिकरणको कमि हुनु, प्रविधिहरुको कमि, बजार प्रतिस्पर्धा गर्न नसक्नु साना किसानहरुको दर्ताको प्रक्रिया पुरा हुन नसक्नु, पशु हाट नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको कमी, उन्नत घाँस तथा दानाको व्यवस्था नहुनु, सरल कर्जा र बिमाको व्यवस्था नहुनु, आदि यस क्षेत्रका चुनौतीको रुपमा रहेको छ। प्रत्येक वडामा पशु प्राविधिक नहनु, कृषि अनुदानमा सशर्त आनुदानका कार्यक्रम मात्र भएको नगरपालिकाको आन्तरिक बजेट नहुनु, दक्ष जनशक्तिको अभाव रहनु, भेटेरीनरी प्रसार सेवाको कमी हुनु जस्ता पक्षहरु समस्याको रुपमा रहेका छन्।

### ४.५ उद्योग र व्यापार

#### ४.५.१ विद्यमान अवस्था, सम्भावना र  अवसर

इनरुवा नगरपालिकामा १००० भन्दा धेरै साना तथा ठुला व्यवसाय सञ्चालनमा रहेका छन् ति व्यवसायमा ४००० मानिसहरु संलग्न छन्। व्यवसायहरु मध्ये सबैभन्दा ठुलो संख्या किराना पसलको  रहेको छ। यस नगरपालिका क्षेत्रका प्रमुख बजारहरुमा इनरूवा हो। यस नगरपालिकामा वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने संभावना रहेको छ।

#### ४.५.२ समस्या तथा चुनौती

यस नगरपालिकामा कृषि तथा पशुपन्छी उत्पादित कच्चा पदार्थमा आधारित औद्योगीकरणमा जान  सकिएको छैन। जसले गर्दा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा नागरिकहरुलाई आकर्षित गर्न सकिएको छैन। व्यवसायिक सोच र लगानीको कमी, औद्योगिक वातावरणको कमी, व्यवसायिक तालिम तथा प्रशिक्षण र प्रविधिको अभाव, बैंक तथा वित्तिय संस्थाको लगानीमा देखिएको नैराश्यता, स्थानीय स्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको गतिलाई तिब्रता दिन सकिएको छैन।

खुल्ला सिमानाको कारण स्थानीय बजार व्यवस्थित गर्न नसकेकोले भारतीय बजारसँग प्रतिस्पर्धा गर्न सकिएको छैन। नगरपालिकाले बनाउने नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ। उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, बजारीकरणको कमि जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

### ४.६ श्रम तथा रोजगार

#### ४.६.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

इनरुवा नगरपालिकामा रोजगारीका मुख्य क्षेत्रहरु कृषि, निर्माण व्यवसाय, बैदेशिक रोजगारी, निजी क्षेत्र हुन्। यस नगरपालिकामा पहिलो रोजगारीको स्रोत कृषि क्षेत्र हो भने उद्योग, व्यापार तथा व्यवसाय दोश्रो प्रमुख पेशाको रुपमा रहेको छ। सरकारी, गैर सरकारी संस्था, बैंक तथा वित्तीय संस्था, नीजि क्षेत्रले पनि ठुलो संख्यामा रोजगारी शृजना गरेकोछ। यस नगरपालिकाबाट २९०६जना वैदेशिक रोजगारीमा संलग्न रहेका छन्। यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमले पनि रोजगार शृजना गर्न निकै ठुलो योगदान पुर्याएको छ।

#### ४.६.२ समस्या तथा चुनौती

नगरपालिकाले उपयुक्त नीति तथा कार्यक्रम तयगरि कृषिको आधुनिकीकरण गर्न नसकेकोले कृषि क्षेत्रबाट कृषकहरुले पर्याप्त आन्दानी लिन सकिरहेका छैनन्। जसको फलस्वरुप नगरपालिकाको उत्पादनशील मानव संशाधनको प्रयोग कृषि पेशा भन्दा गैर कृषि पेशामा आकर्षण बढ्दो क्रममा रहेको छ। नगरपालिकामा अभिलेख व्यवस्थापनको कमि भएको कारण वास्तविक बेरोजगार को हुन् भनि पहिचान गर्न सकिएको छैन।

नगरका उत्पादनशील मानवस्रोत बिराटनगर, धरान, काठमाडौं लगायतका शहर बजार र विदेश पलायन हुदै गएका छन् भने स्थानीय स्तरमा दक्ष र अदक्ष् दुवै प्रकारको जनशक्तिको अभाव रहेको छ। नगरपालिकामा उद्योग, व्यवसाय, पूर्वाधार क्षेत्रमा लगानी तथा व्यवस्थापन गर्न नसकिएको कारण रोजगारी सिर्जना हुन सकेको छैन। सञ्चालनमा रहेका

उद्योग व्यवसाय पनि कोभिडका कारण लामो समय वन्द हुनाले धराशयी हुने अवस्था सिर्जना भएको छ। जसले गर्दा उपलब्ध आर्थिक तथा रोजगारीको वातावरण पनि संकुचनमा पर्दै गएको छ।

## ४.७ वैक, सहकारी र वित्तीय सेवा

### ४.७.१ विद्यमान अवस्था, संभावना तथा अवसर

यस नगरपालिकाका जनतामा बैंक तथा सहकारी र वित्तीय सेवाको प्रायः सबैमा पहुँच छ। इनरुवा नगरपालिकामा वित्तीय पहुँच तथा सेवाको लागि वाणिज्य बैंक र विकास बैंक समेत २३ वटा बैंक १० भन्दा वढिमात्रामा लघुवित्त संस्था र ६१ वटा सहकारी संस्था रहेका छन्।यी संस्थाहरुबाट मुख्यतः कृषि, व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ। बैंक, सहकारी तथा वित्तीय संस्थाहरुले नगरवासीहरुलाई वित्तीय सुबिधा उपलब्ध गराऊदै आएता पनि लक्षित् वर्गले सुविधा पाउन सकेको छैन।

### ४.७.२ समस्या तथा चुनौती

इनरुवा नगरपालिकामा स्थापित सबै सहकारीहरु सक्रियरुपमा सञ्चालनमा नआएको हुनाले आशा गरे अनुसार मानिसहरुले वित्तीय सेवा पाएका छैनन्। नगरपालिकामा क्षेत्रमा सेवारत वैक तथा वित्तीय संस्थाहरु प्रायः राजमार्गका बजारहरुमा केन्द्रित रहेका छन्। यस नगरपालिकामा सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट कृषि, पशुपालन, उद्योग व्यवसाय क्षेत्रमा लगानीको कमी रहेको छ। समग्रमा, पालिका क्षेत्र भित्रका साना किसान, व्यवसायी, युवा, महिला तथा लक्षित वर्गमा वित्तीय पुँजी तथा सेवाको पहुँच कमी रहेको छ। अझ, कम आय भएका र धितो राख्ने सम्पत्ती नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न सकेको छैन। स्थानीय स्तरमा कार्यगर्ने वैक तथा वितिय संस्थाले स्थानीय सरकारसँग कम मात्रामा सहकार्य गरेको देखिन्छ।

## ४. ८ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.८.१ सोच

नगरपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

**“गतिशिल, समावेशी र तिव्र आर्थिक विकास इनरुवा नगरपालिकाको निकास”**

### ४.८.२ लक्ष्य

इनरुवा नगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

**“उत्पादन, रोजगारी, सम्मानजनक आय सहितको समावेशी आर्थिक विकास गर्ने”**

### ४.८.३ उद्देश्य

नगरपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन् :

१. उच्च मूल्यका कृषि जन्य उत्पादनको व्यवसायीकरण र औद्योगिकरणमा वृद्धि गर्नु,
२. सिंचाईका नहरहरू थप गरि सिंचाई सुविधाको विकास र विस्तार तथा खेतीयोग्य जमीनको संरक्षण गर्नु,
३. पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र औद्योगिकरणमा वृद्धि गर्नु,
४. स्थानीय स्रोत साधनमा आधारित उद्योगहरुको सिर्जना र विकास गर्नु,
५. श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु,
६. स्थानीय जनताहरुको बैंक तथा वित्तीय सेवामा पहुँच अभिवृद्धि गर्नु,

७. संस्कृति तथा पर्यटन क्षेत्रको विकास गर्ने।

### ४.८.४ रणनीति तथा कार्यनीति

यस नगरपालिकाको आवधिक योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गर्न देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछः

**तालिका नं. ४.१: आर्थिक विकासका लागि लिइने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उच्च मूल्यका कृषि जन्य उत्पादनको व्यवसायीकरण र औद्योगिकरणमा वृद्धि गर्नु,** | |
| १.१ वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्रको स्थापना तथा विकास गर्ने। | • नगरपालिकाको प्रत्येक वडामा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• एक वस्ती एक विशेष उत्पादन अन्तर्गत व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र नीजि क्षेत्र परिचालन गरिनेछ।<br>• कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रशोधन केन्द्रको विकास गरिनेछ।<br>• व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न विशिष्ट खाद्यान्न वालीहरु, तरकारी, नगदेवाली, फलफुलजन्य, मसलाजन्य, औषधिजन्य, पुष्प वा फूलजन्य आदिको प्रवर्द्धन तथा विकास गरिनेछ।<br>• रैथाने तथा लोपोन्मुख बीउविजन, नश्ल, कृषि जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ।<br>• युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ।<br>• खेति योग्य जमीनलाई बाँझो नरहने वातावरण निर्माण गर्न नीतिगत व्यवस्था गरिनेछ। |
| १.२ कृषिलाई व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | • कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरुको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ।<br>• तरकारी, मसलावाली, माछा, गाईभैंसी र वाख्रापालनमा केन्द्रित गरी एक वडामा कम्तिमा एक वटा नमूना कृषि फर्म सञ्चालन गरिनेछ।<br>• तरकारी, फलफूल, मसलावाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन, प्रशोधन र चिस्यान केन्द्रको स्थापना विकास र विस्तार गरिनेछ।<br>• कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम सञ्चालनको व्यवस्था गरी जैविक उत्पादन केन्द्रको स्थापना र विकास गर्न प्रयत्न गरिने छ।<br>• नगरपालिकामा क्षेत्र भित्र दुई वडाको केन्द्र बनाइ पाँच वटा वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • फूल, कफी, लसुन, बेसर, सुकमेल लगायत मसला जन्य वालीको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि प्रविधि हस्तान्तरण गरिनेछ। |
| १.३ युवालाई कृषिमा आकर्षित गर्न विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउने। | • जैविक खेतीकालागि युवाहरुलाई तालिम दिइनुको साथै प्रांगारिक मल उत्पादनमा जोड दिइनेछ।<br>• कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधार स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ।<br>• किसानलाई व्यवसायिक कृषिका लागि उत्पादनका आधारमा सहुलियत दरमा ऋण तथा कृषि अनुदान दिइनेछ।<br>• कृषि बिमामा सबै किसानहरुको पहुँच कायम गरिनेछ।<br>• युवा मैत्री कृषि कार्यक्रम, कृषिमा आधारित साना तथा लघुउद्यम विकास कार्यक्रम, युवा कृषि तालिम कार्यक्रम सञ्चालन गरिने छ। |
| १.४ कृषि यान्त्रिकीकरण सहयोग गर्ने। | • संघिय सरकार, प्रदेश सरकार, नीजि क्षेत्रसँग समन्वय गरी कृषकहरुलाई कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारिकरणका प्रविधि हस्तान्तरण गर्ने व्यवस्था गरिनेछ।<br>• कृषि सामाग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारिकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य २ः सिंचाईका नहरहरू थपगरि सिंचाई सुविधाको विस्तार तथा खेतीयोग्य जमीनको संरक्षण गर्नु,** | |
| २.१ हाल सञ्चालनमा रहेका सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने। | • सतह तथा लिफ्ट प्रणालीमा आधारित सिंचाई आयोजनाको अध्ययन, सर्वेक्षण र सञ्चालन गर्न संघिय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।<br>• सञ्चालनमा रहेका सिंचाई आयोजना नहर तथा बाँधको मर्मत सम्भार गरी सिंचाई सुविधालाई सहज र नियमित बनाइनेछ।<br>• सतह र वोरिङ प्रणालिका सिंचाईका नँया आयोजना निर्माण गरी थप क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधाको विस्तार गरिनेछ।<br>• सञ्चालित सिंचाई नहर, पैनी, पोखरी र अन्य आयोजनाको नियमित मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। |
| २.२ वैकल्पिक सिंचाइ सुविधाको विकास र | • अन्तर सरकार संघीय र प्रदेशको सहयोगमा सतह तथा भूमिगत, सिंचाइ सुविधा विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रयोग बढाउने। | • व्यवसायिक तरकारी खेती कार्यलाई प्रवर्द्धन गर्न थोपा तथा फोहोरा सिंचाई सुविधाको लागि अनुदान प्रदान गरिनेछ।<br>• स्थानीय उपभोक्ताहरुको संलग्नतामा नजिकका पेखरी, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गरी आसपासका क्षेत्रहरुमा नियमित र भरपर्दो सिंचाई सुविधा उपलव्ध गराइनेछ। |
| **उद्देश्य ३ः पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र औद्योगिकरणमा वृद्धि गर्नु,** | |
| ३.१ पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र औद्योगिकरण गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | • पशुपन्छीपालन, माछापालन, मौरीपालन र कृषिका अन्य पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• माछा, गाईभैसी, पन्छी र वाखापालनमा केन्द्रित गरी एक उपज एक नमूना पशुपन्छी तथा मत्स्य फर्म सञ्चालन गरिनेछ।<br>• पशु नश्ल सुधारका लागि उन्नत नश्लका प्रजनन् योग्य बोका, बुचा, रागो, साढे वितरण र कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन र विस्तार गरिनेछ।<br>• पशुपालनका लागि खोर, गोठ, आहारा, प्रजनन्, स्वास्थ्य र विमा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।<br>• पशुपालक कृषकलाई व्यवसाय उन्मुख गराउन माग, उत्पादन र प्रतिफलमा आधारित अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• पशुविकास पकेट क्षेत्रका सार्वजनिक र नीजि जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ।<br>• पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाउन नियमित घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३.२. कृषक एवम् पशुपालनमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने। | • साना किसानहरुलाई समूहमा आवद्ध गरी आवश्यकता अनुसार व्यवसाय सञ्चालन सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ।<br>• नगरपालिका क्षेत्रभित्रका पशुपालनमा संलग्न कृषक, कृषि समुह र सहकारी संस्थाहरुलाई व्यवसाय सञ्चालन सम्बन्धि तालिम, अवलोकन भ्रमण र व्यवहारिक ज्ञान प्राप्त हुने खालका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• पशुपालन समूह, सहकारी तथा फार्महरुको सीप तथा क्षमता अभिवृद्धि गर्नुका साथै व्यवसायिक सफलताका लागि सहजिकरण गरिनेछ।<br>• नगरवासीलाई पशुपालन पेशामा आकर्षित गर्न उत्कृष्ट कृषक, पशुपालन समुह, समिति र सहकारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • नगरपालिकाका माद्यामिक विद्यालयमा पशुविज्ञान सम्बन्धी प्राविधिक अध्ययन अध्यापन गराई पशुपालन क्षेत्रमा आवश्यक मध्यस्तरीय जनशक्ति उत्पादन गरी परिचालन गरिनेछ।<br>• कृषकहरुलाई जलवायु परिवर्तनबाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न उनीहरुको क्षमता अभिवृद्धि गराइनेछ।<br>• पशुपन्छीजन्य उत्पादनको वजार प्रवद्र्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवम् अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ। |
| ३.३ पशुपन्छीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि बजार पूर्वाधारको विकास गर्ने। | • पशुपन्छीजन्य उत्पादनको वजार प्रवर्द्धन एवम् निकासी वृद्धि गर्न उत्पादनको विविधिकरणलाई जोड दिइनेछ।<br>• कृषकहरुलाई विभिन्न सीप तथा व्यावसाय प्रवर्द्धन गर्न तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ।<br>• पशुपन्छीजन्य उत्पादनको विविधिकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणमा अनुदानको व्यवस्था गरिनेछ।<br>• पशुपन्छीजन्य उत्पादनहरुको स्थानीय एवम् वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यहरु एकीकृत रुपमा सञ्चालन गरिनेछ।<br>• पशुपन्छीजन्य उत्पादनहरुको बजारीकरण गर्न पशु हाटबजार, संकलन केन्द्र स्थापना तथा विस्तार सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। |
| ३.४ नगरपालिकालाई दुध, मासु तथा माछाको केन्द्रको रुपमा विस्तार गरिनेछ। | • नगरपालिकालाई दुध पकेट क्षेत्रको रुपमा विस्तार गर्न दुग्ध विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>• दुध चिस्यान केन्द्र तथा दुध संकलन केन्द्रको स्थापना तथा विकास गरी निरन्तर स्तरउन्नती गरिनेछ।<br>• माछाको व्यवसायिक बिक्री वितरणको निमित्त शहरी क्षेत्रहरुमा फ्रेश हाउसको स्थापना गरिनेछ।<br>• गोठ सुधार कार्यक्रम तथा घाँस र दाना उत्पादन कार्यक्रम लागु गरिनेछ। |
| ३.५ पशुपन्छी स्वास्थ्य तथा उपचार सेवालाई प्रभावकारी बनाउने | • घरदैलो कार्यक्रम तयगरि पशु सेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज, भरपर्दो र नियमित बनाइनेछ।<br>• नगरपालिकाका सबै वडामा दक्ष पशु प्राविधिकको व्यवस्था गरी पशुपन्छी उपचारको व्यवस्था मिलाइ स्वास्थ्यवर्दक उत्पादनमा जोड दिइनेछ।<br>• आवश्यक खोप, औषधीको व्यवस्था गरि पशुपन्छीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रण गरिनेछ।<br>• मासु विक्री वितरण तथा ओसारपसारका लागि मापदण्ड बनाई त्यसको नियमन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • पशुवधशाला निर्माण गरी स्वस्थ मासुको उपलब्धता गर्नुकासाथै माछा मासुजन्य फोहोरमैलाको व्यवस्थापन गरिनेछ। |
| **उद्देश्य ४: स्थानीय स्रोत साधनमा आधारित उद्योगहरुको सिर्जना र विकास गर्नु** | |
| ४.१. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित उद्योगहरुको विकास र विस्तार गर्ने। | • कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रशोधन र बजारिकरण सम्बन्धी उद्योगको स्थापना र सञ्चालन गरिनेछ।<br>• उधमिलाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।<br>• स्थानीय उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै सीप र प्रविधि हस्तान्तरण गरिनेछ।<br>• परम्परागत सीपको संरक्षण, प्रवर्द्धन गर्दै स्थानीय सीपमा आधारित जुत्ता, हस्तकला, गरगहना, मुर्तिकला, गुन्द्रुक, सिन्की, मस्यौरा आदि उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४.२ लगानी मैत्री वातावारणको निर्माण गर्ने। | • स्थानीय सीपलाई आधुनिकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>• व्यावसायिक चेतना अभिवृदीको लागि सरोकारवालाहरुको समन्वयमा प्रतिष्ठित उद्यमिहरुमार्फत परिक्षण सञ्चालन गरिनेछ।<br>• सबै प्रकारका उद्योगहरुलाई आफ्नो योगदानको आधारमा सम्मान र पुरस्कार को व्यवस्थागरि थप लगानीको वातावरण निर्माण गरिनेछ। |
| ४.३ नगरपालिका क्षेत्रमा औद्योगिक विकासको आधार तयार गर्ने। | • औद्योगिक विकासको ठोस आधार तयार पार्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गरिनेछ।<br>• नगरपालिकाले उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्नेछ।<br>• नगरपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिनेछ।<br>• उद्योग सञ्चालनको लागि ठुला औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारीसँग सम्पर्क र समन्वय गरिनेछ।<br>• औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ। |
| **उद्देश्य ५: श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु** | |
| ५.१ युवालाई लक्षित् गरी उत्पादन र रोजगारी बृदी गर्ने। | • वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारिकरण सम्बन्धी उद्योग व्यवसाय सञ्चालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।<br>• नगरपालिकाक्षेत्रमा रहेका उद्यमीहरुलाई लगानीको वातावरण तयगरि रोजगारमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिनेछ।<br>• युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ।<br>• विभिन्न कारणले बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरूलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगार प्रदान गर्ने उद्देश्यले रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सरकारको स्वामित्वमा रहेको बैङ्कहरूसँग समन्वय गरी युवा तथा महिला उद्यमिका लागी न्यून प्रतिशत व्याजदरमा ऋणको व्यवस्था गरी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरी रोजगार सृजना गरिनेछ। |
| **उद्देश्य ६: स्थानीय जनताहरुको बैंक तथा वित्तीय सेवामा पहुँच अभिवृद्धि गर्नु।** | |
| ६.१ व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने। | • कृषि क्षेत्रमा बैंकिङ लगानी वृद्धि गर्ने नीति लिइनेछ।<br>• वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरि आर्थिक कारोवारका लागि बैंक तथा वित्तीय संस्था मार्फत हुने कारोवारलाई प्रभावकारी बनाइनेछ।<br>• सहकारीहरुको संस्थागत क्षमता सुदृढिकरणको माध्यमबाट आर्थिक सुशासन प्रवर्द्धन अभिवृद्धि गरिनेछ। |
| ६.२ नगरका सबै सर्वसाधारणलाई बैंकिङ कारोवारमा सहज पहुँच कायम गर्ने। | • वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असहाय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ।<br>• वडा र वस्तीस्तरमा व्यवसायिक परामर्श तथा वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य ७: संस्कृति तथा पर्यटन** क्षेत्रको **विकास गर्ने** | |
| ७.१ सम्पदा तथा सांस्कृतिक विशिष्टताको पहिचान, संरक्षण एवम् प्रवर्द्धन गर्ने। | • स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको विवरण संकलन गरी तथा संरक्षण तथा प्रवर्द्धन गरिनेछ।<br>• नगरकार्यपालिका कार्यालयअन्तरगत सम्पदा, कला तथा संस्कृति हेर्ने इकाईलाई कृयाशिल तथा सशक्त गराइनेछ।<br>• ऐतिहासिक तथा सांस्कृतिक सम्पदा तथा संस्कृतिलाई पर्यटनसँग जोडेर प्रवर्द्धनात्मक कार्य गरिनेछ।<br>• स्थानीय मौलिक कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको नियमित आयोजना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ७.२ स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी पर्यटनलाई व्यवसायिकता तर्फ आकर्षित गर्ने। | • नगरपालिकामा स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना गरिनेछ।<br>• मातृभाषाको जगेर्ना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>• स्थानीय पर्यटन प्रवर्दन गर्नका लागि भाषिक साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गरिनेछ।<br>• संस्कार, संस्कृति संरक्षणको लागि डकुमेन्ट्री बनाइने छ।<br>• सांस्कृतिक महोत्सवहरुको आयोजना गरिनेछ। |

## ४.९ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् इनरूवानगरवासी आय तथा रोजगारी अभिवृद्धि मार्फत् आर्थिक समृद्धिको दिशातर्फ अग्रसर भएका हुनेछन्। योजना तर्जुमाका समयमा साना किसानको वार्षिक औसत आयमा वृद्धि हुनेछ। बाह्रै महिना सिंचाइ सुविधा पुग्ने खेतीयोग्य जमीनको क्षेत्रफल ८० प्रतिशत पुग्नेछ। यसैगरी कृषि उपजको मूल्य अभिवृद्धिका लागि कोल्डस्टोर निर्माण भई सञ्चालनमा आएका हुनेछन्। कृषि थोकवजारको स्थापना भइ सन्चालनमा आउने छ। शतप्रतिशत जनसंख्याको उद्योग व्यवसाय क्षेत्र, बैङ्क तथा वित्तीय संस्थाहरूमा सहज पहुँच पुगेको हुनेछ। नगरपालिका क्षेत्रमा एउटा औद्योगिक ग्रामको स्थापनाभई उद्योग कलकारखानाहरू सञ्चालनमा आएका हुनेछन्। यस आवधिक योजनाको कार्यान्वयन पश्चात् आर्थिक विकासका क्षेत्रमा हासिल हुने समग्र अपेक्षित नतिजाहरू, योजना तर्जुमा गर्दाको अवस्था (आधार रेखा), वार्षिक अपेक्षित प्रगति परिमाण, पुष्ट्याइँका आधार तथा पूर्वानुमान एवम् जोखिम पक्ष लाइ अनुसूची २(क) मा उल्लेख गरिएको छ।

## ४.१० प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि

### प्रमुख कार्यक्रम तथा आयोजना

आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ। प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ४.२: आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | आधार वर्ष २०७९/०८० को अवस्था | कुल लक्ष्य (०८४/०८५) | लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | जम्मा | |
| **१. कृषि तथा खाद्य सुरक्षा** | | | | ४४१०० | ४०२१० | ४०३२० | ४६३३० | २९३४० | २००३०० | |
| १.१ च्याउ तथा मौरी प्रोत्साहन कार्यक्रम | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.२ सबै घरमा अनिवार्य करेशाबारी निर्माण कार्यक्रम | वर्ष | ० | २ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १२५० |
| १.३ माटो परिक्षण | वर्ष | ० | ४ | ५०० | ५०० | ५०० | ५०० | ० | २००० | ५०० |
| १.४ बिउ अनुदान | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.५ प्रांगारिक मल/ हरित मल उत्पादन प्रोत्साहन | वर्ष | ० | २ | ५००० | ० | ० | ५००० | ० | १०००० | ५००० |
| १.६ एक वडा एक वालीको कृषि फर्म अनुदान | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.७ कृषि औजार अनुदान कार्यक्रम | वर्ष | ० | ५ | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० | ८००० |
| १.८ बजार व्यस्थापन तथा कोल्ड स्टोर | वर्ष | ० | ५ | १२५०० | १२५०० | १२५०० | १२५०० | ० | ५०००० | १०००० |
| १.९ अभिमुखीकरण तालिम | वर्ष | ० | ५ | १००० | १००० | ० | ० | ० | २००० | ४०० |
| १.१० संकलन तथा प्रसोधन केन्द्र स्थापना | स्थान | ५ | ८ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ३७५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.११ कृषि प्राविधिक प्रवर्द्धन | विद्यालय | १ | २ | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | १५००० |
| १.१२ कृषक, समूह, तथा सहकारी क्षमता विकास कार्यक्रम | संख्या | १० | ५४ | ४०० | ५०० | ६०० | ६०० | ६०० | २७०० | ५० |
| १.१३ हाटबजार व्यवस्थापन कार्यक्रम | स्थान | २ | २ | २०० | २१० | २२० | २३० | २४० | ११०० | ५५० |
| **२. सिंचाई** | | | | **४००००** | **३९०००** | **३९०००** | **३९०००** | **३४०००** | **१५७०००** | |
| २.१ सिँचाई विधुतीकरण (मिटर, मोटर, कुलो, बोरिङ) | वर्ष | ० | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १२०००० | २४००० |
| २.२ साना सिँचाई निर्माण कार्यक्रम | वर्ष | ० | ४ | ५००० | ५००० | ५००० | ५००० | ० | २०००० | ५००० |
| २.४ बैकल्पिक सिंचाई प्रवर्दन कार्यक्रम | संख्या | ० | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | १६००० | ३२०० |
| २.५ जलस्रोत उपयोगको अध्ययन | वर्ष | ० | १ | १००० | ० | ० | ० | ० | १००० | १००० |
| **३. पशुपन्छी विकास** | | | | **३८७००** | **३८७००** | **३७७००** | **३७७००** | **३५७००** | **१८८५००** | |
| ३.१ एक वडा एक प्राविधिक | वर्ष | ० | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० |
| ३.२ कृषि तथा पशुपन्छीको तथ्यांक संकलन | वर्ष | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ३.३ दुध तथा दुग्ध जन्य पदार्थमा अत्मनिर्भरता | वर्ष | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ३.४ उन्नत जातको गाइ/भैसी पालन सम्बन्धि तालिम | वर्ष | ० | ४ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ६२५ |
| ३.५ गोठ सुधार कार्यक्रम | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ३.६ एक गाउँ एक उत्पादन | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ उन्नत घाँस उत्पादन प्रोत्साहन | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| ३.८ उत्पादनको आधारमा अनुदान कार्यक्रम | वर्ष | ० | ४ | ३००० | ३००० | २००० | २००० | ० | १०००० | २५०० |
| ३.९ पशु नस्ल सुधार केन्द्र स्थापना | संख्या | ० | ५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | २०००० |
| **४. उद्योग र व्यापार** | | | | **४१५००** | **५६५००** | **३१५००** | **२१५००** | **१४०००** | **१६५०००** | |
| ४.१ डेरी उद्योग स्थापना | वर्ष | ० | ३ | १०००० | ५००० | ५००० | ० | ० | २०००० | ६६६६.६७ |
| ४.२ माशु तथा माशु जन्य पदार्थमा आत्मनिर्भर | वर्ष | ० | ५ | १०००० | ५००० | ५००० | ० | ० | २०००० | |
| ४.३ कुखुरा पालन | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ४.४ बाख्रा पालन (९ वडा) | वर्ष | ० | ४ | ५००० | ५००० | ५००० | ५००० | ० | २०००० | ५००० |
| ४.५ बंगुर पालन (५ वडा) | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ४.६ भैसी पालन (२ वडा) | वर्ष | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| ४.७ माछा पालन/बजारीकरण (७ वडा) | वर्ष | ० | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० |
| ४.८ बधशाला निर्माण | वर्ष | ० | १ | ० | २५००० | ० | ० | ० | २५००० | २५००० |
| ४.९ माशु पसल व्यवस्थापन | वर्ष | ० | ४ | २५०० | २५०० | २५०० | २५०० | ० | १०००० | २५०० |
| **५ श्रम तथा रोजगार** | | | | **१३६००** | **१३६००** | **१३६००** | **१३६००** | **१३६००** | **६८०००** | |
| ५.१ वेरोजगार तथा विदेशबाट फर्किएका व्यक्तिको लागत संकलन र अध्यावधिक | वर्ष | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.२ नगरपालिका स्तरीय रोजगार योजना तर्जुमा | वर्ष | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ५.३ श्रम बैंकको स्थापना र सञ्चालन | वर्ष | ० | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ४००० |
| ५.४ स्थानीय रोजगार प्रवर्दन कार्यक्रम | वर्ष | ० | ५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ६००० |
| ५.५ युवा लक्षित् रोजगार शिपमुलक कार्यक्रम | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ५.६ शिप प्राप्त युवा युवतीहरुलाई अनुदान कार्यक्रम | संख्या | ० | ५०० | २००० | २००० | २००० | २००० | २००० | १०००० | २० |
| **६. बैंक, सहकारी र वित्तीय सेवा** | | | | **३६००** | **३६००** | **३६००** | **३६००** | **३६००** | **१८०००** | |
| ६.१ बैंक वित्तीय संस्थाहरुसँग समन्व लगानिका क्षेत्रको पहिचान र लगानी | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १००० |
| ६.२ कृषि सहकारी/बहुमुखी सहकारी/महिला सहकारी/समूह परिचालन | वर्ष | ० | निरन्तर | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० |
| ६.३ सामाजिक परिचालन समूह/टोल विकास | वर्ष | ० | निरन्तर | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० |
| ६.४ कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय र वेरोजगार उद्यमशिलता | वर्ष | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | २००० |
| **७ संस्कृति तथा पर्यटन क्षेत्र** | वर्ष | | | ८२०० | ७२०० | ८२०० | ६७०० | ६७०० | **३६५००** | |
| ७.१ पर्यटन गुरूयोजना निर्माण | वर्ष | ० | १ | २००० | - | - | - | - | **२०००** | २००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.२ स्वर्गद्वारी पार्क | वर्ष | ० | ५ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ६००० |
| ७.३ होमस्टे स्थापना | वर्ष | ० | ३ | - | १००० | १००० | ५०० | - | २५०० | ८३३ |
| ७.४ सुचना तथा सन्चार | वर्ष | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ७.५ स्थानीय संस्कृति तथा पर्यटकिय स्थानको डकुमेन्टरी निर्माण | वर्ष | ० | ५ | - | - | १००० | - | - | १००० | १००० |
| **कूल कार्यक्रम जम्मा** | | **०** | **५** | **१८९७००** | **१९१६१०** | **१७३९२०** | **१६८४३०** | **१३६९४०** | **८९७१००** | |
| आर्थिक क्षेत्रका गौरवका योजनाहरू | | | | | | | | | | |
| १.कृषि थोकवजार स्थापना | संख्या | १ | | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | |
| **आर्थिक क्षेत्रमा जम्मा** | | | | **२०९७००** | **२११६१०** | **१९३९२०** | **१८८४३०** | **१५६९४०** | **९९७१००** | |

# परिच्छेद पाँच
# सामाजिक विकास

## ५.१ पृष्ठभूमि

सामाजिक विकास गुणस्तरीय जीवन प्राप्तिमा केन्द्रित विकासको बहुआयामिक अवधारणा हो र यस अवधारणाले मानव जीवनको सर्वोपरी हित तथा गुणस्तरीय जीवनका आधारभूत पक्षमा सकारात्मक परिवर्तन हासिल गर्ने दिशामा केन्द्रित रहन्छ। ईनरुवा नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक विकास योजनाको क्षेत्रगत योजनाका रूपमा सामाजिक विकास योजना व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिवृद्धिमा केन्द्रित रहेको छ। यस क्षेत्रगत योजनाअन्तरगत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, कला तथा संस्कृति गरी कुल ६ उप-क्षेत्रहरू समेटिएका छन्।

नेपालको संविधान, २०७२ ले सामाजिक विकाससँग सम्बन्धित सवालहरूलाई उच्च महत्व दिएको छ। संविधानले मौलिक हक अन्तरगत प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, आधारभूत तहको स्वास्थ्य सेवा तथा पोषण सुविधा, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरिएको छ। यसैगरी, संविधानको राज्य निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग नागरिकको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था रहेको देखिन्छ। विविधतायुक्त भुगोलमा वसोवास गर्ने मधेशी, मुस्लिम, चौधरी र पहाडी समुदायहरूका मानिसहरुको वसोवास रहेको आ-आफ्नै विशिष्ठ संस्कृति र सभ्यताको बाहुल्यता रहेको यस नगरीमा बहुजातिय, वहुभाषिक र वहुसाँस्कृतिक एवम् वहुधार्मिक शौहार्दता र सहकार्यको इतिहास वर्तमानसम्म अक्षुण रहदैआएको छ। यसकिसिमको सामाजिक पृष्ठभुमि भएको नगरपालिकाको समग्र सामाजिक क्षेत्रलाइ आवाधिक योजनाको विषय क्षेत्र अन्तरगत विष्लेशण गरि योजना तर्जुमा गरिएको छ।

सामाजिक विकासको सन्दर्भमा नेपालले लिएको दिगो विकासको लक्ष्य, १५ औं राष्ट्रिय आवधिक योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना र इनरुवा नगरपालिकाका वार्षिक बजेट तथा नीतिकार्यक्रममा शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति संरक्षणसहित महिला, दलित, बालबालिका, सामाजिक न्याय जस्ता विषयहरू उच्च प्राथमिकतामा रहेका छन्। दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, स्वास्थ्य एवम् पोषणमा सहज पहुँच, खानेपानीको सहज उपलव्धता, सबैको मर्यादित जीवनयापनका लागि अवसर उपलब्ध गराउने विषयलाई महत्व दिइएको छ। वर्तमान १५ औं राष्ट्रिय आवधिक योजनाले मुलुकको समग्र विकासका लागि समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनका अवसर सृजना गर्ने सवाललाई विशेष जोड दिएको देखिन्छ।

यस परिच्छेदमा उप-क्षेत्रगत रूपमा सम्भावना, अवसर, समस्या तथा चुनौतीको विश्लेषण लगायत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समावेश गरिएको छ।

## ५.२ विध्यमान अवस्था

### ५.२.१ शिक्षा

#### ५.२.१.१ सम्भावना र अवसर

नेपालको संविधानले मौलिक हक अन्तर्गत आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकारको व्यवस्था गरेको छ। मौलिक हक अन्तरगत मातृभाषामा शिक्षा र आर्थिक तथा सामाजिक रूपमा नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको समेत व्यवस्था गरिएको छ। नेपालले लिएको दिगो विकास लक्ष्यअन्तर्गत सबैका लागि स्वस्थ जीवनको सुनिश्चितता, समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षाको सुनिश्चितता, जीवनपर्यन्त सिकाईका अवसर, लैङ्गिक समानता र सबैका निम्ति खानेपानी एवम् सरसफाईको उपलब्धता जस्ता सवालहरू समावेश गरिएका छन्।

कोशी प्रदेशको साक्षरता ४९.९ प्रतिशत रहेको र २०७८ को जनगणना अनुसार ७९.७ रहेको छ। पुरुष साक्षरता ८६.१ र महिला साक्षरता ७३.६ प्रतिशत रहेको छ। जनगणना २०७८ अनुसार नगरपालिकाको कुल साक्षरता दर ७५.३ रहेको छ जसमा, पुरुषको साक्षरता ८२.९ र महिलाको ६८.१ रहेको छ। नगरपालिकामा विद्यालय शिक्षादेखि उच्च शिक्षाका लागि स्नातक तहसम्म र प्राविधिक शिक्षा हासिल गर्ने शैक्षिक पूर्वाधार रहेका छन्। यस नगरपालिकामाा जम्मा ३० वटा सामुदायिक विद्यालय रहेका छन जसमा ८ वटा माध्यमिक विद्यालय र २२ वटा आधारभुत विद्यालय रहेका छन। विद्यालय स्तरमा ९,७०७ जना विद्याथी अध्ययनरत रहेकोमा ४,८८९ छात्र र ४,८१८ छात्रा रहेका छन। नगरपालिकामा ८१ वटा वाल विकास केन्द्र विभिन्न विद्यलयको मातहातमा सञ्चालनमा रहेका छन। यस नगरपालिकामा १ सामुदायिक पुस्तकालय, १३ वटा विद्यालयमा बुक कर्नरको व्यवस्था, ४ वटा विद्यालयमा स्वच्छ खानेपानीको उपलव्धता रहेको, ८ वटा विद्यालयमा छात्रा मैत्री शौचालय, २८ वटा विद्यालयमा इन्टरनेट सुविधा, विद्यालयमा विज्ञान प्रयोगशाला भएका विद्यालय ६ वटा रहेको २६ विद्यालयमा वि.व्य.स. गठन भएको, अविभावक शिक्षक सङ्घ २६ वटामा गठन भएको र सबै विद्यालयमा दिवा खाजाको व्यवस्था रहेको छ।

शैक्षिक उन्नयनका लागि विद्यालय एक आपसमा समायोजन, शिक्षक प्रशिक्षण, विद्यालय पूर्वाधार निर्माण, खेल तथा शैक्षिक सामाग्री व्यवस्था, सूचना प्रविधिको प्रयोग, छात्रवृद्धिको व्यवस्था, बालविकास केन्द्रहरूको सुदृढीकरण, विद्यालयको नियमन तथा निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्दैं आएको देखिन्छ। स्थानीय सरकारले उच्च शिक्षा तथा प्राविधिक शिक्षालाई प्राथामिकतामा राख्नु, शिक्षामा अविभावकको चासो र सरोकार बढ्दै जानु प्राविधिक तथा उच्च शिक्षामा आकर्षण तथा लगानी बढ्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यान्वियवन हुनु, शिक्षक तालिम र स्नातकोतर कक्षासम्म सञ्चालन गर्ने नगरपालिकाको योजना रहेको छ।

#### ५.२.१.२ समस्या र चुनौती

नगरपालिकाको सबैजसो भूभाग समथर भएको र आवश्यक न्यूनतम सडक सञ्जाल भएकाले बालबालिकाका लागि विद्यालय पुग्न सहज भएता पनि वर्षाको समयमा डुवानले गर्दा अवरोध हुने अवस्था यथावत रहेको छ। प्राविधिक धारका विद्यालयको कमी, ९ वटा वडामा पुस्तकालय नभएको १७ वटा विद्यालयका वुक कर्नर तथा कुनै पनि विद्यालयका ई पुस्तकालय नभएको, २६ वटा विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था नभएकोले वालवालिका

चापाकलको पानी खाने गरेको, २२ वटा विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था नभएको, २ वटा विद्यालयमा इन्टरनेटको सुविधा नभएको, ४ वटा विद्यालयमा वि.व्य.स. तथा अविभावक शिक्षक सङ्घ गठन नभएको, नगरपालिकामा नमुना विद्यालय नभएको, २ वटा माद्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला नभएको, विद्यालयमा बाल क्लब गठन अभ्यास नभएको, धेरै विद्यार्थी भएका विद्यालयमा खाजा व्यवस्थापनमा कठिनाइ रहेको, क्षमता विकासका कार्यक्रमको कमि रहेको छ। नगर कार्यपालिका कार्यालयको सूचना व्यवस्थापन प्रणाली कमजोर रहेकाले सूचनामा आधारित योजना निर्माण गर्न कठिनाइ रहेको छ। सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक गुणस्तर तुलनात्मक रुपमा कमजोर रहेको छ। एकातिर विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर उच्च रहेको छ भने अर्कातिर विद्यालय उमेर समूहका उल्लेख्य सङ्ख्यामा बालालिका विद्यालय बाहिर रहने गरेका छन्।

साक्षरता दरमा भौगोलिक, जातिगत र लैङ्गिक विषमता रहनु, प्राविधिक तथा व्यवसायिक धारका विद्यालय कम हुनु, सार्वजनिक विद्यालयमा विद्यार्थीको औसत सिकाइ उपलब्धि घट्दै जानु, शिक्षण सिकाइ खासगरी विज्ञान गणित, नेपाली जस्ता विषयमा कमजोर हुनु, माध्यमिक विद्यालयमा विद्यार्थीको पहुँचमा लैङ्गिक विषमता व्यापक रहनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय सुशासन पक्ष कमजोर रहनु र गुणस्तरमा समस्या बढ्दै जानु आदि अन्य समस्याका रुपमा देखिएका छन। नगरपालिकावाट लगभग ५०० विद्यार्थी इटहरी र विराटनगरका विद्यालयमा दैनिक अध्ययन गर्न जानु तथा सोही संख्यामा कलेज स्तरको अद्यन गर्न जाने अवस्था रहेको छ। शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायन व्यापक हुँदै गएको छ। विद्यालयमा सरसफाई, कक्षा कोठा व्यवस्थापन, सिकाइ सामाग्री तथा पूर्वाधारको कमी रहेको छ।

नगरपालिकाले प्रयास गर्दा गर्दै पनि हालसम्म नगरपालिकाले शैक्षिक योजना र शैक्षिक प्रोफाइल निर्माण हुन सकेको छैन। नगरपालिकाले निजि विधालयहरुलाई आफनो दायरामा ल्याउन सकेको छैन। नगरपालिकामा निजि विद्यालयको विधार्थी अभिलेख व्यवस्थित गर्न सकिएको छैन। नियमित विद्यालय अनुगमन र समुदाय सर्भेक्षणको कमी रहेको छ। विद्यार्थी तथ्याङ्कको विश्वसनीयतामा कमी छ भने केही विद्यालयमा वि.व्य.स. गठन हुन नसकेको, पाठ्यक्रम प्रबोधीकरण, मागमा आधारित र विद्यालय व्यवस्थापन तालिम, विद्यालयमा प्रविधिको उचित प्रयोग हुन सकेको छैन।

बालविकास केन्द्र व्यवस्थापन, विद्यार्थी/शिक्षक अनुपात र दरबन्दी मिलान र संस्थागत विद्यालय नियमन र सहकार्य गर्न सकिएको छैन। यसका लागि नगरपालिकाले आवश्यक रणनीतिक योजना बनाएर कार्य गर्न आवश्यक रहेको छ।

विद्यालयमा कक्षा कोठाभित्र आवश्यकताअनुसार पठन-पाठन सामग्रीहरू र गुणस्तरीय अध्यापन सुनिश्चितता गराउन नसकिनु एक प्रमुख शैक्षिक समस्याका रुपमा रहेको छ। विद्यालय व्यवस्थापन समितिहरूलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने र विद्यालय प्रशासनमा विद्यालयलाई उदाहरणीय विद्यालयका रुपमा रुपान्तरण गराउन लागि पर्ने सोच विकास गर्नुपर्ने चुनौती रहेको छ। नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको सन्दर्भमा बालबालिकालाई स्थानीय भाषा, संस्कृति, भूगोल, महत्वपूर्ण परम्पराहरू, स्रोत-साधन, सम्भावना, अवसरका बारेमा निपुण, जागरुक र प्रतिवद्ध बनाउनुपर्ने चुनौती उत्तिकै गहन रहेको छ।

### ५.२.२ स्वास्थ्य

#### ५.२.२.१ सम्भावना तथा अवसर

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक तथा स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने रहेको छ। सङ्घीय तथा प्रादेशिक आवधिक योजनामा स्वास्थ्य तथा पोषण क्षेत्र मुख्य प्राथमिकता क्षेत्रका रूपमा रहेको छ। जनस्वास्थ्य तथा पोषणको क्षेत्रमा नेपालले पछिल्लो दशकमा आशलाग्दा नतिजा हासिल गरेको छ। नेपाल सरकारले एक स्थानीय तह एक अस्पतालको अवधारणा कार्यान्वयनमा अगाडि ल्याइसकेको छ।

यस नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सहरी क्लिनिक, १ वर्थिङ केन्द्र र आर्युवेद अस्पताल १ वटा रहेका छन। संस्थागत क्षेत्रबाट सञ्चालित ३ वटा एम्बुलेन्सवाट नगरपालिकाका नागरिकले सेवा लिइरहेका छन। ग्रामिण क्षेत्रका नागरिकलाइ घरदैलोमा सेवा पुर्याउनका लागि ९८ जना महिला स्वयंसेविकाको व्यवस्था गरिएको छ। पुर्वाधार तर्फ मापदन्ड अनुसारको ५ वटा भवन रहेका निर्माण भएर सञ्चालनमा रहेका छन। नेपाल सरकारले प्रदान गर्ने ९८ प्रकारका औषधी निःशुल्क उपलब्ध रहेको, स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिला ९० प्रतिशत रहेको, प्रोटोकलअनुसार ४ पटक गर्भ परीक्षण गर्ने गर्भवती सुत्केरी ८५ प्रतिशत रहेको, नगरपालिकाले स्वास्थ्य विमालाई २० लाख वजेट विनियोजन गरी वडागत रूपमा स्वास्थ्य विमाको सुरूवात गरिएको छ।

नगरपालिकाका सवै वडामा कुनै न कुनै किसिमका स्वास्थ्य संस्था भएकाले यस नगरपालिकाका नागरिकले स्थानीय स्तरमानै सामन्य किसिमको स्वास्थ्य सेवा प्राप्त गरेका छन। आधारभूत स्वास्थ्य सेवाको अधिकार स्थानीय सरकारको अधिकारमा रहनु सर्वसाधारणमा स्वास्थ्य तथा पोषणप्रतिको जागरण बढ्दै जानु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था प्रदेश तथा नगरपालिकाले गर्नु दिगो विकासका लक्ष्यप्रति नगरपालिका प्रतिवद्ध रहनु, स्थानीय नागरिकको स्वास्थ्य प्रति नगरपालिकाको नेतृत्वको चासो रहनु नगरपालिकाका प्रमुख सवल पक्ष हुन्।

#### ५.२.२.२ समस्या तथा चुनौती

नगरपालिकामा विशिष्ठ एवम् उच्चस्तरीय स्वास्थ्य सेवाको अभाव रहेको छ। पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन् उमेरका महिलामा न्यून पोषण तथा रक्त अल्पता रहनु, भरपर्दो ग्रामिण सडकको अभावले समयमा अस्पताल लैजान नसक्नु समस्या रहको छ। मापदण्ड अनुसारको भवन ७ वटा स्वास्थ्य चौकिको नभएको, तालिम प्राप्त जनशक्तिको अभाव, स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको कमी, सवै स्वास्थ्य संस्थामा फर्निचरको कमी, स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीका लागि आवास व्यवस्थापनको कमी रहेको, सरकारवाट दिएको औषधी अपुग रहेको, सवै स्वास्थ्य संस्थामा पार्किङ्ग तथा प्रतिक्षालयको कमी रहेको, स्वास्थ्यसम्बन्धी सचेतनामा कमी रहेको, संगठन तथा व्यवस्थापन सर्भेक्षण नभएकोले आवस्यक दरवन्दि निर्धारण हुन नसकेको, समुदायमा जीवन शैली र खानपान जन्य सचेतनाको कमी रहेको छ। जेष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वातावरणीय तथा व्यवसायजन्य स्वास्थ्य, युवा, किशोर किशारीको यौन तथा प्रजनन् स्वास्थ्यको सम्वोधन गर्नका लागि आवश्यक कार्य गर्न नसक्नु, वातावरण

प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सिर्जना हुने स्वास्थ्यजन्य प्रकोप तथा महामारीको खतरा हुनु, सडक दुर्घटना आदि प्रमुख समस्या रहेका छन्।

बिरामीको चाप अनुसार अस्पताल सुविधाको कमी, स्वास्थ्य संस्थामा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधारको कमी रहेको छ। सबै किसिमका सूचकहरूको अद्यावधीकरण तथा प्रतिवेदन हुन नसक्नु, स्वास्थ्यकर्मीका लागि क्षमता विकासका अवसर तथा नियमितताको कमी, गुणस्तरीय स्वास्थ्य सेवा सहज पहुँच तथा स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ। त्यस्तै, हालसम्म प्रदेश तथा स्थानीय सरकारले नगरपालिकामा स्वास्थ्य सेवा अभिवृद्धि गर्नका लागि अति आवश्यक पर्ने ऐन तथा कानुनहरू तयार गरिनसकेको अवस्था रहेको छ।

आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित भइसकेको छैन। सरकारद्वारा उपलब्ध गराइने निःशुल्क औषधीहरू सबै स्वास्थ्य संस्थामा सधैंभरि उपलब्ध हुन सकेका छैनन्। गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउनु, आधारभूत तथा वैकल्पिक स्थास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रबाट सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्य जनशक्ति र स्वास्थ्य सम्बन्धी पूर्वाधारको व्यवस्था गर्नु, अस्पाताल तथा स्वास्थ्य केन्द्रमा अत्याधुनिक प्रविधि तथा उपकरणको उपलव्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएका वस्तिहरूमा उचित समयमा उपचारको सेवा उपलव्ध गराउन नसक्नु, स्वास्थ्य केन्द्रमा जनशक्ति टिकाइ राख्नु, स्वास्थ्य विमालाई सबै नागरिकको पहुँचमा पुर्‍याउनु र यसको गुणस्तर कायम राख्नुपर्ने चुनौती रहेका छन्। उच्च जनघनत्व, उष्णप्रदेशीय हावापानी, सामुदायिक सरसरफाइको कमी जस्ता कारणले सङ्क्रामक रोगको रोकथामप्रति सजग रहनुपर्ने अवस्था रहेको छ । यसबाहेक मातृ मृत्युदर तथा शिशु मृत्युदरमा कमी ल्याउनुपर्ने र बालबालिका तथा प्रजनन् उमेरका महिलामा न्यून पोषणको समस्या न्यूनीकरण गर्ने चुनौती रहेको छ।

## ५.२.३ सामाजिक समावेशिकरण र संरक्षण

### ५.२.३.१ सम्भावना र अवसर

नेपालको संविधानले महिला, बालबालिका तथा सामाजिक समावेशीकरणका सवालहरूलाई महत्वका साथ सम्बोधन गरेको छ। पछिल्ला दिनहरूमा सबै संरचनाहरू समावेशी तथा सहभागितामूलक हुँदै गएका छन्। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई तीनवटै तहका सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा महत्व दिइएको छ। मर्यादित जीवन तथा समावेशी विकासलाई नेपालले लिएको दिगो विकास लक्ष्यले आत्मसात् गरेको छ। स्थानीय संरचना तथा समिति समावेशी तथा सहभागितामूलक हुँदै गएका छन्। नगरपालिकामा ३०० भन्दा धेरै संख्यामा महिला समूह गठन भएको, महिला सहकारी कुल ५ वटा क्रियाशिल रहेको र ५,००० भन्दा वढि महिला सहकारिमा आवद्ध भएको, ४५ वटा महिला समिति र १० वटा किसोरी समुह गठन भएको, जेष्ठ नागरिक सम्मान गर्ने गरिएको, नगरस्तरमा वालसञ्जाल गठन भएको, लक्षित वर्गको हितका लागि सचेतनामूलक, हिंसा न्यूनीकरण, आयमूलक र सीपमूलक कार्यक्रम सञ्चालनमा रहेको, लैङ्गिक हिंसा, बाल विवाह तथा बहु विवाह सचेतना वृद्धि हुँदै गएको, लक्षित वर्गका तालिमको व्यवस्था रहेको, लक्षित वर्ग स्वरोजगारका कार्यक्रम सञ्चालनमा रहेको छ।

महिला हक अधिकारको सुरक्षा, पहिचानको सुनिश्चितता, महिला समानता तथा सशक्तीकरण गर्नुका साथै लैङ्गिक हिंसालाई अन्त्य गर्न नगरपालिका नेतृत्व प्रतिवद्ध रहनु, घरेलु हिंसा, वाल विवाह तथा दहेज अन्त्य गर्नका लागि

कार्यक्रमहरू नियमित सञ्चालन हुनु, नगरपालिका नेतृत्व समाजिक समावेशीकरण र सशक्तीकरणका लागि प्रतिवद्ध रहनु सवल पक्षको रुपमा रहेको छ।

### ५.२.३.२ समस्या र चुनौती

तीनवटै तहका सरकारले महिला, बालबालिका तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका सवालहरूलाई महत्वका साथ सम्बोधन गरेता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको प्रभावशाली उपस्थिति रहेको छैन। नगरपालिकामा लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी खण्डीकृत सूचनाको कमी हुनु र भएका कार्यक्रमको मूलप्रवाहीकरण नहुनु, रोजगारीका अवसरको कमी, लक्षित वर्ग तथा महिलाको आर्थिक स्रोत र साधनमा पहुँच न्यून रहनु, लैङ्गिक हिंसामा कमी नआउनु, नयाँ किसिमका लैङ्गिक तथा घरेलु हिंसा देखा पर्नु, महिला तथा पछाडि पारिएका वर्गमाथि जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र साँस्कृतिक विभेद कायम रहनु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, महिला हिंसा, वाल विवाह, दाइजो जस्ता कुप्रथा कायम आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

परम्परागत सोच रहेको नेपाली समाजमा महिलाको नेतृत्व स्थापित गराउनु, महिला तथा पिछडिएका वर्गप्रतिको विभेदपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउनु, पछाडिपारिएका वर्गलाई आर्थिक तथा सामाजिक जिवनमा सक्षम बनाउनु, स्रोत साधनको पहुँचमा रहेको असमानता घटाउनु, महिलाको निर्णय क्षमतामा वृद्धि गर्नु, लैङ्गिक तथा घरेलु हिंसा घटाउनु, विभिन्न समुदायबीच जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र साँस्कृतिक विभेद समाप्त पार्नु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार ल्याउनु आदि नगरपालिकाका लागि प्रमुख चुनौती रहेका छन्।

## ५.२.४ खानेपानी तथा सरसफाई

### ५.२.४.१ सम्भावना तथा अवसर

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक सुनिश्चित गरेको छ। तीनवटै तहको सरकारले एक घर एक धारा कार्यक्रमलाई महत्व दिएको छ। हाल सम्म यस नगरपालिकामा जम्मा घर धुरी १६,०२९ मध्येमा १,६२५ घरधुरी अर्थात १०.१३ प्रतिशतमा धारा जडान गरिएको छ, त्यस्तै १२,२६३ घरधुरीमा ट्युवेलवाट खानेपानीको सुविधा पुगेको छ। नगरपालिकाको १,२,३ र ५ वडाका घरधुरीमा स्वच्छ खानेपानी सुविधा भएको अर्थात् ४ वटा वडामा खानेपानीको सुविधा पुगेको छ भने अन्य वडामा  समस्या देखिन्छ। नगरपालिकाको गोल चोक, गुद्री र वसपार्कमा गरी ३ वटा सार्वजनिक शौचालय रहेका छन।

यो नगरपालिका तराई क्षेत्रमा पर्ने हुनाले पानीको मुख्य स्रोत भूमिगत जलभण्डार र स्थानीय खोलाहरू रहेका छन्। नगरपालिकाले हेन्ड पम्प र वोरिङमार्फत् खानेपानी वितरण गर्दै आएको छ। खानेपानी तथा सरसफाई सम्बन्धी चेतना अभिवृद्धि गर्न होर्डिङ्ग बोर्ड, स्टिकर र पोस्टर टाँस्नुका साथै महिला समूह, आमा समूह तथा स्वास्थ्य स्वयम्सेविकाहरूलाई समय-समयमा परिचालन गरिने गरेको छ। खानेपानी व्यवस्थापन गर्न स्थानीय स्तरमा प्राविधिक ज्ञान भएका जनशक्तिको उपलब्धता रहेको छ।

खानेपानी तथा सरसफाई सेवा एवम् संरचनाको विकास तथा विस्तारमा नगरपालिका, विकास साझेदार, उपभोक्ता समिति, गैरसरकारी संस्था तथा नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न वडामा खानेपानी तथा सरसफाईका लागि

टोल तथा स्थानीय क्लबहरूको क्रियाशीता बढ्दै जानु, सरसफाई कार्यक्रमले स्थानीय स्तरमा समेत सामाजिक अभियानको रुप लिनु खानेपानी तथा सरसफाई क्षेत्रमा यहाँका केही प्रमुख सबल पक्षहरू हुन्।

### ५.२.४.२ समस्या र चुनौती

नगरपालिकाको वडा नं. ४, ७, ८, ९ र १० मा खानेपानीको समस्या यथावत रहेको वडा नं. ६ मा खानेपानीको संरचना निर्माण भएता पनि वितरणको काम बाँकि रहेको छ। खानेपानीको मुख्य स्रोत भुमिगत पानी भएको तर खानेपानीको परिक्षण नभएको अवस्था रहेको छ। छरिएको ग्रामिण बस्तीमा खानेपानी सुविधा पुर्याउन महँगो तथा कठिन रहेको छ। खानेपानीका प्रयाप्त स्रोतको कमीका कारण वोरीङ प्रणालीमा निर्भर हुँदा खानेपानीको सुविधा विस्तार कार्य कठिन रहेको सरसफाईसम्बन्धी जनचेतनाको कमी तथा घना वस्ती तथा सहरी क्षेत्रमा शौचालयको कमी रहेको छ। नगरपालिकामा गठन भएका टोल विकास संस्था निश्कृय रहकोले सरसफाइमा परिचालन गर्न सकिएको छैन। खानेपानी तथा सरसफाई गुरुयोजना नहुनाले योजना वनाएर कार्य गर्न कठिनाइ भइरहेको छ। नगरपालिकामा खानेपानी तथा सरसफाई व्यवस्थापन गर्नका लागि छुट्टै एकाइको व्यवस्था गरिएको छैन। खानेपानी तथा सरसफाइका लागि नीति, नियम तयार नहुनु, खानेपानीका लागि संस्थागत संरचना तथा पूर्वाधार नहुनु, प्राविधिक जनशक्तिको कमी, स्रोतको विवाद, धेरै आयोजना अधुरा हुनु तथा सम्पन्न गर्न लामो समय लाग्नु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गर्न बजेटको अभाव हुनु आदि समस्या रहेका छन्।

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउनु, नगरपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु, खानेपानी तथा सरसफाइमा काम गर्ने संघ संस्थाको स्थायित्व, परिचालन तथा नेतृत्व विकास गर्नु, खानेपानीको गुणस्तर कायम गर्नु, आधारभूत सरसफाइका बारेमा जनचेतना फैलाउदै फोहोरमैला व्यवस्थापन गर्नु, बजार तथा बजारोन्मुख क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानी स्रोतको संरक्षण गर्नु प्रमुख चुनौती रहेका छन्।

## ५.२.५ युवा तथा खेलकुद

### ५.२.५.१ सम्भावना र अवसर

नेपालको संविधानले युवा सशक्तीकरण तथा परिचालनलाई उच्च महत्व दिँदै राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई निर्दिष्ट गरेको छ। राष्ट्रिय युवा नीति, २०७२ ले युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने सोच लिएको छ। नेपाल सरकारको पन्ध्रौं राष्ट्रिय आवधिक योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने कुरालाई उच्च महत्व दिएको छ। रंगशाला निर्माणाधिन रहेको, वार्षिक रूपमा राष्ट्रिपति रनिङ्ग शिल्ड सञ्चालन रहेको, वडास्तरमा खेलकुद कार्यक्रम गरि प्रतिभा पहिचानको अभ्यास रहेको, युवा लक्षित रोजगार कार्यक्रम सञ्चालनमा रहको, युवा लक्षित तालिमहरु सञ्चालनमा रहेका छन। नगरपालिकावाट राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडीको संख्या उच्च रहेको छ।

नगरपालिकाका १० वटै वडामा स्थानीय खेलमैदान छन् र केही वडामा स्थानीय क्लबहरूले खेलमैदानको व्यवस्थापन गरी स्थानीय स्तरमा खेलकुद कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। नगरपालिकाले स्थानीय स्तरमा खेल प्रतिभाको विकास गर्नका लागि प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गर्ने गरेको छ। युवा स्वरोजगारमूलक तालिमहरू सञ्चालन गर्ने गरिएको छ। नेपाल सरकार तथा साझेदार संस्थाहरूको सहकार्यमा युवा लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। युवा लक्ष्यित रोजगार कार्यक्रमले युवाहरूलाई स्वरोजगार बनाउन सहयोग पुऱ्याएको छ।

### ५.२.५.२ समस्या र चुनौती

संस्थागत संरचना कमजोर हुनाले युवा प्रतिभा एवम् खेलकुदको विकासका लागि स्थानीय स्तरमा पर्याप्त अवसर उपलब्ध हुन सकेका छैनन्। नगरपालिकामा खेलाडी तथा प्रशिक्षकको तथ्याङक नभएको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलकूद सामग्री तथा प्रोत्साहनमा कमी, खेलकूद प्रशिक्षणमा कमी, युवा क्लवको दिगो गतिविधि तथा सञ्जाल गठनमा कमी, युवा स्वरोजगार कार्यक्रमको कमी रहेको, युवा पलायन व्यापक रहेको, युवा आत्मनिर्भरताका अवसरमा कमी र कृषि तथा उद्योग क्षेत्रमा युवा आक्रर्षण न्यून, युवाका लागि उत्प्रेरणा, परामर्श तथा अभिमूखीकरणको कमी रहेको छ।

उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारिता कायम गर्नु, उच्च शिक्षा प्राप्त गरेका युवाको पलायन रोक्नु, सामाजिक तथा आर्थिक क्षेत्रमा युवाको सहभागिता वृद्धि, रोजगारी र स्वरोजगारीको व्यवस्था, सामाजिक तथा आर्थिक विकासमा युवा परिचालन, स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास र आयोजना, खेलकुदलाई व्यवसायिकरण गरी व्यवसायका रुपमा स्थापना गर्नु प्रमुख चुनौती रहेका छन्।

### ५.२.६ कला, भाषा, तथा संस्कृति

### ५.२.६.१ सम्भावना र अवसर

सांस्कृतिक रुपमा विविधतायुक्त रहेको यस क्षेत्रमा हिन्दु, बौद्ध, मुस्लिम धर्मालम्बीहरूको बसोवास रहेको छ। नेपाली, नेवारी, मैथली हिन्दी भाषा मातृभाषाका रुपमा रहेका छन्। यस नगरपालिकामा शिव मन्दिर, गणेश मन्दिर, सत्यनारायण मन्दिर, भगवती मन्दिर, लक्ष्मी नारायण मन्दिर, दुर्गा मन्दिर बुढा सुब्बा मन्दिर, राधाकृष्ण मन्दिर, रामजानकी मन्दिर, काली मन्दिर, लाटिदेवी मन्दिर, स्वोर्गद्वारी घाट, ठुलो मदर्शा आदि रहेका छन। नगरपालिकाले स्थानीय भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण गर्दै सांस्कृतिक पर्यटनको विकास गरी आयआर्जन तथा रोजगारीका अवसरहरूको सिर्जना गर्न सकिनेछ।

### ५.२.६.२ समस्या र चुनौती

मातृभाषा, साहित्य, सम्पदा कला र संस्कृति खोज अनुसन्धान र संरक्षणको कमी हुनु, बाह्य संस्कृतिको प्रभावले स्थानीय कला तथा संस्कृति लोप हुँदै जानु, नेपाली भाषा बाहेकका भाषाको संरक्षणमा कमी रहेको छ। स्थानीयस्तरमा लाग्ने मेला तथा जात्राको व्यवस्थापन कमजोर हुने गरेको छ। धार्मिक तथा ऐतिहासिक स्थलको खोज, लेखन तथा प्रचार प्रसारको कमी रहेको छ। मौलिक कला तथा सीपको हस्तान्तरण तथा बजारीकरणमा कमी रहेको छ।

## ५.३ सोच, लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति

सामाजिक विकास क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ।

### ५.३.१ नगरपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत गरिएको छ :

"शिक्षित, स्वस्थ र सभ्य नगरबासी"

### ५.३.२ लक्ष्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

"उच्चस्तरीय स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र सुसंस्कृत समाजको आधार तयार गर्ने"

### ५.३.३ उदेश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच कायम गर्नु,
- विशिष्टीकृत एवम् गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकले सहज रुपमा पाउने कुराको सुनिश्चितता गर्नु,
- आर्थिक-सामाजिक रुपमा पिछडिएको वर्गका लागि क्षमता विकास तथा आत्मनिर्भरताका अवसर सिर्जना गर्नु र न्यायपूर्ण समाजको सिर्जनामा योगदान गर्नु,
- स्वच्छ खानेपानीमा सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाइका अभ्यासलाई दिगो तुल्याउने
- युवा स्वाभिमान एवम् स्वरोजगारी र व्यावसयीक खेलका अवसर प्रवर्द्धन गर्नु,
- मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्नु।

### ५.३.४ रणनीति तथा कार्यनीति

यस योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिनेछ :

**तालिका न. ५.१:सामाजिक विकास क्षेत्रका प्रमुख रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १: आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच तथा गुणस्तर कायम गर्नु,** | |
| १.१ साक्षरता अभियान सञ्चालन गर्ने। | • पूर्ण साक्षर अभियान सञ्चालनका लागि अन्तर सरकारी समन्वयका माध्यमबाट अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा जस्ता विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>• पूर्ण साक्षर नगरपालिका निर्माण गर्न विद्यालय तथा समुदाय केन्द्रित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • डिजिटल साक्षरता कार्यक्रमलाई काम र आयसँग जोड्ने नीति लिइनेछ। |
| १.२ स्थानीय माग र औचित्यका आधारमा व्यावहारिक तथा प्राविधिक शिक्षामा विद्यार्थीको सहज पहुँच कायम गराउने। | • प्राविधिक शिक्षाको कक्षा सञ्चालन हुने शैक्षिक संस्थालाई आवश्यक पूर्वाधार, जनशक्ति एवम् सामग्रीले सम्पन्न गराई सिकाइको उपयुक्त वातावरण तयार गर्न अन्तर-सरकार समन्वय र सहकार्य गरिनेछ र आवश्यकताका आधारमा थप प्राविधिक विद्यालय स्थापना गरिनेछ।<br>• सङ्घीय सरकारको पढ्दै कमाउँदै भन्ने नीति बमोजिम विद्यालयमा कृषि, पशुपालन तथा उद्यम व्यवसायसम्बन्धी व्यावहारिक ज्ञान समावेश गरी पठन-पाठनका साथै र प्रयोगात्मक अभ्यासको समुचित व्यवस्था गरिनेछ।<br>• विद्यार्थीहरूलाई स्वरोजगारमूलक तालिम तथा व्यावहारिक सिपमूलक शिक्षा प्रदान गरिनेछ। |
| १.३ शैक्षिक उपलब्धिमा गुणात्मक सुधार ल्याउन विद्यालयका गतिविधि तथा सिकाई प्रक्रियामा विद्युतीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाउने। | • अन्तर-सरकार सहकार्यमा विद्यालयलाई आधुनिक सूचना प्रविधि विस्तार तथा सुविधा सम्पन्न गरिनेछ।<br>• विद्यालयमा विद्युतीय पुस्तकालय, विज्ञान प्रयोगशाला, विद्युतीय हाजिरीको स्थापनासहित समूहमा मोवाइल म्यासेजिङ्ग तथा अन्य शैक्षिक विद्युतीय प्रविधिको उपयोग गरी पठन-पाठनको वातावरणमा सुधार गरिनेछ।<br>• इन्टरनेट सुविधा विस्तार गरी शिक्षक तथा विद्यार्थीमा इन्टरनेटको माध्यमबाट अध्ययन तथा खोज गर्न सक्ने क्षमता विकासका लागि प्रोत्साहित गरिनेछ।<br>• विद्युतीय सूचना प्रविधिको उपयोग गरी सिकाइ कार्यलाई प्रभावकारी गराउन शिक्षकका लागि अभिमुखीकरणको व्यवस्था गरिनेछ। |
| १.४ प्रारम्भिक बाल विकास केन्द्रको व्यवस्थापन तथा सिकाइ प्रक्रियालाई सहज गराउन आवश्यक वातावरण तयार गर्ने। | • सबै विद्यालयमा बालविकास केन्द्रको स्थापना गरी सहजकर्ताको क्षमता विकास तथा प्रोत्साहन सहित सिकाई प्रकृयालाई व्यवस्थित बनाइनेछ।<br>• प्रारम्भिक बालविकास केन्द्रमा सिकाई सामग्री, सरसफाई, शौचालय, खानेपानी र बसाइ व्यवस्थापनलाई व्यवस्थित गराइनेछ।<br>• बाल विकास सहजकर्ताको सबै बालबालिकालाई बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने वातावरण तयार गर्न भर्ना अभियान सञ्चालन गरिनेछ। साथै बालबालिकाका लागि खाजा खाने, आराम गर्ने, रमाइलो गर्ने लगायतका लागि व्यवस्थित स्थल निर्माण गरी खेल सामग्री समेतको व्यस्थालाई प्रभावकारी गराइनेछ। |
| १.५ उच्च शिक्षाको गुणस्तर अभिवृद्धि तथा सहज पहुँच स्थापना गर्न पूर्वाधार, शिक्षण तथा जनशक्ति | • स्थानीय स्तरमा सञ्चालनमा रहेको क्याम्पसमा उच्च शिक्षा हासिल गर्ने अवसर उपलब्ध गराउन नयाँ शैक्षिक संस्था स्थापना, थप विषयमा सम्बन्धन, आवश्यक जनशक्ति व्यवस्था तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ।<br>• सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न र जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न आर्थिक सहयोग र छात्रवृतिको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्थापनलाई प्रभावकारी गराउने। | • उच्च शिक्षामा गुणस्तर कायम गर्न नवीनतम विधिको उपयोगलाई अनुशरण, अनुसन्धान, बाह्य शैक्षिक संस्थासँगको सम्बन्ध तथा अनुभव आदान-प्रदानलाई प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>• उच्च शिक्षालाई व्यावसायिकतासँग जोड्ने, व्यावसायिक क्षेत्रमा इन्टनसीप तथा स्वयंसेवा र बजार माग अनुसारको सीप हस्तान्तरणको व्यवस्था गरिनेछ।<br>• प्रदेश सरकार तथा विश्वविद्यलयहरूको साझेदारीमा सामुदायिक क्याम्पस प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.६ विद्यालय पूर्वाधार निर्माण तथा संरचनागत सुधारमार्फत् गुणस्तरीय शिक्षा हासिल गर्ने वातावरण तयार गर्ने। | • विद्यालयमा आवश्यक पूर्वाधारको निमार्णलाई प्राथमिकताका आधारमा अन्तर-सरकार साझेदारीमा क्रमशः सम्पन्न गर्दै लगिनेछ।<br>• राष्ट्रिय कार्यक्रमका रूपमा रहेको विद्यालय नर्स कार्यक्रमलाई सबै माध्यमिक विद्यालयमा सञ्चालन गरिनेछ।<br>• स्थानीय पाठ्क्रमलाई स्थानीय पहिचान, भाषा, संस्कृती, सीप तथा रोजगारसँग आवद्ध गरी तयार गरिनेछ।<br>• आवश्यकता र औचित्यका आधारमा माध्यमिक विद्यालयहरूमा विद्यार्थी-बसको व्यवस्था गर्दै लगिनेछ। |
| **उदेश्य २ : विशिष्टीकृत एवम् गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पोषणमा सहज पहुँच स्थापित गर्नु** | |
| २.१ आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने। | • नेपाल सरकारको कार्यक्रम अनुसार सबै वडाहरूमा स्वास्थ्य चौकी स्थापना तथा स्वास्थ्य संस्थाका लागि आवश्यक पूर्वाधार (भौतिक पूर्वाधार र स्वास्थ्य उपकरणहरू) को व्यवस्था गरिनेछ।<br>• प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्यमा कर्मचारी तथा महिला स्वयं सेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ।<br>• नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि प्रजनन् स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, गर्भपतन, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालनका साथै वर्थिङ्ग सेण्टर थप गरिनेछ।<br>• स्वास्थ्य संस्थाहरूमार्फत् निःशुल्क वितरण गरिने अत्यावश्यक औषधीहरूको अभाव नहुने गरी आपूर्तिको व्यवस्था गरिनेछ।<br>• स्वास्थ्य बीमामा सबैलाई सहभागी गराउन प्रोत्साहनमूलक तथा सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ।<br>• गरिबिको रेखामुनि रहेका घरपरिवार एवम् जटिल र खर्चिला रोगको उपचारमा सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।<br>• महामारीजन्य रोगबाट बच्न मापदण्ड तयारी तथा जनचेतना अभिवृद्धि तथा रोकथामका लागि आवश्यक व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २.२ उपलब्ध स्वास्थ्य सेवा थप सहज गराई विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवामा स्थानीयबासीको पहुँच कायम गर्ने। | • नगर अस्पताललाई स्रोत साधन तथा जनशक्तिले सम्पन्न गराई स्थानीयस्तरमै विशेषज्ञ सेवा उपलब्ध हुने वातावरण तयार गरिनेछ।<br>• स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूका प्रतिक्षालय निर्माण, औषधी भण्डारण कक्ष निर्माण, बिरामी कुरुवाका लागि बसाई सहजतालगायत आवश्यक औजारको व्यवस्था मिलाइनेछ।<br>• विद्युतीय हाजिरी तथा सिसिटिभी क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन र सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ।<br>• बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य एकाइको विस्तार गरी आवश्यक दरबन्दी थप गरिनेछ।<br>• वार्षिक रूपमा स्वास्थ्य कर्मीहरूलाई क्षमता विकास तालिम, उत्कृष्ट स्वास्थ्यकर्मीहरूलाई पुरस्कार तथा अतिरिक्त जिम्मेवारी वहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुविधा उपलब्ध गराइनेछ। |
| २.३ स्थानीय उत्पादनबाट पोषण तथा सन्तुलित भोजन तथा स्वस्थ जीवनशैलीको अभिवृद्धि गर्ने। | • नियमित बजार अनुगमन गरी मिति पुगेका तथा अखाद्य वस्तुको बिक्री वितरण तथा उपयोगलाई नियन्त्रण गरिनेछ।<br>• स्थानीय उत्पादनमा आधारित पोषिलो र सन्तुलित खानाको तयारी तथा उपयोगका लागि सचेतना अभिवृद्धि गरिनेछ।<br>• विद्यालयहरूमा पोषण तथा जनस्वास्थ्य शिक्षा प्रवद्र्धन कार्यक्रम सञ्चालन र सेनिटरी प्याडको उपलब्धता सहज गराइनेछ।<br>• वडास्तरमा योग, आयुर्वेद, खानपान, स्वस्थ जीवनशैली, तनाव व्यवस्थापन सम्बन्धमा शिविर सञ्चालन गरिनेछ।<br>• स्थानीयस्तरमा उपलब्ध खानाबाट सन्तुलित खाना तयारी सम्बन्धमा विद्यार्थी तथा अविभावकमा असल खानपानसम्बन्धी अभियानात्मक गतिविधि सञ्चालन गरिनेछ।<br>• विपन्न वर्गका पाँच वर्षमुनिका बालबालिकालाई कुपोषणको शिकार हुनबाट जोगाउन कुपोषणरहित टोल/वडा घोषणा अभियान तथा सुनौलो हजार दिन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।<br>• पाँच वर्षमुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्याङकन गरी सुधार ल्याउन आवश्यक देखिएका बालबालिकाहरूकालाई पौष्टिक खानामा सहयोग गरिनेछ। |
| २.४ समुदायलगायत निजी क्षेत्र समेतको सहभागिता तथा अग्रसरतामा जनस्वास्थ्य | • सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य तालिम, नसर्ने रोग व्यवस्थापन, स्वास्थ्य बीमा, जनचेतना, विपन्नका लागि जटिल रोग उपचारमा सहयोग र महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा पोषणको अवस्था सुधारलाई प्रवर्द्धन गर्ने। | • महामारी, जनस्वास्थ्य तथा पोषण सम्बन्धमा आमनागरिकको अपनत्व, अग्रसरता र स्वयंसेवी भूमिकालाई प्रभावकारी गराउन टोलस्तरमा स्वास्थ्य तथा सरसफाई समिति गठन गरी परिचालन गरिनेछ।<br>• समुदायमा आधारित संस्था, बालक्लव, महिला/आमा समूह र महिला स्वास्थ्य स्वयम्सेविकाहरूको क्षमता विकास गरी स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्यको अवस्थामा गुणात्मक सुधार गरिनेछ। असहाय, अतिविपन्न बिरामी र ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य जाँच घर-घरमै पुग्ने गरी स्वास्थ्य घुम्ती सेवाको प्रबन्ध गरिनेछ।<br>• नगरपालिका र निजी क्षेत्रको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ। |
| **उदेश्य ३ : आर्थिक-सामाजिक रुपमा पिछडिएको वर्गका लागि क्षमता विकास तथा आत्मनिर्भरताका अवसर सिर्जना गर्नु र न्यायपूर्ण समाजको सिर्जना गर्नु** | |
| ३.१ महिला तथा सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि र संरक्षणात्मक सेवा उपलव्ध गराई सशक्तीकरण गर्ने। | • नीति निर्माण तहमा महिलाको पहुँच वृद्धि गरी सम्पूर्ण संरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>• महिलामा बढ्दो रुपमा रहेको मनोगत समस्यालाइ मध्यनजर गर्दै मनोविमर्शकर्ताको व्यवस्था गरी सेवा उपलव्ध गराइनेछ।<br>• बालमैत्री नगरपालिका घोषणाको लागि बालबालिका स्थितिपत्र तयारी लगायतका कार्यहरू सम्पन्न गरी आवश्यक आधारहरू तयार गरिनेछ।<br>• प्रदेश सरकारसँगको समन्वयमा जेष्ठ नागरिकको वर्तमान अवस्था दर्शाउने लगत तयार गरी ज्ञान र अनुभवको सदुपयोग गर्ने वातावरण तयार गरिनेछ।<br>• बेसहारा, अनाथ, अति विपन्न तथा हिंसामा परेका व्यक्ति, जेष्ठ नागरिक तथा बालबालिकाहरूको तत्काल सुरक्षाको लागि आश्रयस्थल र उपचारको विशेष व्यवस्था गरिनेछ।<br>• सामाजिक तथा आर्थिक रूपले पछाडि परेका महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी तथा जनजातिका लागि आत्मनिर्भरताका अवसर सिर्जना गर्न तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सीप विकास तालिम तथा व्यवसाय सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।<br>• जेष्ठ नागरिक, सम्मान एवम् जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज गराउन आवश्यक सामग्रीहरू वितरण गरिनेछ।<br>• सार्वजनिक पूर्वाधारलाई अपाङ्ग तथा लैङ्गिकमैत्री बनाइने छ। |
| ३.२ लक्ष्यित वर्गको क्षमता विकास गरी स्थानीय नीति निर्माण | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीति तयारी एवम् कार्यान्वयन र लैङ्गिक लेखापरीक्षणको अभ्यास नियमित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने। | • योजना तर्जुमा, निर्णय निर्माण प्रक्रिया एवम् स्थानीय संरचनामा लक्ष्यित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।<br>• लक्ष्यित वर्ग सञ्जाल गठन गरी लक्ष्यित वर्गको हित प्रवद्र्धन गर्न क्षमता विकास गरिनेछ ।<br>• लक्ष्यित वर्गका हक अधिकारको प्रभाबकारी कार्यान्वयनका लागि लक्षित वर्गका व्यक्तिहरूको क्षमता विकास, कानूनी सचेतना, अन्तरक्रियाजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ३.३ सामाजमा विद्यमान विभिन्न स्वरूपका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गराउने। | • छोरीको स्वस्थ जन्म, उपयुक्त पोषण र शिक्षामा विशेष जोड दिइनेछ।<br>• प्रदेश सरकारको लैङ्गिक हिंसामुक्त र दाइजो प्रथामुक्त कार्यक्रमसँग समन्वय गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।<br>• महिला हिंसा, यौन हिंसा तथा यौनजन्य अपराधहरू रोक्न समुदाय तथा किशोरी केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ। समाजमा नै दवावपूर्ण मिलाउने पद्धतिलाई निरुत्साहित गरिनेछ।<br>• हिंसापीडित महिला तथा बालबालिकाहरूका लागि सुरक्षित आवास गृह सञ्चालन गरिनेछ।<br>• मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक परम्परा एवम् मधेशी समुदायको सामाजिक परम्परालाई मध्यनजर गर्दै छोरीको असमान शिक्षा, विवाह दाईजो जस्ता विषयसँग सम्बन्धित प्रचलनलाई हटाउन चेतनामूलक कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन तथा अनुगमन गरिनेछ।<br>• ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र, निःशुल्क स्वास्थ्य उपचार सहयोग, खानपिन र मनोरञ्जनका अवसर उपलब्ध गराइनेछ। |
| ३.४ लक्ष्यित वर्गको चौतर्फी हित प्रवर्द्धनका लागि समुदायसँगको सहकार्यमा संस्थागत संरचना तथा व्यावहारिक प्रयत्नलाई प्रभावकारी गराउने। | • लक्षित वर्गसँग सम्बन्धित बालबालिका, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित वर्गको नगरपालिका तथा वडास्तरीय सञ्जाल/समिति गठन गरी क्रियाशील बनाइनेछ।<br>• समुदायमा आधारित संस्था, टोल विकास संस्था, महिला/आमा समूह, युवा क्लब, बालक्लब, अधिकारमुखी समूह र सञ्जालमार्फत् दलित, एकल महिला, ज्येष्ठ नागरिक र पिछडिएको समुदायको अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>• नगरपालिकामार्फत् कार्यान्वयनमा रहेको सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वसुलभ र सेवाग्राहीमैत्री बनाउन सबैलाई सुसूचित एवम् प्रक्रियामा सहजीकरण गरिनेछ।<br>• लक्ष्यित वर्गको हितका लागि नगरपालिकास्तरमा क्रियाशिल नागरिक समाज संस्थाहरूसँग साझेदारी र सहकार्य गरी समुदाय परिचालनको कार्य गरिनेछ। |
| **उदेश्य ४ : स्वच्छ खानेपानीमा सर्वसुलभ पहुँच तथा पूर्ण सरसफाईका अभ्यासलाई दिगो तुल्याउने** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ स्वच्छ खानेपानी सुविधामा नगरवासीको दिगो पहुँच कायम गर्न अन्तर-सरकार एवम् समुदायस्तरमा समन्वय र साझेदारीको प्रवर्द्धन गर्ने | • एक घर एक धारा कार्यक्रमलाई अन्तर-सरकार समन्वय तथा साझेदारी र समुदायको सहभागिता तथा अग्रसरतामा कार्यान्वयन गरिनेछ।<br>• सबै खानेपानी आयोजनामा खानेपानीको नियमित गुणस्तर परीक्षण तथा शुद्धीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।<br>• नागरिकको बढी जमघट हुने सार्वजनिक स्थल तथा सरकारी कार्यालयमा पानी शुद्धीकरण प्रणाली स्थापना गरिनेछ।<br>• खानेपानी आयोजनाको दिगोपना, संरक्षण र मर्मत-सम्भारको लागि तालिमप्राप्त मर्मत सम्भार कार्यकर्ताको व्यवस्थालाई निरन्तरता दिई उपभोक्ता समितिलाई सशक्त गराउन सहकार्य गरिनेछ।<br>• खानेपानी आयोजनाको साधारण सभा तथा वार्षिक लेखा परीक्षण गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने प्रणाली विकास गरिनेछ।<br>• खानेपानीको मुहान पहिचान एवम् संरक्षण सहित गुणस्तर परीक्षण तथा सुधारलाई नियमित कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |
| ४.२ पूर्ण सरसफाइयुक्त नगर घोषणाका आधारहरू तयार गर्न संस्थागत एवम् व्यावहारिक प्रयत्नलाई प्रभावकारी गराउने। | • खानेपानी र सरसफाइसम्बन्धी गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>• नागरिकको बढी जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण गरी सरसफाई एवम् व्यवस्थापन प्रभावकारी गराइनेछ।<br>• विद्यालयमा विद्यार्थीहरूलाई केन्द्रित गरी सरसफाइसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>• खानेपानी तथा सरसफाई गतिविधिलाई एकीकृत रूपमा सञ्चालन गरिनेछ।<br>• खुला दिशामुक्त क्षेत्र घोषणालाई प्रभावकारी गराउँदै पूर्ण सरसफाइयुक्त क्षेत्र घोषणाका लागि आधारहरू तयार गरिनेछ।<br>• सरसफाईको प्रवर्द्धन गर्न स्वास्थ्य आमा समूह, आमा/महिला समूह, बाल क्लव र युवा क्लबलाई घरपरिवार र टोल तहमा सरसफाइको नियमित अभ्यासको रूपमा सञ्चालन गरिनेछ।<br>• स्वच्छ तथा सरसफाइसम्बन्धी जनचेतनामूलक श्रव्य-दृष्य सामग्रीको नियमित प्रकाशन र प्रशारणको व्यवस्था गरिनेछ। |
| ४.३ स्वच्छ वातावरण कायम गर्न नीतिगत तथा व्यावहारिक प्रयत्न गर्ने। | • चोक, सडक किनारा लगायतका सार्वजनिक क्षेत्र तथा निजी आवासमा हरियाली तथा शौन्दर्य कायम गर्न बगैंचा निर्माण तथा वृक्षारोपणलाई नियमित गरिनेछ ।<br>• प्लाष्टिकजन्य वस्तुको उपयोगलाई दुरुत्साहन गरी वैकल्पिक झोलाको रूपमा कपडा तथा जुटका झोलाको उपयोगलाई प्रवद्र्धन गर्न समुदायस्तरमा अभियान सञ्चालन गरिनेछ।<br>• बजार क्षेत्रको फोहोर संकलन तथा व्यवस्थापनका लागि संस्थागत संयन्त्र तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • घरमै फोहोरलाई वर्गीकरण र व्यवस्थापन गर्ने शून्य फोहोर नीतिलाई कार्यान्वयन गर्न समुदायसँग सहकार्य गरिनेछ।<br>• स्वच्छ टोल पुरस्कार कार्यक्रम सञ्चालन गरी दिगो सरसफाईका लागि समुदायलाई प्रेरित गरिनेछ। |
| **उदेश्य ५ : युवाका लागि आत्मविश्वास, व्यावसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गर्ने** | |
| ५.१ युवा वर्गको सशक्तीकरण तथा व्यावसायिक भावनाको अभिवृद्धि गरी आर्थिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा सहभागिता वृद्धि गर्ने। | • सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा युवा सशक्तीकरण तथा स्वरोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• नगर क्षेत्रमा रहेका बेरोजगार युवाको विवरण सङ्कलन गरी उनीहरूको चाहना, क्षमता, योग्यता तथा बजारको मागअनुसारको रोजगारी सिर्जना गरिनेछ।<br>• युवा आकर्षण रहेको तुलनात्मक लाभका क्षेत्र पहिचान गरी स्वरोजगारीका लागि आवश्यक तालिम सहित सहुलियत कर्जाको व्यवस्था गरिनेछ।<br>• विकास प्रकृया, नीति निर्माण, योजना तर्जुमा र अनुगमनमा युवा सहभागिता युवालाई यथोचित भूमिका प्रदान गरिनेछ।<br>• वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाहमार्फत् युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| ५.२ सकारात्मक सोच तथा सिर्जनशील क्षमता विकास गरी समाज रूपान्तरणमा युवा सहभागिता अभिवृद्धि गर्ने। | • युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रकृया तथा सामाजिक रूपान्तरण प्रतिको दायित्वबोध गराइनेछ।<br>• युवा समूह, युवा क्लब तथा सञ्जाललाई सामाजिक तथा आर्थिक रूपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ।<br>• राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरूमाझ आदान प्रदान गरी सत्मार्गतर्फ अभिप्रेरित गरिनेछ।<br>• युवाक्लब, समूह र संघ/संस्थामार्फत् क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• लागू पदार्थ दुव्र्यसन विरुद्ध सचेता बढाउने तथा दुव्र्यसन त्याग्ने युवालाई सम्मानको लागि सामाजिक अभियान सञ्चालन गरिनेछ। |
| ५.३ खेलकूदका पूर्वाधार विकास तथा उच्चस्तरीय खेल क्षमता विकासका अवसर सिर्जना गरी खेल क्षेत्रमा युवा व्यावसायिकताको अभिवृद्धि गर्ने। | • नगरपालिकास्तरमा रङ्गशाला, कवर्ड हल र एक वडा एक खेल मैदानसहित सहायक पूर्वाधारको विस्तार गरिनेछ।<br>• खेलाडीहरूमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी भलिवल तथा मार्शल आर्टका खेलको नियमित प्रशिक्षण, अभ्यास तथा खेल सामग्रीको यथोचित व्यवस्था गरिनेछ।<br>• स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सिर्जना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • उच्चस्तरको खेल क्षमता भएका खेलाडीको पहिचान गरी विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>• प्रदेशस्तर, राष्ट्रियस्तर तथा अन्तराष्ट्रियस्तरमा सफलता हासिल गरेका खेलाडीका लागि पुरस्कार, सम्मान र आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| **उदेश्य ६ : मौलिक भाषा, सम्पदा तथा संस्कृतिको जगेर्ना गर्नु** | |
| ६.१ भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र संवद्र्धन गर्ने। | • भाषा, लिपि, संस्कृति, कला, तथा धार्मिक सम्पदा संरक्षण, संवर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वन गरिनेछ।<br>• धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाको दिगो विकास र व्यवस्थापनका लागि गुरुयोजना बनाएर कार्यान्वयन गरिनेछ।<br>• स्थानीय कला तथा सीपको पहिचान गरी आकर्षक तथा सजावटका सामाग्री उत्पादनलाई प्रवर्द्धन गरिनेछ।<br>• कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको नियमित आयोजना गरिनेछ। |
| • ६.२ स्थानीय सम्पदा, कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धान गरी पर्यटन विकाससँग आवद्ध गर्ने। | • स्थानीय सम्पदा, कला, भाषा, संस्कृति र रहनसहन समेटिएको डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिनेछ।<br>• स्थानीयस्तरमा रहेका परम्परागत सीपलाई नयाँ प्रविधिसँग आवद्ध गराई थप व्यावसायिक बनाइनेछ।<br>• स्थानीयस्तरमा मिनि संग्राहलय स्थापना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रचार प्रसार गरिनेछ। |

## ५.४ प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि

आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ। प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ। प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ:

## तालिका नं. ५.२:सामाजिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | १ शिक्षा विकास | | | | | | | | | | |
| १ | विद्यालय पूर्वाधार निर्माण कार्यक्रम | संख्या | ३८ | २,२०० | ८३६०० | ८८०० | ८८०० | ८८०० | ८८०० | ८८०० | ४४००० |
| | नमूना विद्यालय कार्यक्रम | संख्या | १ | ५००० | ५००० | १०००० | ५००० | ० | ० | ० | १५००० |
| | विद्यालय नर्स कार्यक्रम | संख्या | ५ | ५०० | २५०० | १००० | १५०० | ० | ० | ० | २५०० |
| | आवासिय विद्यालय सञ्चालन | संख्या | ४ | १०००० | ४०००० | १०००० | १०००० | १०००० | ० | १०००० | ४०००० |
| | छात्रामैत्री शौचालय निर्माण | संख्या | ९ | १००० | ९००० | ३००० | ४००० | २००० | ० | ० | ९००० |
| | पूर्ण साक्षर वडा घोषणा | वडा | १५ | ५०० | ७५०० | ५०० | १५०० | १५०० | २००० | २००० | ७५०० |
| | पूर्ण विधाथी विद्यालय भर्ना | वडा | १४ | १०० | १४०० | १०० | ३०० | ५०० | ५०० | ० | १४०० |
| | प्रारम्भिक बाल विकास कार्यक्रम | पटक | १० | १५० | १५०० | ४५० | ६०० | ४५० | ० | ० | १५०० |
| | शैक्षिक गुणस्तर तथा सामर्थ सुधार कार्यक्रम | पटक | ५ | ८०० | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | विद्यालय व्यवस्थापन समिति गठन तथा विद्यालय सुधार योजना | पटक | ३८ | १०० | ३८०० | ८०० | ३००० | ० | ० | ० | ३८०० |
| | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | कक्षा १-५ फुलवारी ६-१२ करेसावारी कार्यक्रम | संख्या | ३८ | १०० | ३८०० | ५०० | ५०० | १००० | १००० | ८०० | ३८०० |
| | व्यावहारिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ३५ | १०० | ३५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| | विज्ञान तथा प्राविधिक ल्याव स्थापना | संख्या | १ | ७०० | ७०० | ७०० | ० | ० | ० | ० | ७०० |
| | आइ सि टी | संख्या | २५ | ६५० | १६२५० | ३२५० | ३२५० | ३२५० | ३२५० | ३२५० | १६२५० |
| | सामुदायिक क्याम्पस प्रवर्द्धन कार्यक्रम | पटक | १ | १२०० | १२०० | ६०० | ६०० | ० | ० | ० | १२०० |
| | विद्यालय पोषण सुधार कार्यक्रम | संख्या | ९००० | ३० | २७०००० | ७५००० | ६०००० | ६०००० | ३०००० | ४५००० | २७०००० |
| | शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | संख्या | ५ | १००० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ लागत | ०८१।८२ लागत | ०८२।८३ लागत | ०८३।८४ लागत | ०८४।८५ लागत | जम्मा लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय बस कार्यक्रम | संख्या | ६ | ५००० | ३०००० | ५००० | १०००० | १०००० | ५००० | ० | ३०००० |
| | शैक्षिक केलेन्डर निर्माण | पटक | ५ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | नगर शिक्षायोजना | पटक | १ | ५०० | ५०० | ० | ५०० | ० | ० | ० | ५०० |
| | निजि विद्यालय नियमन | पटक | ५ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | स्थानीय पाठ्यक्रम निर्माण | पटक | १ | ५०० | ५०० | ० | ५०० | ० | ० | ० | ५०० |
| | वृहत विद्यालय विपद व्यस्थापन योजना | संख्या | ३८ | १५० | ५७०० | ७५० | १५०० | १५०० | १२०० | ७५० | ५७०० |
| | सामुदायिक सिकाई केन्द्र तथा पुस्तकालय | वडा | १५ | २०० | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| | मदरसा, गुम्वा गुरुकुल व्यवस्थापन | वटा | १२ | ३०० | ३६०० | ९०० | ९०० | ६०० | ६०० | ६०० | ३६०० |
| | विद्यालय भर्ना प्रोत्साहन कार्यक्रम | पटक | ५ | ३०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| | वालक्लव गठन तथा क्षमता विकास | वटा | ३८ | १०० | ३८०० | ५०० | १००० | १००० | ८०० | ५०० | ३८०० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | अगेजी तथा स्थानीय भाषामा कक्षा सञ्चालन | वटा | ३८ | ३०० | ११४०० | १५०० | ३००० | ३००० | २४०० | १५०० | ११४०० |
| | अतिरिक्त क्रियाकलाव | संख्या | ३८ | ५०० | १९००० | २५०० | ५००० | ५००० | ४००० | २५०० | १९००० |
| | खेलकुद तथा सामाग्री व्यवस्थापन | संख्या | ३८ | ५०० | १९००० | २५०० | ५००० | ५००० | ४००० | २५०० | १९००० |
| | खेल शिक्षक | संख्या | ७ | ५०० | ३५०० | ५०० | १५०० | १००० | ५०० | ० | ३५०० |
| | नियमित कार्यक्रम | संख्या | ५ | २००० | १०००० | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| | **जम्मा शिक्षा** | | | **३५२८०** | **५७१७५०** | **१३४५५०** | **१३३६५०** | **१२०३००** | **६९७५०** | **८३९००** | **५४२१५०** |
| २ | **स्वास्थ्य तथा पोषण** | | | | | | | | | | |
| | स्वास्थ्य संस्था पूर्वाधार सुधार कार्यक्रम | संख्या | ७ | ५००० | ३५००० | ५००० | १०००० | १०००० | ५००० | ५००० | ३५००० |
| | आयुर्वेद औसधालय निर्माण | संख्या | १ | ३०००० | ३०००० | ० | ३०००० | ० | ० | ० | ३०००० |
| | आयुर्वेद औसधी व्यवस्थापन | पटक | ५ | २५००० | १२५००० | २५००० | २५००० | ० | २५००० | २५००० | १००००० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | आयुवेद ल्याव व्यस्थापन | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | नागरिक आयुर्वेद केन्द्र | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | नियमित कार्यक्रम | पटक | ५ | ५००० | २५००० | ५००० | ५००० | ५००० | ५००० | १ | २०००१ |
| | जडिवुटी खेती | पटक | ५ | २०० | १००० | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | स्वास्थ्यकर्मी तालिम कार्यक्रम | पटक | ५ | ५००० | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| | नसर्ने रोग व्यवस्थापन कार्यक्रम | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | स्वास्थ्य बीमा कार्यक्रम | पटक | ५ | १००० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | स्वास्थ्य जनचेतना कार्यक्रम | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | विपन्नका लागि असाध्य रोग उपचारमा सहयोग | पटक | ५ | १००० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | घर तथा स्तन क्यान्सर स्क्रिनिङ्ग | पटक | ५ | ५००० | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | ५ | ४९०० | २४५०० | ४९०० | ४९०० | ४९०० | ४९०० | ४९०० | २४५०० |
| | विद्यालय स्वास्थ्य कार्यक्रम | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | स्तनपान कक्षको व्यवस्थापन | संख्या | १६ | २०० | ३२०० | ४०० | ६०० | ८०० | ८०० | ६०० | ३२०० |
| | स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | संख्या | २ | ५० | १०० | ५० | ५० | ० | ० | ० | १०० |
| | स्वास्थ्य चौकी निर्माण | संख्या | ३ | ५००० | १५००० | ० | ५००० | ५००० | ५००० | ० | १५००० |
| | स्वास्थ्य सेवा विस्तार कार्यक्रम | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | पोषण तथा जनस्वास्थ्य प्रवद्र्धन कार्यक्रम | पटक | ५ | २००० | १०००० | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| | स्वास्थ्यकर्मी प्रोत्साहन कार्यक्रम | पटक | ५ | १५०० | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| | स्वास्थ्य संस्था स्तरीकरण कार्यक्रम | पटक | २ | १००० | २००० | ० | १००० | ० | १००० | ० | २००० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | सार्वजनिक कार्यालयमा निःशुल्क सेनिटरी प्याडको व्यवस्था | स्थान | १५ | २००० | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० |
| | महिला स्वयंम सेविका प्रोत्साहन कार्यक्रम | पटक | ५ | ३००० | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| | विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम | पटक | ५ | ३००० | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| | सालवसाली कार्यक्रम | पटक | ५ | ८००० | ४०००० | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० |
| | एम्वुलेन्स | वटा | २ | २००० | ४००० | २००० | ० | २००० | ० | ० | ४००० |
| | **जम्मा स्वास्थ्य तथा पोषण** | | | १२७८५० | ५३२३०० | ८१०५० | १२०२५० | ६६४०० | ८५४०० | ७४२०१ | ४२७३०१ |
| ३ | खानेपानी र सरसफाइ | | | | | | | | | | |
| | एक घर एक धारा | धारा | ८००० | १५ | १२००००  | ३०००० | ३०००० | ३०००० | १५००० | १५००० | १२०००० |
| | खानेपानी गुणस्तर परीक्षण तथा सुद्धीकरण | संख्या | १३००० | ०.५ | ६५०० | १५०० | १००० | १००० | २००० | १००० | ६५०० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | सार्वजनिक शौचालय निर्माण | वडा | १५ | ६०० | ९००० | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० |
| | पानी सुद्धीकरण प्रणाली निर्माण | वटा | १५ | ४००० | ६०००० | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० |
| | विद्यालयमा सरसफाईसम्बन्धी अभिमूखीकरण | वटा | ३८ | ५० | ९५०० | १९०० | १९०० | १९०० | १९०० | १९०० | ९५०० |
| | स्वच्छ टोल पुरस्कार कार्यक्रम | वटा | १०० | ५० | ५००० | ५०० | १००० | १००० | १००० | १५०० | ५००० |
| | मुहान पहिचान तथा संरक्षण | पटक | ५० | ३० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| | खानेपानी आयोजना मर्मत तथा व्यवस्थापन | वटा | १५ | २००० | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० |
| | पूर्ण सरसफाईयुक्त नगर कार्यक्रम | वडा | १५ | ५००० | ७५००० | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० |
| | खानेपानी योजना निर्माण | वटा | २० | ४००० | ८०००० | १६००० | १६००० | १६००० | १६००० | १६००० | ८०००० |
| | **जम्मा खानेपानी र सरसफाई** | | | | ३९६५०० | ८५००० | ८५००० | ८५००० | ७१००० | ७०५०० | ३९६५०० |
| ४ | **महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रम विवरण** | | | | | | | | | | |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | महिला रोजगार कार्यक्रम | पटक | ५०० | १५ | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| | दलित स्वरोजगारी कार्यक्रम | पटक | ५०० | १० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | महिला पुरुष सम विकास कार्यक्रम | पटक | ५०० | १० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | पटक | ५०० | १० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | अपांगता भएका व्यक्ति स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | पटक | ७०० | १० | ७००० | १००० | १५०० | १५०० | १५०० | १५०० | ७००० |
| | लैगिक हिंसा न्यूनिकरण कार्यक्रम | पटक | ५ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | सामाजिक विभेद तथा कुप्रथा निरूपण कार्यक्रम | पटक | ५ | ३० | १५० | ३० | ३० | ३० | ३० | ३० | १५० |
| | लक्षित वर्गको सञ्जाल गठन तथा परिचालन | पटक | १५ | ३० | ४५० | ९० | ९० | ९० | ९० | ९० | ४५० |
| | बालमैत्री स्थानीय शासन प्रवद्र्धन | पटक | १५ | ३० | ४५० | ९० | ९० | ९० | ९० | ९० | ४५० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | बालमैत्री कक्ष सञ्चालन | स्थान | ३८ | ३० | ११४० | १८० | ३०० | १८० | २४० | २४० | ११४० |
| | सेफ हाउस स्थापना | संख्या | १ | ३००० | ३००० | ० | ० | ३००० | ० | ० | ३००० |
| | लै स सा स नित तथा कार्यविधी निर्माण | संख्या | १ | १०० | १०० | १०० | ० | ० | ० | ० | १०० |
| | असक्त जेष्ट नागरिक स्याहार कार्यक्रम | पटक | ५ | २०० | १००० | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | **उपक्षेत्रको जम्मा** | | | ३५७५ | ३६२९० | ६२९० | ६८१० | ९६९० | ६७५० | ६७५० | ३६२९० |
| | **युवा तथा खेलकूद उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रम विवरण** | | | | | | | | | | |
| | रंगशाला निर्माण | संख्या | १ | ५०००० | ५०००० | ५००० | १५००० | १५००० | १५००० | ० | ५०००० |
| | नियमित खेलकुद कार्यक्रम | पटक | ५ | १००० | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | संस्कृति तथा पुरातात्विक संपदाको अध्ययन | पटक | १ | १००० | १००० | ० | १००० | ० | ० | ० | १००० |
| | परम्परागत तथा संस्कृतिक गुठी संरक्षण | पटक | ५ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० |

| आ.नं | प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | कुल भौतिक लक्ष्य | प्रति एकाइ | कुल वित्तीय लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लागत | लागत | लागत | लागत | लागत | लागत |
| | साँस्कृतिक संग्राहलयको स्थापना | वटा | १ | १५०० | १५०० | ० | १५०० | ० | ० | ० | १५०० |
| | स्थानीय जात्रा तथा मेला संरक्षण | पटक | ५ | ५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | सामुदायिक पुस्तकालय स्थापना | वटा | १ | १५०० | १५०० | ० | ० | ७५० | ७५० | ० | १५०० |
| | **जम्मा युवा खेलकुद तथा संस्कृति** | | | | | ६६०० | १९१०० | १७३५० | १७३५० | १६०० | ६२००० |
| | **जम्मा सामाजिक क्षेत्र** | | | | | ३१३४९० | ३६४८१० | २९८७४० | २५०२५० | २३६९५१ | १४६४२४१ |

# परिच्छेद छ
# भौतिक पूर्वाधार विकास

## ६.१ पृष्ठभूमि

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो। कुनै पनि स्थानको विकासको मापन भौतिक अवस्थाले गर्दछ। पूर्वाधार विकास क्षेत्र अन्तरगत बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पूल तथा यातायात, जलस्रोत, विधुत तथा वैकल्पिक ऊर्जा, सूचना, सञ्चार तथा प्रविधि जस्ता विषयहरु पर्दछन। व्यवस्थित वस्ती तथा सहरी विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ। दिगो पूर्वाधार तथा संरचनाको विकास र सञ्चालनबाट दिगो लाभ लिन गुणस्तरीय निर्माणका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरूलाई बढोत्तरी र नकारात्मक प्रभाबहरूलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरू अपनाउनु पर्छ। स्थानीय तहमा विकास कार्यलाई योजनावद्ध र व्यवस्थित रूपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न पूर्वाधार विकासले विकास उपलब्धिको प्रवेशद्धारको रूपमा कार्य गर्दछ।

अन्तराष्ट्रिय प्रतिवद्धताको रूपमा प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने, उत्थानशीलता वृद्धि गर्ने तथा हरियाली र खुल्ला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यस लक्ष्य अनुरूप भू-उपयोग योजना तयार गरी सोअनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको द्रुत गतिमा विकास गर्ने, सामाजिक आर्थिक विकासमा सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी पूर्वाधार विकासका आयोजनाको छनौट र यसको कार्यान्वयन तथा नतिजा मापनको आवश्यकता पर्दछ।

उपरोक्त सन्दर्भलाई मध्यनजर गरी विकास प्रतिफललाई इनरूवा नगरपालिकाको दीर्घकालीन सोच र लक्ष्य उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा सञ्चार प्रविधि जस्ता विषय क्षेत्रसम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई यस खन्डमा समावेश गरिएको छ। नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## ६.२ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले योजनावद्ध बसोबास, पूर्वाधारको विकास, बातावरणमैत्री सुरक्षित आवासको नागरिक हकलाई प्रत्याभूति गरेको छ। आवासको प्रकार र बस्तीको बनावट अनुसार यस नगरपालिकामा मिश्रित किसिमको पूर्वाधार

रहेको छ। यस नगरपालिकामा अधिकाांश बस्तीहरु ग्रामिण क्षेत्रमा छन जसमा कच्चि घरहरुको संख्या बढि रहेको छ। स्थानीय सरकार गठन भईसकेपछी नगरपालिकाले नगरको ८० प्रतिशत भन्दा बढी निजी आवासहरुको नक्सा अभिलेखन गरिसकेको छ भने नक्सापास नगरी निजी भवनहरुको निर्माण गर्न रोक लगाइएको छ। नगरपालिकाले बिभिन्न वडाहरुमा सुरक्षित तथा एक्रिकृत वस्तीहरु निर्माण गर्ने कार्य, ठाउँ ठाउँमा मन्दिर, मस्जित तथा प्रतिकक्षालयको निर्माण कार्य अघि बढाएको छ। यस नगरपालिकमा ३२.३ प्रतिशत ढलान भएका, ११.५ माटोको जडान भएका, ३९.९ माटो तथा सिमेन्टको जडान भएका, ३२.५ प्रतिशत काठ बाँसको खम्बा गाडेका १.१ प्रतिशत अन्य रहेका छन।

### ६.२.१ सम्भावना तथा अवसर

नगरपालिका क्षेत्र भित्र निर्माण हुने आवासीय तथा व्यावसायिक भवनलाई व्यवस्थित गर्न घरनक्शा पाससम्बन्धी कार्यविधि तयार तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय भवन संहिता र भवन, योजना तथा बस्ती विकास आधारभूत मापदण्ड र घरनक्शा पाससम्बन्धी कार्यविधिअनुसार नक्सा पास हुने गरेका छन। यस नगरपालिकाका कुल १६,०२९ घरपरिवार मध्ये अनुमानित ३२.४ प्रतिशत घर भूकम्प प्रतिरोधी रहेको र १.३ प्रतिशत खरको छना भएका छन।

राष्ट्रिय भू-उपयोग नीति, २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यावसायिक क्षेत्र, संस्थागत क्षेत्र र यी क्षेत्रहरूको बीचमा ग्रीन वेल्टको अवधारणा सहितको भू-उपयोग क्षेत्रको खाका तयार भएको छ। यसको आधारमा भू-उपयोग योजना र यसको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिएको छ। नगरपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न वर्गीकरण, पुनःप्रयोग र प्रसोधनको सुविधा समेत स्यानीटरी ल्याण्डफिल साइट निर्माणको आवश्यकता देखिन्छ।

### ६.२.२ समस्या तथा चूनौति

भू-उपयोग योजना कार्यान्वन नभइसकेकोले नगरपालिकाको भू-उपयोग क्षेत्र उपयोगमा कठिनाइ देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ। यस नगरपालिका क्षेत्रमा भवनसंहिता २०७२ लागू हुनुभन्दा अगाडि बनेका निजी, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी भए नभएको यकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। नगरपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङस्थल बनेर पनि संचालनमा नआएको र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन।

नगरपालिकाको बजार क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजारीकरण र अन्य पूर्वाधार र सुविधाको कमी रहेको छ। राष्ट्रिय भू-उपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र हरित क्षेत्रका लागि नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन।

बजार तथा नगर क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन, उद्यान, पर्यटकीय, मनोरञ्जन तथा क्रीडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ। नगरपालिकामा एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रयस्थल, गोदाम घर र विपद्को अवस्थामा उद्धार सामाग्रीको कमी रहेको देखिन्छ। यस क्षेत्रमा आधुनिक मापदण्डअनुसार बनेका भूकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी संख्या ३२.४ प्रतिशत रहेको छ। नगरपालिकामा बसोबास गर्ने कुल प्रक्षेपित घरपरिवारमध्ये करिव १.३ प्रतिशत घरधुरीको खरको छानालाई विस्तापित गर्न, सहरी पुर्वाधार विकास गर्न स्रोत व्यवस्थापन गर्नु, प्राविधिक दक्षताको विकास, विभिन्न निकाय विच अन्तर सम्वन्ध स्थापना गर्न, जग्गाको विखन्डन र भुमि खन्डिकरण रोक्न नगरपालिकालाइ चूनौति रहेको छ। त्यस्तै बजार र आवास क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, पार्क, पर्यटकीय, मनोरञ्जन स्थल लगायतका भौतिक पूर्वाधारहरूको विकास गर्नकालागि स्रोतको व्यवस्था गर्न नगरपालिकालाइ चुनैति रहेको छ।

## ६.३ सडक, पूल तथा यातायात

### ६.३.१ सम्भावना तथा अवसर

नेपालको राष्ट्रिय राजमार्ग महेन्द्र राजमार्ग नगरपालिकाको मध्य भाग भएर गएको छ। यस नगरपालिकाको ३३ कि.मी. सडक कालोपत्रे र १०० भन्दा वढि कि.मी. सडक ग्राभेल रहेकोछ। नगरपालिका क्षेत्रभित्रको सडकको चौडाइ र मापदण्डको आधारमा रणनीति सडक, जिल्ला सडक र नगरस्तरीय सडक गरी सडकलाई तीन वर्गमा वर्गीकरण गरिएको छ। उक्त सडकहरूको सडक क्षेत्राधिकार, सेट ब्याकलगायतका मापदण्डहरू नगर यातायात गुरुयोजनामा परिभाषित गरिए अनुसार हुनेछ। जसअनुसार सडकको चौडाइ न्यूनतम ६ मिटर कायम गरिएको छ। पुर्व पस्चिम राजमार्ग यस नगरपालिकामा पर्ने हुँदा पुर्वमा झापा हुदै पाहाडी भाग र पस्चिममा नारायणगढ हुदै काठमाण्डौ, नेपालगंज तथा माहाकालि सम्म आवाज जावत गर्न सकिन्छ।

सडक पुर्वाधार तिनै तहको सरकारको क्षेत्रिधकारमा पर्नु, जनसहभागिता जुट्नु, सवै राजनैतिक दलको प्राथमित्तामा पर्नु, नगरपालिकाको सडक गुरूयोजना तयार हुनु र सडक संरचनाले उच्च प्रतिफल दिनु अवसरका रूपमा रहेका छन।

### ६.३.२ समस्या र चुनौती

नगरपालिकाका सबै वडा तथा वस्तीहरू सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन। नगरपालिकाको सडक मापदण्ड पुर्णरूपमा लागू हुन नसक्दा धेरैजसो सडकहरू साँघुरो रहेका छन् र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन। डि.पि.आर विनानै सडक निर्माण हुनु, सडक निर्माणको लागत महँगो हुनु, सडक निर्माणले डुवान समस्या खडागर्नु, योजना र वजेट विच तालमेल नहुनु, सडक मापदन्ड सुनिस्चित नहुनु, पुल निर्माणकालागि नगरपालिकासँग वजेटको अभावहुनु, झोलुङ्गे पुलको जिम्वेवारी स्पस्ट नहुनु समस्याका रूपमा रहेका छन।

सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँबायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण र वृक्षारोपण गरी संरक्षण र सुन्दरता कायम गर्न नसकेको देखिन्छ। नगरपालिकाको सबै वडा र वस्तीहरूमा बाह्रै महिना यातायत सुचारूगर्नु, २० भन्दा वढि स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था तयार गर्नु मर्मत संभाकालागि दिगो स्रोतको व्यवस्था गर्नु, वातावरण मैत्रि संरचना निर्माण तथा संरक्षणको उपाय अवलम्बन गर्नु चैतिको रूपमा रहेको छ।

## ६.४ विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.४.१ सम्भावना तथा अवसर

नगरपालिकाको अधिकांश वस्तीहरूमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा उपलब्धता ९८.७ प्रतिशत रहेको छ। कुल घरपरिवारमध्ये ४२.१ प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्याँस, ४८.१ प्रतिशत घरपरिवारले दाउरा र करिव ९ प्रतिशत घरपरिवारले मट्टिलतेल अन्य स्रोतको प्रयोग गर्ने गरेका छन्।

### ६.४.२ समस्या तथा चुनौती

यस नगरपालिकामा अझै पनि धेरै घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। विद्युत्, बायोग्याँस, तथा स्वच्छ ऊर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। नगरपालिकाको केही छरिएका वस्तीहरूमा विद्युत् लाइन पुग्ने नसकेको, पुगेको स्थानहरूमा समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाइन गुणस्तरीय बनाई प्रसारण र वितरण हुन सकेको छैन। ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाइको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत् लाइनको कमी रहेको छ। नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सडक बत्तीको सुविधा उपलब्ध हुन सकेको छैन। नगरपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरूबीचको समन्वय र सहकार्यलाई नियमित र दिगो बनाउनु एक प्रमुख चुनौतीको रुपमा देखिएको छ।

## ६.५ सूचना, संचार र प्रविधि

### ६.५.१ सम्भावना तथा अवसर

नगरपालिकाको लगभग सबै क्षेत्रमा मोबाइल टेलिफोनको पहुँच रहेको छ भने वडा कार्यालय, माध्यमिक विद्यालय र स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको पहुँच रहेको देखिन्छ। नगरपालिकाको कुल जनसङ्ख्यामध्ये ९७ प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको देखिन्छ। नगरपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा सञ्चारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन्।

नगरपालिकामा लेखा प्रणाली व्यवस्थापनका लागि SUTRA भुक्तानी सम्बन्धी प्रक्रियाका लागि CGAS, जिन्सी व्यवस्थापनका लागि PAMS; घटना दर्ताका लागि VERS सफ्टवेयर तथा आन्तरिक सूचना प्रवाह प्रणालीका लागि

SMS सेन्ट्रल सञ्चालन गरी विद्युतीय शासन प्रणाली मार्फत् शासन प्रणालीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी बनाउन उल्लेख्य सहयोग पुगेको छ। यसबाहेक नगरपालिकले सूचना प्रविधिमा आधारित कार्यसञ्चालन प्रणालीलाई संस्थागत गरिएको छ। नगरपालिकामा इन्टरएक्टिभ वेभसाइट, मोबाइल एप्स् र विभिन्न ६ प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवेयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ। नगरपालिकाको इन्टरएक्टिभ वेबसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत् सूचनाहरू नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भइरहेको छ।

### ६.५.२ समस्या र चुनौती

कतिपय बस्ती र स्थानहरूमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ। नगरपालिका क्षेत्रभित्र सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र सवै वडा कार्यालयमा इन्टरनेटको गुणस्तरिय सेवा सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। सबै विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन। नगरपालिकाले यसकालागि कार्ययोजना वनाएर कार्य गर्नुपर्ने देखिन्छ।

सुचना प्रविधिको प्रयोगलाइ मर्यादित र विस्वसनिय वनाउन नसक्नु, सवैको पहुँचमा प्रविधको प्रयोग गर्ने क्षमताको विकास गर्नु प्रमुख चुनौती रहेको छ।

## ६.६ सोच, लक्ष्य, उदेश्य र रणननीति र कार्यनीति

यस नगरपालिकाको पूर्वाधार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएकोछ :

### ६.६.१ नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच

"सुरक्षित, सुव्यवस्थित एवम् उत्थानशील पूर्वाधारयुक्त शहर"

### ६.६.२ विषय क्षेत्रगत लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

"आधुनिक, व्यावसायिक र व्यवस्थित अन्तर आवद्धतायुक्त शहर निर्माण गर्ने"

### ६.६.३ विषय क्षेत्रगत उदेश्य

नगरपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- भूउपयोग योजनामा आधारित योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु,
- सबै वस्ती तथा घरधुरीसम्म पुग्ने दिगो र सुरक्षित सडक सञ्जाल विस्तार गर्नु,
- विद्युत् र स्वच्छ ऊर्जाको गुणस्तर र उपभोगमा वृद्धि गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको पहुँच र गुणस्तरमा वृद्धि गर्नु।

**६.६.४ रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : योजनाबद्ध र उत्थानशील आवास, बजार तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु** | |
| १.१ भूउपयोग क्षेत्र वर्गीकरण तथा भूउपयोग योजना तयार गरी स्थानीय सम्भाव्यता र शौन्दर्यता प्रवर्द्धन तथा विद्यमान स्रोतको संरक्षणलाई विशेष जोड दिने। | • स्थानीय भू-बनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरी योजनावद्ध, दिगो तथा व्यवस्थित बस्ती विकासको आधार तयार गरिनेछ। साथै, स्थानीय सम्भाव्यता, विद्यमान तथा चलिआएका स्थानगत क्रियाकलापहरू, विस्तृत सर्भेक्षण र सामुदायिक छलफल/भावना समेतलाई मध्यनजर गरी भौगोलिक सूचना प्रणालीका माध्यमबाट भूउपयोग क्षेत्र निर्धारण र नक्साङ्कन गरिनेछ।<br>• भूउपयोग तथा शहरी विस्तार नीति तर्जुमा गरी शहरीकरणलाई तोकिएका क्षेत्रहरूमा केन्द्रित गरिनेछ।<br>• भूउपयोग योजना तथा त्यसको प्राथमिकता अनुरुप शहरी विस्तारका लागि प्रस्तावित नगरिएको क्षेत्रलाई निरुत्साहित गर्ने र प्रस्तावित क्षेत्रमा प्रस्ताव गरिएअनुरुप नै आवास, बजार र पूर्वाधार विस्तार गर्नका लागि स्पष्ट नीति तर्जुमा र कार्यान्वयन गरी नगरको वातावरण प्रवर्द्धन गरिनेछ।<br>• बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ। भू-उपयोग क्षेत्रहरूको बीचमा हरित क्षेत्रको विकास गरी शहरी शौन्दर्य वृद्धि गरिनेछ।<br>• भू-उपयोग योजना अनुसार कृषि क्षेत्रलगायत अन्य प्राकृतिक स्रोतको संरक्षणका लागि उच्च महत्व दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्साङ्कन र अभिलेख तयार गरी उद्यान, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ। |
| १.२ भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने। | • प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान सहित भौतिक तथा पूर्वाधारको निर्माण आदिका लागि जग्गा विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न भवन विभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र वस्ती विकास क्षेत्र निर्माण गरिनेछ। व्यवस्थित तथा योजनावद्ध शहरी विकासलाई प्रोत्साहित गर्न एकीकृत बस्ती विकास र सुरक्षित आवास क्षेत्रको नमुना तयार गरी निर्माण कार्य गरिनेछ।<br>• नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत सङ्कलन, नक्साङ्कन, अभिलेखकरण गरी कानून अनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ।<br>• सडक तथा टोल/बस्तीमा प्रतिक्षालय वा चौतारो निर्माण गरी व्यवस्थित शहर निर्माण गरिनेछ।<br>• नगरपालिका क्षेत्रभित्रको मूल तथा सहायक सडकहरूको दायाँ-बायाँ दुवैतर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरतामा अभिवृद्धि गरिनेछ।<br>• नगरपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपूर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ।<br>• औद्योगिक ग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालीन सामग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ। |
| १.३ पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, पारदर्शी, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने। | • भवन निर्माण मापदण्ड २०६२ संशोधन र कार्यान्वयन गरी नगरमा निर्माण गरिने भवनहरूबाट नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा आउन सक्ने ह्रास न्यूनीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • टोल विकास समिति, उपभोक्ता समिति तथा टेण्डरमार्फत् निर्माण गरिने पूर्वाधार आयोजनाका लागि सिलिङ निर्धारण गर्न, निर्माणकर्ताको जवाफदेहिता अभिवृद्धि गर्न, निर्माण प्रक्रियालाई प्रभावकारी र योजनालाई दिगो बनाउने।<br>• सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई नियमित र परिमाणमुखी बनाई ठेकेदार, निर्माण समिति, उपभोक्ता समिति र टोल विकास समितिसमेतलाई आफ्नो कामप्रति जवाफदेही बनाउने परिपाटी सुरुआत गरिनेछ।<br>• पूर्वाधार विकास कार्यमा कानूनले तोकेबमोजिमका सबै आयोजनाहरू लगायत ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन वातावरणीय अध्ययन परीक्षणलाई अनिवार्य गरिनेछ।<br>• भवन निर्माण आचार-संहिता सम्बन्धी तालिम प्रदान गरी तालिम प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ।<br>• उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको गर्ने व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नुअघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ।<br>• स्थानीय भौगोलिक, आर्थिक विशिष्ठतामा आधारित पूर्वाधारहरूको निर्माण गरी स्थानीय सम्भावनाको सदुपयोग र आर्थिक वृद्धि प्रवर्द्धनलाई सहजीकरण गरिनेछ।<br>• सार्वजनिक निजी-साझेदारीको अवधारणा लागू गरी पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता वृद्धि गरिनेछ। |
| १.४ वडा कार्यालयलाई सेवा प्रवाह केन्द्र/एकाइको रुपमा विकास गर्ने तथा पूर्वाधार विकासलाई समावेशी बनाउने। | • अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रुपमा वडा कार्यालय भवन निर्माण गरी वडा कार्यालयमा फरक क्षमता भएका सबै वर्गको पहुँच सुनिश्चित गरिनेछ।<br>• नगरपालिका क्षेत्रभित्र पर्ने पर्यटकीय संभावना रहेको पर्यटकीय क्षेत्रलाई संभाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न पूवाधार लगायत सेवा सुविधाको विकास र विस्तार गरिनेछ।<br>• वडामा समानुपातिक विकास गर्ने उद्देश्यले निश्चित मापदण्डको आधारमा वडास्तरबाटै योजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>• नगरपालिकाको सबै वडाहरूमा मुख्य आयोजनाहरू सडक, खानेपानी, सिंचाइ एवम् अन्य पूर्वाधार निर्माणमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोको आधारमा बजेट विनियोजन र कार्यान्वयनको व्यवस्था गरिनेछ।<br>• सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट सेवा प्रवाह गरिनेछ। |
| उद्देश्य २ : सुदृढ यातायात र सहायक संरचना तथा सुविधाको विकास र विस्तार गर्नु, | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ नगरपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने। | • यातायात गुरुयोजना र सडकको मापदण्ड अनुसार सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामकरण गरी सडक निर्माण, चौडा तथा स्तरोन्नति गर्ने र नियमित मर्मत-संभारको व्यवस्था गरिनेछ।<br>• नगरपालिकाको सडक सञ्जाल विस्तार र सडक नपुगेका स्थानहरूमा सडकको पहुँच पुर्याइने छ। विद्यमान सडकहरूको र स्तरोन्नती गरी गुणस्तर सुधार गर्दै लगिनेछ।<br>• सबै वडाको केन्द्र, बजार क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रहरूमा पक्की सडक सञ्जालमा आवद्ध गरी आवागमन सुचारु गरिनेछ।<br>• बसपार्क तथा बिशौनी, सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन सेवा केन्द्र सहित सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ।<br>• सडक तथा सार्वजनिक स्थानमा निर्माण सामग्री तथा अवरोध पुर्याउने खालका अन्य सामाग्रीहरू राख्नेलाई कानून अनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ।<br>• नगरपालिका तथा वडाको केन्द्र एवम् एकभन्दा बढी वडाहरू जोड्ने रणनीतिक सडकहरूलाई प्राथमिकीकरण गरी सहायक संरचना समेत चरणबद्ध रुपमा ग्राभेल, कालोपत्रे र ढलान गरिनेछ।<br>• सडक र अन्य पूर्वाधारको गुणस्तर सुधारका लागि आवश्यकताअनुसार अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यलाई निरन्तरता दिने नीति लिइनेछ। |
| २.२ सडक अधिकार क्षेत्र तथा पूर्वाधारसम्बन्धी मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरी पूर्वाधार क्षेत्रको गुणस्तर अभिवृद्धि गर्ने। | • नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड र स्तर निर्धारण, नक्साङ्कन, वर्गीकरण, नामकरण र प्राथमिकता निर्धारण सहित सडक, पुल र यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउन यातायात गुरुयोजना अद्यावधिक गरी सो अनुसार सडक पुल निर्माण तथा यातायात सञ्चालनलाई व्यवस्थित गरिनेछ।<br>• प्रहरी, प्रशासन, टोल विकास संस्थाहरू र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ।<br>• सडक मापदण्ड लागू हुनुभन्दा अघि बनेका र रहेका संरचनाहरू हटाउन सरोकारवालासँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ।<br>• परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | • नगरपालिका क्षेत्रभित्रको सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आधारित गरी नामकरण, साङ्केतीकरण तथा अभिलेखीकरण गरिनेछ। |
| २.३ कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरणमैत्री र उत्थानशिल सडक तथा सहायक संरचना र सुविधाको विकास र विस्तार गर्ने। | • नगरपालिकाका रणनीतिक सडकहरूको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, पिच र ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ।<br>• वातावरणीय अध्ययन पश्चात् विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ।<br>• सडक विकास र स्तरोन्नतिसँग कृषि, मत्स्यपालन तथा पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सडकको वर्गीकरण, नामकरण र मापदण्ड अनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ।<br>• स्थानीय स्रोत-साधन, सीपको प्रयोगबाट सञ्चालन हुने, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३ : विद्युत् र स्वच्छ ऊर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु** | |
| ३.१ विद्युत् लाइन, क्षमता तथा स्तर वृद्धि गर्ने। | • विद्युत् प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत् लाइनको क्षमता विस्तार, जीर्ण पोल र तार मर्मत गरिनेछ।<br>• खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ।<br>• वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरूमा पावर ब्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ।<br>• नेपाल विद्युत् प्राविधिकरणसँग समन्वय र साझेदारी गरी विद्युत् क्षमता कम भएको कारण विद्युत् अवरोध हुने स्थानहरूमा विद्युतको क्षमता विस्तार गरिनेछ।<br>• जमिनमाथिका विद्युत् लाइनलाई अण्डरग्राउण्ड प्रणालीमा रुपान्तरण गर्न विद्युत् प्राधिकरण र नेपाल सरकारसँग पैरवी र पहल गरिनेछ। |
| ३.२ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवद्र्धन गरी स्वच्छ ऊर्जाको पहुँच र उपयोग वृद्धि गर्ने। | • वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ ऊर्जामा पहुँच वृद्धि गरिनेछ।<br>• दाउरा र जैविक ऊर्जाको प्रयोगलाई कम गर्दै लैजान बायोग्याँस, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत् चुल्हो र सोलार उपयोगको प्रवर्द्धन एवम् विस्तार गरिनेछ।<br>• कृषि क्षेत्र एवम् विपन्न वस्तीमा एल.पी. ग्याँसको सट्टामा बायोग्याँसलगायत वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। गरिब तथा विपन्न |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्दनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।<br>• नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ। |
| **उदेश्य ४ : सूचना तथा सञ्चार प्रविधिको गुणस्तर र उपभोगमा वृद्धि गर्नु** | |
| ४.१ सूचना तथा सञ्चारसम्बन्धी आधुनिक प्रविधिलाई विद्युतीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने। | • नगरपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरिनेछ।<br>• नगरपालिकामा सूचना केन्द्र स्थापना गरी नगरपालिकाको विकाससँग सम्बन्धित सम्पूर्ण सूचनाहरू एकीकृत रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ तथा सूचना केन्द्रलाई नगरपालिकाको तथ्याङ्कलाई डिजिटल रुपमा सङ्कन, व्यवस्थापन, प्रशोधन तथा विश्लेषण गर्न सक्षम बनाइनेछ।<br>• वडा कार्यालयहरूबाट सङ्कलित सूचना/तथ्याङ्कलाई सूचना केन्द्रमा जोड्ने व्यवस्था गरिनेछ।<br>• नगरपालिकाबाट सञ्चालित सबै आयोजनाहरूमा सूचनापाटी, त्रैमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ। प्रत्येक वडामा नगरपालिका स्तरीय त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।<br>• आयोजना तथा कार्यक्रम सम्झौता, अनुगमन तथा सुपरीवेक्षण र प्रगति प्रतिवेदन लगायतका कार्यहरूलाई अनलाईन योजना सफ्टवेयर प्रणालीमा जोडी नगरपालिका तथा योजना शाखाको योजना अध्ययन र प्रगती समीक्षा क्षमता सुदृढीकरण गरिनेछ। |
| ४.२ नगरबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी र प्रकोप लगायतका विषयसम्बन्धी सूचना अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने। | • नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ।<br>• सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठन-पाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ।<br>• कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सडक बत्ती र सिसिटिभी क्यामेरा जडान गरिनेछ।<br>• ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ।<br>• टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग निकायसँग समन्वय र पैरवी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • स्थानीय सञ्चार माध्यमसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाइ, कृषि, उद्यम विकास र विपद व्यवस्थापन लगायतका विषय क्षेत्रमा सूचना प्रविधि प्रणालीमा आधारित जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ। |
| ४.३ सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउने। | • मोबाइल एप्स्, एफ.एम. रेडियो, पत्रपत्रिका र वेबसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ।<br>• पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।<br>• स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ।<br>• सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ।<br>• नगरपालिकाको निश्चित क्षेत्रमा हरित उद्यान, मनोरञ्जनात्मक सेवा तथा सुविधाहरूसहितको फ्रि वाईफाई जोन स्थापना गरी इन्टरनेट सेवामा आमनागरिकको पहुँच वृद्धि गर्नुका साथै नगरपालिकाको शौन्दर्य अभिवृद्धि गरिनेछ।<br>• पूर्वाधार सम्बन्धी चेकलिष्टहरू तयार गरी प्रविधिमैत्री अनुगमन एप्लिकेसन मार्फत् अनुगमन कार्यलाई अझ बढि प्रभावकारी र पारदर्शी बनाइनेछ। |

## ६.७ अपेक्षित उपलब्धि तथा नतिजा तालिका

यस आवधिक योजनाको कार्यान्वयनपश्चात् समग्रमा यस नगरपालिकाको आवास क्षेत्र, बजार, औद्योगिक पूर्वाधार व्यवस्थित र उत्थानशील भएको हुनेछ। यस क्रममा नगरपालिकाको योजनावद्ध र पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ। योजना अवधिमा बजार केन्द्रहरू आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा नमूनाको रुपमा विकास गरिएका हुनेछन्। वडाका प्रमुख वस्तीहरूमा एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ। नगरपालिकामा ८० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि तथा मापदण्ड अनुसार बनेका आवासमा बसोबास गरेका हुनेछन्।

नगरपालिकाको सबै वडा केन्द्रहरू बाह्रै महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिएका हुनेछन्। कालोपत्रे वा पक्की सडक १५० कि.मी. सहित सञ्जालमा पहुँच भएका जनसंख्या ७५ प्रतिशत पुगेको हुनेछ। नगरपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ६० मिनेट सयममा नगरपालिका केन्द्र र २० मिनेट समयमा बडा केन्द्रमा पुग्न

सक्नेछन्। हरेक स्वास्थ्य संस्थामा यातायात सुविधाको सहज पहुँच हुनेछ। योजना अवधिमा नगरपालिकाको ७० प्रतिशत घरपरिवारले विद्युत्, सुधारिएको चुल्हो, बायोग्याँस लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ। यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा ९० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ। पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

## ६.८ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको पुर्वाधार क्षेत्रको नतिजा हासिल गर्न नगरपालिकाको आफ्नै स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी प्राथमिकताका आधारमा योजना अवधिमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रम देहायअनुसार रहेका छन्

**तालिका न. ६.२ पुर्वाधारक्षेत्रका प्रमुखा कार्यक्रमहरू**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ७९।८० | लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा | |
| **क) भवन तथा आवास** | | | | | | | | | | |
| जनता आवास कर्यक्रम | संख्या | २० | २०० | ९६०० | १०८०० | १२००० | १३२०० | १४४०० | ६०००० | ३०० |
| सभाहल | संख्या | ० | १ | ४८०० | ५४०० | ६००० | ६६०० | ७२०० | ३०००० | ३०००० |
| मर्मत सम्भार | स्थान | ० | | ४८०० | ५४०० | ६००० | ६६०० | ७२०० | ३०००० | ३०००० |
| भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम र सचेतना कार्यक्रम | पटक | ० | ५ | ३२० | ३६० | ४०० | ४४० | ४८० | २००० | ४०० |
| असुरक्षित बस्तीहरूको संरक्षणको लागि रिटेनिङ वाल, ग्याविन वाल तथा बाँध निर्माण | मिटर | ० | १३०० | ९५६८ | १०७६४ | ११९६० | १३१५६ | १४३५२ | ५९८०० | ४६ |
| त्रिवेणी पार्क निर्माण | स्थान | २ | १ | ३२०० | ३६०० | ४००० | ४४०० | ४८०० | २०००० | २०००० |
| सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | १५ | १५ | ४८०० | ५४०० | ६००० | ६६०० | ७२०० | ३०००० | २००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ७९।८० | लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा | |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मनोरञ्जन पार्क निर्माण | संख्या | १ | १ | ८००० | ९००० | १०००० | ११००० | १२००० | ५०००० | ५०००० |
| मठमन्दिर, पाटीपौवा र धर्मशाला, निर्माण, मर्मतसम्भार र संरक्षण | संख्या | ३० | १५ | २३०४० | १०८० | १२०० | १३२० | १४४० | ६००० | ४०० |
| स्वर्गदारी घाट | संख्या | ० | १ | २४००० | २७००० | ३०००० | ३३००० | ३६००० | १५०००० | १५०००० |
| कवर्ड हल निर्माण | संख्या | ० | १ | १०००० | १८००० | २०००० | २२००० | २४००० | १००००० | १००००० |
| **उपक्षेत्र क को जम्मा** | | | | १०२१२८ | ७८८०४ | १०७५६० | ११८३१६ | १२९०७२ | ५३७८०० | |
| **ख) सडक पुर्वाधार** | | | | | | | | | | |
| पक्की सडक निर्माण | कि.मि | ५ | ८५ | २१७६०० | २४४८०० | २७२००० | २९९२०० | ३२६४०० | १३६०००० | १६००० |
| संरचना समेत सडक ग्राभेल | कि.मि. | ५५ | ३० | २८८०० | ३२४०० | ३६००० | ३९६०० | ४३२०० | १८०००० | ६००० |
| पक्की पूल निर्माण | संख्या | ७ | १२ | ३८४०० | ४३२०० | ४८००० | ५२८०० | ५७६०० | २४०००० | २०००० |
| कल्भट | संख्या | | ६ | २८८० | ३२४० | ३६०० | ३९६० | ४३२० | १८००० | ३००० |
| झोलुङ्गे पुल निर्माण तथा मर्मतसंभार | स्थान | १० | ८ | ३८४ | ४३२ | ४८० | ५२८ | ५७६ | २४०० | ३०० |
| सडक किनारा वायोइञ्जिनियरिङ | कि.मि. | १० | ७ | ५६०० | ६३०० | ७००० | ७७०० | ८४०० | ३५००० | ५००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ७९।८० | लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा | |
| सडक सुरक्षा संकेत र प्रतिक्षालय निर्माण | कि.मि. | ० | ५० | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | १०० |
| **उपक्षेत्र ख को जम्मा** | | | | २९४४६४ | ३३१२७२ | ३६८०८० | ४०४८८८ | ४४१६९६ | १८४०४०० | |
| **ग) विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | | | | | |
| सडक वत्ती जडान र विस्तार | संख्या | १९ | ६० | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १०० |
| विद्युत लाइन, पोल र क्षमता विस्तार कार्यक्रम | कि.मि. | ३५० | २० | १८०० | १९०० | २००० | २१०० | २२०० | १०००० | ५०० |
| वैकल्पिक उर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | पटक | ० | ५ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १२०० |
| पावर व्याकअप प्रणाली जडान र मर्मत सम्भार | संख्या | २१ | ४४ | २४०० | २५०० | २६०० | २७०० | ३००० | १३२०० | ३०० |
| **उपक्षेत्र ग को जम्मा** | | | | **६२००** | **६६००** | **७०००** | **७४००** | **८०००** | **३५२००** | |
| **घ) सुचना तथा सञ्चार प्रविधी** | | | | | | | | | | |
| इन्टरनेट जडान र क्षमता विस्तार | न.पा | ११ | ५८ | १००० | १०५० | ११०० | १२०० | १४५० | **५८००** | १०० |
| विषयगत सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | संख्या | ६ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | २५० |
| सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, | संस्था | १५ | ५६ | १००० | ११०० | १२०० | १३०० | १००० | **५६००** | १०० |
| **उपक्षेत्र घ को जम्मा** | | | | **२५००** | **२६५०** | **२८००** | **३०००** | **२९५०** | **१३९००** | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ७९।८० | लक्ष्य | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा | |
| **पुर्वाधार क्षेत्रको कुल वजेट** | | | | ४०५२९२ | ४१९३२६ | ४८५४४० | ५३३६०४ | ५८१७१८ | २४२७३०० | |

# परिच्छेद सात

# वन, वातावरण तथा विपद्व्यवस्थापन क्षेत्र

### ७.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-८ मा विपद व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। प्राकृतिक वातावरणमा विश्वव्यापी रूपमा विनाश हुँदै गएका कारण इनरूवा नगरपालिका क्षेत्रमा यसको प्रभावबाट प्रभावित भईरहेको सन्दर्भमा यसलाई न्यूनीकरण गर्न प्रभावकारी वन, वातावरण तथा विपद् व्यवस्थापन योजना तर्जुमा गर्न आवस्यक रहेको छ। नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पन्क्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने कुरालाई महत्व दिएको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी, नेपाल संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार, राहत एवम् पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने कुरालाई जोड दिएको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, विपद्पश्चातको पुनःलाभ पुनःनिर्माण र पुनःस्थापना कार्यका लागि राष्ट्रिय पुनःनिर्माण तथा पुनःस्थापना नीति, २०७२ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

दिगो विकासका १७ वटा लक्ष्यमध्ये १० वटा र ६९ वटा मुख्य सूचकमध्ये २५ वटा सूचक विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपले सम्बन्धित रहेका छन्। दिगो विकास लक्ष्यले सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा विश्वव्यापी लक्ष्यमार्फत् विपद बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षतिलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न योगदान गर्दछ।

संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भू-संरक्षण, जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ।

### ७.२ वन, हरियाली, जैविक विविधता

#### ७.२.१ सम्भावना तथा अवसर

इनरूवा नगरपालिका पूर्वि तराइमा पर्दछ। यस नगरपालिकाको अधिकांश क्षेत्र कृषी भुमि भएकाले यस नगरपालिकामा वन क्षेत्र रहेको छैन तर नगरपालिका क्षेत्रमा खालि सार्वजनिक जमिन तथा खोला किनार रहेका हुनाले यसको संरक्षण गर्दै वनको विकास गरि वातावरण संरक्षण गर्न सकिने सम्भावना रहेको छ। यस नगरपालिकका खालि स्थानमा रैथाने प्रजातिका साल, खयर, सिशौ, करम, पिपल, बर, वडहर, आँप, लिचि, कटहर, अमला, हर्रो, बर्रो, सिमल, बाँस, धङेरो, वनमारा, तथा आयातित प्रजाति मसला, टिक विस्तार गर्न सकिने देखिन्छ।

वन्यजन्तुको विविधताका दृष्टिकोणले हेर्ने हो भने यहाँ, स्याल, बाँदर, खरायो, बिरालो, लगायत वन्यजन्तु र चराचुरुङ्गी अन्तर्गत वन कुखुरा, कोइली, काग, सुगा, मैना, ठेउवा, भगेरो, सारौ, झिल, काग, लाटोकोसेरो, पानी हाँस गरी दुवैका एक दर्जनभन्दा बढी प्रजाति पाइन्छन्। यस्तै घिस्रिने प्रजाति अन्तर्गत सर्प, सुन गोहोरो, सालक, गँगटो, मुसा, गडचौला, भ्यागुता, कछुवालगायत जीवजन्तु पाइन्छन्। यसमध्ये सर्पका धेरै प्रजातिहरू पाइन्छन् जसमध्ये गोमन, करेत, धामन, ढोड करेत, किङ कोब्रा, प्रमुख छन्।

#### ७.२.२ समस्या र चुनौती

नगरपालिका तथा स्थानिय रूपमा वृक्षरोपण गरिएको यस क्षेत्रमा वनस्पतिको पुनरुत्पादन दर न्युन रहेको छ। केही लहरे झारको फैलावट अत्याधिक भएकाले यहाँको वनस्पतिक जैविक विविधतामा ह्रास आएको छ र वन्यजन्तुका लागि आहाराको कम हुन गएको छ।

जैविक विविधताको प्रोफाइल/तथ्याङ्क नभएको हुँदा कुन प्रजाति के कसरी लोप भइरहेको छ भन्ने बारेमा यकिन गर्न सकिने अवस्था रहेको छैन। जडिबुटीलगायत गैरकाष्ठ वन पैदावारलाई आय आर्जनको एक प्रमुख माध्यमका रुपमा विस्तार गर्न सकिएको अवस्था छैन। यसका लागि प्रवर्द्धनात्मक कार्य र उचित बजारको व्यवस्थापन/सुनिश्चितता नहुनु समस्याको रुपमा रहेका छन्।

### ७.३ भु-संरक्षण तथा जलाधार व्यवस्थापन

#### ७.३.१ सम्भावना तथा अवसर

सुनसरी खोला यस नगरपालिकाका प्रमुख नदी हो र यस नगरपालिकामा अन्य साना नाला पनि रहेका छन जसमा वर्षाका समयमा मात्र पानी रहने गर्छ। सुनसरी खोला तथा यसका जलाधार क्षेत्रमा वर्षा याममा पर्ने पानी बगेर भेलबाढीका रुपमा आउने गर्छ। स्थानीय खोलावाट निस्कने पानीले नगरपालिकामा रहेको छ। कृषियोग्य जमिनमा सिंचाइको उपलब्धता भएको छ। यस्तैगरि, यस क्षेत्रमा २०-५० फिटको गहिराइमा पानीको सतह भेटिने भएकाले भूमिगत पानीको सहज पहुँच रहेको छ। नगर क्षेत्रमा साना ठुला गरी दर्जन भन्दा वढी सार्वजनिक पोखरीहरू रहेका छन् भने निजि पोखरीमा माछापालन हुने गरेको छ।

### ७.३.२ समस्या र चुनैति

स्थानीय खोलाहरूले हरेक वर्ष खेतीयोग्य जमिन कटान र पटान गर्नु यहाँको एउटा प्रमुख चुनौतीको रुपमा रहेको छ। सुनसरी खोलाले हालसम्म २०० बिघाभन्दा बढी खेतीयोग्य जमिन कटान गरी बगरमा परिणत गरिसकेको छ भने ५० बिघाभन्दा बढी जमिनमा बलौटेले पुरिएर खेतीयोग्य जमिनको गुणस्तरमा ठूलो ह्रास आएको छ। नगरपालिकाका तल्लो क्षेत्रका वडाहरू र वडा नं. १ प्राय वर्षै पिच्छे डुवानको चपेटामा पर्ने गरेको छ।

नगरपालिका क्षेत्रमा रहेका स्थानीय वन क्षेत्रको संरक्षणमा कमी छ, यस क्षेत्रमा रुख कटानी तथा अनधिकृत ढुङ्गा निकासीको समस्या ठूलो रहेको छ। यहाँ रहेका केही पोखरी संरक्षणको अभावले सुख्खा भएकाले तिनको वातावरणीय र आर्थिक उपयोग हुन सकेको छैन। उपजलाधार क्षेत्रहरू पहिचान, तिनीहरुको प्रकृति विश्लेषण र तदनुरुपका कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन।

## ७.४ वातावरण संरक्षण र स्वच्छता

### ७.४.१ सम्भावना तथा अवसर

नगरपालिका क्षेत्रमा वार्षिक रुपमा सरदर ५,००० बिरुवा वृक्षरोपण गर्ने गरिएको छ। वार्षिक वृक्षरोपणको अभ्यासले यस क्षेत्रमा वन, हरियाली र वातावरण संरक्षणमा योगदान पुगेको छ। इनरूवा वजारका सडक दायाँबायाँ ३ कि.मि. मा वृक्षरोपण सुरु गरिएको छ। केही समुदायले चाडपर्व विशेषमा सामुदायिक सरसफाइको अभ्यास गर्ने गरेका छन्। स्थानीय रुपमा टोल विकास समितिहरू गठन गर्ने कार्य प्राथमिकतामा रहेको र उक्त समितिहरूलाई स्थानीय स्तरको सामुदायिक सरसफाइ तथा स्वच्छता अभिवृद्धिका काममा परिचालन गर्न सकिनु यहाँको स्वच्छता अभिवृद्धिका सन्दर्भमा एउटा उल्लेख्य सम्भावनाको विषयका रुपमा रहेको छ। साथै, वातावरण संरक्षण र स्वच्छता अभिवृद्धि स्थानीय सरकारको क्षेत्राधिकारका रुपमा रहनु तथा यसका लागि वार्षिक रुपमा आवश्यक पर्ने न्यूनतम रकम विनियोजन गरी कार्यान्वयन गर्न नगरपालिका सक्षम हुनु यस क्षेत्रको सबल पक्ष हो। फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले अन्य नगरपालिकासँग साझेदारीको पहल गर्न सुरु गरेको हुँदा इनरूवा बजार तथा नगर क्षेत्रको सरसफाइमा वृद्धि हुने अपेक्षा बढेको छ। पर्याप्त कृषियोग्य जमिनको उपलब्धता भएको हुँदा परम्परागत बीउविजन र कृषि बालीलाई कायम राखी जैविक विविधता, समुदायको जलवायु अनुकूल क्षमतामा वृद्धि गर्न सकिने सम्भावना/अवसर रहेको छ।

### ७.४.२ समस्या र चुनौती

नगरपालिका क्षेत्रमा उल्लेख्य वन क्षेत्र नभएकोले नगरपालिकाले वातावरण संरक्षण र स्वच्छता अभिवृद्धिका लागि यहाँ यस क्षेत्रमा उल्लेख्य रुपमा काम गर्नुपर्ने आवश्यकता देखिन्छ। नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जमिनको पहिचान, संरक्षण तथा नक्साङ्कन हुन सकेको छैन, जसले गर्दा उक्त सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमण बढ्दै गएको छ। उक्त सार्वजनिक सम्पत्तिको खोजी, पहिचान, संरक्षण तथा नक्साङ्कन गरी तिनलाई वातावरण संरक्षण, सामुदायिक उपयोग तथा शहरी शौन्दर्यता वृद्धिका दृष्टिले उपयोग गर्नुपर्ने आवश्यकता रहेको छ। निर्माण कार्य एवम् नदीजन्य पदार्थ उत्खननका लागि आवश्यकताअनुसारको वातावरणीय अध्ययन नहुनु र अध्ययन भएका

स्थानमा उक्त अध्ययनको सिफारिश अनुरुप कार्यान्वयन गर्न नसक्नुले गर्दा प्राकृतिक स्रोतको अनियन्त्रित दोहन बढेको छ। यसको व्यस्थापनका लागि नगरपालिका लगायत सम्बन्धित सबै सरोकारवालाले अनुगमन, नियमनलाई कडाइका साथ पालन गर्नुपर्ने अवस्था रहेको छ।

नगर क्षेत्रका ग्रामीणभेगमा सडक तथा बाटो छेउछाउ गाईवस्तु बाँध्ने, तिनका मलमूत्र त्यसै छोड्ने, अन्य फोहोरमैला थुपार्ने प्रवृत्तिका कारण उक्त क्षेत्रहरूमा शहरी तथा वातावरणीय शौन्दर्यता कमजोर रहेको देखिन्छ। यसका अलावा मुख्य बजार क्षेत्रलगायत अन्य क्षेत्रमा समेत फोहोरमैलाको नियमित सङ्कलन, प्रशोधन हुन सकेको छैन। मुख्य बजार क्षेत्र इनरूवा सुनसरी जिल्लाको सदरमुकाम भएता पनि महत्वपूर्ण बजार क्षेत्रमा पनि खुला ढल र यहाँ देखिने फोहोर मैलाले गर्दा यहाँको शहरी शौन्दर्यतामा ह्रास आएको छ। टोलटोलमा टोल विकास समितिहरू परिचालन गर्न सकिएको छैन। बाटोघाटो र अन्य स्थलहरूमा यात्री एवम् अन्य सर्वसाधारणले समेत फोहोरमैला यथोचित स्थानमा विसर्जन गर्ने परिपाटी तथा संस्कारको विकास हुन नसक्दा सार्वजनिक स्थलहरू स्वच्छ सफा हुन सकेका छैनन्। प्लाष्टिकका बोतललगायतका सामग्रीहरू जथाभावी फाल्ने, रासायनिक मलका बोराहरू, कीटनाशक औषधीका भाँडाहरू जथाभावी फाल्ने प्रचलनले गर्दा जल एवम् भूमि प्रदूषण बढ्दै गएको अवस्था छ र यसमा सुधारको लागि उल्लेख्य प्रयास हुन सकेको छैन।

कृषि गतिविधिसँग सम्बन्धित भूमि प्रदूषण निरन्तर बढ्दै गएको छ। रासायनिक मल तथा विषादीको अनियन्त्रित प्रयोगका कारण कृषियोग्य जमिनको उत्पादकत्व क्षमता ठूलो ह्रास आइसकेको छ भने आवश्यक अध्ययनको अभावका कारण अनियन्त्रित विषादीको प्रयोगले जैविक विविधता, जनस्वास्थ्य, पशुस्वास्थ्य लगायतका क्षेत्रमा के कस्तो असर परिरहेको छ भन्ने यकीन गर्न सकिने अवस्था रहेको छैन। जथाभावी फालिएका घुर, प्लाष्टिक, तथा बाटोघाटोमा उड्ने धुलोले गर्दा वायु प्रदूषण हुने गरेको छ। यसको नियन्त्रणका लागि कुनै उल्लेख्य कार्यक्रम समेत तर्जुमा र कार्यान्वयन हुन सकेको छैन।

## ७.५ विपद् जोखिम व्यवस्थापन तथा र जलवायु परिवर्तन अनुकूलन

### ७.५.१ सम्भावना तथा अवसर

विपद् जोखिम व्यवस्थापनमा स्थानीय सरकार सक्रिय हुनुपर्छ र विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिर्वतन अनुकूल स्थानीय विकास प्रयासहरूमा मूल प्रवाहीकरण हुनुपर्छ भन्ने सोच स्थानीय सरकारमा स्थापित हुनाले विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनमा संभावना र अवसरका ढोका खुलेका छन्। नगरपालिकामा विपद् व्यवस्थापन समिति गठन भएको छ। यस समितिले आवश्यकताअनुसार बैठक बसी विपद्जन्य समस्याहरू सम्बोधन गर्ने प्रयास गरेको छ। विपद् व्यवस्थापन कोषमा हाल रु. तीस लाख रुपियाँ रहेको छ र वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्ने प्रचलन सुरुआत गरिएको छ। नगरपालिकामा दमकल सेवा सञ्चालन गरेको हुँदा घरवस्तीमा हुन सक्ने आगलागीलाई समयै नियन्त्रण गर्न सकिने क्षमता वृद्धि भएको छ। विपद् पोर्टल सञ्चालनमा आई राष्ट्रिय विपद् प्रणालीमा नगरपालिका आवद्ध भएको छ। आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनको तयारी भएको छ। विपद् व्यवस्थापनमा कार्य गर्न इच्छुक र क्रियाशील स्थानीय सङ्घ संस्थाहरूको उपस्थिति रहेको

छ। नगरपालिकाका विभिन्न स्थानमा पुग्नका लागि सहज सहज सञ्जालको उपलब्धता रहेको छ। भूमिगत जलको उपलब्धता भएकाले खडेरीको सामना गर्न सीमित मात्रामा भए पनि सिंचाइको सुविधा निरन्तर हुन सक्ने अवस्था रहेको छ। नगरपालिका क्षेत्रमा मकैबाली करिब २० प्रतिशत र लसुन तथ गहुँबाली रैथाने बीउ रोप्ने गरिएको छ। यसरी केही मात्रामा केही रैथाने बालीहरू लगाउने प्रचलन कायमै भएकाले समुदायको जलवायु अनुकूलन क्षमतामा योगदान पुगेको छ।

### ७.५.२ समस्या र चुनौती

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई विकास प्रयासमा मूल प्रवाहीकरण गर्नुपर्छ भन्ने सोच मात्र स्थापित भएको र यस अवधारणालाई पूर्ण कार्यान्वयनको अवस्थामा ल्याउन स्थानीय सरकारले अझ धेरै काम गर्नुपर्ने खाँचो रहेको छ। नगरपालिकामा बाढी, आगलागी, आँधी, चट्याङ, सर्पदंश, खडेरी, शीतलहर जस्ता प्रमुख प्रकोपहरू निरन्तर दोहोरिइरहने गरेका छन्। कोभिड, डेंगु, औलो, हैजा जस्ता प्रकोपका घटनाले समय समयमा जनजीवन प्रवाभित बनाउँदै आएका छन्। यद्यपि, विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीमा चासो र लगानी अपर्याप्त छ भने जनचेतनाको अवस्था न्यून रहेको हुँदा संकटाभिमुखता उच्च रहेको छ।

विपद् जोखिम व्यवस्थापनलाई विकासका कार्यमा मूल प्रवाहीकरण गर्न सकिएको छैन। सबै घर तथा संरचना भूकम्प प्रतिरोधी बनाउने, सबै सडक क्षेत्रमा आवश्यकताअनुसार आवश्यक क्षमताका ढल तथा नाली निर्माण गर्ने काय हुन सकेको छैन। नगरपालिकाको सहरी क्षेत्र वाहिरका वस्तिमा भवन आचार संहिता कार्यान्वयन आउन सकेको छैन र घर बनाउनु अघि नक्सापास गर्ने अभ्यास पनि निकै कम मात्र रहेको छ। सरकारी कार्यालयहरू स्वयम् पनि भूकम्प प्रतिरोधी छैनन्। विपद्को समयमा लागि सामुदायिक आश्रयस्थलको कमि रहेको छ। नगरपालिकास्तरमा विपद् व्यवस्थापन समिति भए पनि समुदायमा विपद् व्यवस्थापन स्वयम्सेवी तथा विपद् व्यवस्थापन कार्यदलको अभाव भएकाले विपद्का समयमा तत्काल प्रतिकार्यका लागि सामुदायिक क्षमता कमजोर रहेको छ। समुदायमा विपद्सम्बन्धी जनचेतनाको कमी हुँदा पूर्वतयारीको अभ्यास हुने गरेको छैन। निरन्तरको बाढीले कृषि भूमिको संरक्षण चुनौतीको विषय बनेको छ भने तटबन्धनका लागि बजेटको निकै कमी रहेको छ। जलवायु परिवर्तन लगायतका अन्य किसिमका विपद्को प्रवृत्ति विश्लेषका लागि भरपर्दो आवश्यक तथ्याङ्कीय आधारको कमी रहेको छ। आपत्कालीन कार्य सञ्चालनका लागि स्थानीय विपद् व्यवस्थापन समिति, आपत्कालीन कार्य सञ्चालन केन्द्रलगायतका संयन्त्रहरू स्वचालित रुपमा क्रियाशील हुने अवस्थामा नहुनाले विपद् आइहालेमा प्रतिकार्यका लागि धेरै समय लाग्ने सक्ने अवस्था छ।

जलवायुजन्य विषमता बढ्दै गएको छ। समयमा पानी नपर्ने, बेसमयमा पानी पर्ने, धेरै पानी पर्ने, आकासे पानी अनुमानयोग्य नहुने प्रवृत्ति बढ्दै गएको छ। यसै समयमा रैथाने कृषिबाली लगाउने चलन घट्नु तथा हाइब्रिड बीउ बिजनको प्रचलन व्यापक हुदै जाँदा समुदायहरू जलवायु जोखिमप्रति बढी संकटाभिमुख हुँदै गएका छन।

## ७.६ सोच, लक्ष्य उदेश्य तथा रणनीति

### ७.६.१ विषय क्षेत्रगत सोच

"समृद्ध वन; स्वच्छ वातावरण र विपद् उत्थानशील समुदाय"

### ७.६.२ विषय क्षेत्रगत लक्ष्य

वन तथा वातावरणको दिगो र व्यवस्थित उपयोग मार्फत् विपद्जन्य क्षति नोक्सानी न्यूनीकरण गर्नु

### ७.६.३ विषय क्षेत्रगत उदेश्य

- दिगो र जैविक विविधतापूर्ण वन तथा वातावरणको प्रवर्द्धन गर्नु,
- जल, जमिनको संरक्षण र कृषि भूमिको उत्पादकत्वमा वृद्धि गर्नु,
- स्वच्छ, सुन्दर वातावरणको निर्माण गर्नु,
- जलवायु एवम् अन्य विपद्जन्य, मानवीय, आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षति न्यूनीकरण गर्ने।

### ७.६.४ रणनीति र कार्यनीति

यस योजनाको लक्ष्य तथा उद्देश्य प्रासिका लागि वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रका लक्ष्य उद्देश्यहरू हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ।

**तालिका नं. ७.१ः वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रका प्रमुख रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : दिगो र जैविक विविधतापूर्ण वन तथा वातावरणको प्रवर्द्धन गर्नु** | |
| १.१ हरियालि क्षेत्रको प्रवर्द्धन गर्ने। | • सार्वजनिक क्षेत्रको अतिक्रमण नियन्त्रणका लागि तत्कालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।<br>• ह्रासोन्मुख तथा क्षतिग्रस्त वन क्षेत्रमा प्राथमिकताका साथ पुनरुत्थानका कार्यहरू सञ्चालन गर्न स्थानीय नागरिकसँग समन्वय, सहकार्य गरिनेछ।<br>• सरोकारवालाहरूसँग छलफल र समस्या पहिचान गरी वन तथा सार्वजनिक क्षेत्रको संरक्षणमा स्थानिय समुदायको सहभिगतामा जोड दिइनेछ।<br>• नगरपालिकाको बजार क्षेत्र, सडकको दायाँबायाँ तथा वस्ती रहेका सार्वजनिक स्थानमा शौन्दर्यप्रधान बिरुवा हरू हुकाई हरित र सुन्दर शहर निर्माणका लागि टोल विकास समितिहरूलाई परिचालन गरिनेछ। |
| १.२ लोपोन्मुख वनस्पति तथा जीवजन्तुको | • अतिक्रमित तथा खाली क्षेत्र तथा वार्षिक रुपमा गरिने वृक्षरोपणमा रैथाने तथा लोपोन्मुख वृक्षरोपणलाई प्राथमिकता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्द्धन गरी जैविक विविधताको ह्रास नियन्त्रित गर्ने। | • लापोन्मुख वन्यजन्तुको पहिचान गरी वासस्थान र आहाराको व्यवस्था गर्ने।<br>• यस क्षेत्रमा जैविक विविधताको ऐतिहासिक विश्लेषणसहितको जैविक विविधता प्रोफाइल तयारी गरिनेछ।<br>• रैथाने प्रजातिका कृषिबालीहरू संरक्षणका लागि कृषहरूलाई प्रोत्साहित गरिनेछ। |
| १.३ वन तथा सार्वजिक क्षेत्रको दिगो उपयोगसँग आयआर्जनलाई जोड्ने। | • डिभिजन वन कार्यालयसँगको सहकार्यमा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उपयोगको सम्भावना अध्ययन गरिनेछ।<br>• सम्भाव्यता उच्च रहेका गैरकाष्ठ वन पैदावारको उपयोगसँग सम्बन्धित सीपमूलक तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• स्थानीय खालि सार्वजनिक तथा निजी जमिनमा गैरकाष्ठ वन पैदावारको उपयोगमार्फत् आयआर्जन वृद्धिमा विपन्न वर्गका युवाहरूलाई आकर्षित गर्न आवश्यक ज्ञान, सीप र स्रोत, साधन उपलब्ध गराइनेछ। |
| **उद्देश्य २ : जल, जमिनको संरक्षण र कृषि भूमिको उत्पादकत्वमा वृद्धि गर्नु** | |
| २.१ स्थानीय भूगोलअनुसार उपयुक्त संरक्षण विधिहरू अवलम्बन गरी जल, जमिनको संरक्षण गर्ने। | • नगरपालिकाका खालि क्षेत्रमा उपयुक्त ढङ्गले पुनःभरण पोखरीहरू निर्माण गरी भूमिगत जल सतह कायम गर्न मद्दत गरिनेछ।<br>• सुनसरी खोला लगायतका अन्य खोलाले नदीजन्य उत्पादन थुपारेर बहाव क्षेत्र फराकिलो पार्ने भएकाले उचित बहाव क्षेत्र कायम गर्न सरोकारवालसँग सहकार्य गरिनेछ।<br>• खोलामा थुप्रिएको बालुवा, ढुङ्गाको उचित व्यवस्थापन गरी कृषियोग्य भूमि र नदी किनारका भूक्षेत्रको संरक्षण गरिनेछ।<br>• खेतीयोग्य जमिनमा थुप्रिएको तथा थुपिने बलौटोको नियन्त्रणका लागि सरोकारवालाहरूसँग सहकार्य गरिनेछ।<br>• खोला, खोल्साका किनारको अतिक्रमण हटाउने तथा सरसफाइ गरी वर्षायामको पानीको सहज बहाव सुनिश्चित गरिनेछ।<br>• ढुङ्गा, गिट्टी उत्खननका लागि वातावरणीय अध्ययनलाई अनिवार्य बनाउने तथा अध्ययनका सिफारिस अनिवार्यरुपमा कार्यान्वयन गरिनेछ। |
| २.२ जलक्षेत्रको गुणस्तर र उत्पादकत्व वृद्धिमा ध्यान दिने। | • सुख्खा रहेका पोखरीमा पानी भरी सञ्चालनमा ल्याउन पुनर्भरणकालागि सम्बन्धित पक्षसँग समन्वय सहकार्य गरिनेछ।<br>• माछापालनबाट आम्दानीमा वृद्धि गर्नका लागि नयाँ, पुनःताजगी तथा स्तरवृद्धि तालिम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २.३ भूमिको गुणस्तर संरक्षण र प्रवर्द्धन गर्ने। | • जोखिमयुक्त खोला किनारमा तटबन्धनका लागि बायोइञ्जिनियरिङ तथा जैविक विधिहरूको प्रवर्द्धन गरिनेछ।<br>• चरिचरनका लागि उचित क्षेत्र छुट्याई जथाभावी चरिचरन बन्द गरिनेछ।<br>• टोल विकास समितिहरूलाई प्रोत्साहित गरी खोला, खोल्सामा जथाभावी कीटनाशक विषादीका बटटा, रासायनिक मलका बोरा तथा अन्य फोहोर फाल्ने प्रवृत्तिको अन्य गरिनेछ। |
| **उदेश्य ३ : स्वच्छ, सुन्दर वातावरणको निर्माण गर्नु** | |
| ३.१ स्वच्छता र सरसफाइलाई सबै वडा कार्यालयको प्रमुख प्राथमिकताप्राप्त कार्यक्रमका रुपमा स्थापित गर्ने। | • हरेक वडामा स्वच्छता तथा सरसफाइ सम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरी हरेक वर्ष सबैभन्दा स्वच्छ सफा वडालाई पुरस्कृत गरिनेछ तथा वातावरणीय स्वच्छता अभिवृद्धिका लागि नगरपालिकाबाट थप अनुदान प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>• टोल विकास संस्थाहरू गठन गरी सामुदायिक सरसफाइमा जिम्मेवार बनाइनेछ। टोल विकास समितिलाई टोलस्तरीय सरसफाइ आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ।<br>• स्वच्छ, सफा शहर निर्माणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। समुदायमा आधारित फोहोरमैला व्यवस्थापन पद्धतिको सुरुआत गरी स्थानीय समुदायको नेतृत्वमा ग्रामीण क्षेत्रमा नकुहिने फोहोरमैला खोला-खोल्सामा फाल्ने, जलाउने, गाड्ने चलनको अन्त्य गरिनेछ। नकुहिने फोहोरमैला संकलन गरी प्रशोधन तथा पुनःचक्रीय प्रयोगका लागि पठाउने व्यवस्था गरिनेछ।<br>• सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ।<br>• दाउरा प्रयोग गर्ने घरधुरीमा सुधारिएको चुल्हो, बायोग्याँस, शौर्य ऊर्जालगायतका वैकल्पिक ऊर्जा प्रयोगतर्फ आकर्षित गरिनेछ। |
| ३.२ नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी फोहोरमैला व्यवस्थापनलाई सुदृढ बनाउने। | • फोहोरमैला व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन गरी आवश्यक तालिम सीप उपलब्ध गराइनेछ।<br>• फोहोरमैला सङ्कलन, ढुवानीलगायतका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।<br>• फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई परिचालन गर्न आकर्षण गरिनेछ।<br>• कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण लाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ। साथै, समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।<br>• फोहोरमैला व्यवस्थापनमा अन्तर स्थानीय तहसँग सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ।<br>• फोहोर सङ्कलन तथा व्यवस्थापनमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। |
| **उदेश्य ४ : विषम जलवायु एवम् अन्य विपद्जन्य मानवीय, आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षति नोक्सानीको उल्लेख्यरुपमा न्यूनीकरण गर्नु** | |
| ४.१ विपद् व्यवस्थापनसम्बन्धी संस्थागत संरचनालाई सबलीकरण गर्ने। | • सङ्घीय विपद् व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय विपद्व्यवस्थापन समितिलाई नियमित बैठक, वार्षिक कार्ययोजना तथा समीक्षा गर्ने गरी सक्रिय बनाइनेछ।<br>• स्थानीय विपद्व्यवस्थापन कोषमा वार्षिक रुपमा न्यूनतम ३० लाख बजेट विनियोजन गरी नगरपालिकाको आकस्मिक प्रतिकार्य क्षमता अभिवृद्धि गरिनेछ।<br>• विपद् सम्बन्धी आधार रेखा तथ्याङ्क सङ्कलन गर्ने तथा विपद् पोर्टलमा नियमित रुपमा तथ्याङ्क अद्यावधिक गरी विपद्को प्रवृत्ति विश्लेषणका लागि आवश्यक भरपर्दो तथ्याङ्कीय आधार तयार गरिनेछ।<br>• विपद्व्यवस्थापन शाखामा विपद् जोखिम विश्लेषण गर्ने क्षमता विकास गरिनेछ। |
| ४.२ समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीको सञ्चालन गरी आकस्मिक प्रतिकार्यको क्षमता अभिवृद्धि गर्ने। | • विकास साझेदार एवम् स्थानीय समुदायलाई परिचालन गरी संकटासन्नता तथा क्षमता नक्सांकन, विपद् समय रेखा, म्याट्रिक्स ट्र्याकिङजस्ता सहभागितामूलक लेखाजोखाका औजारहरू प्रयोग गरी नगरपालिकाका सबै वडाको विपद् जोखिमको पहिचान एवम् विश्लेषण गरिनेछ।<br>• वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ। |
| ४.३ सहकार्य र नियमित समन्वयमा जोड दिई विपद् व्यवस्थापनका | • स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा वार्षिक रुपमा विपद् पूर्वतयारी कार्ययोजना बनाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| कार्यहरूमा प्रभावकारिता वृद्धि गर्ने। | • विपद्को अवस्थामा विपद् पूर्वतयारी कार्ययोजनामा आधारित रही एकद्वार प्रणालीबाट आपत्कालीन प्रतिकार्यका कार्यहरू सञ्चालन गरिनेछ।<br>• विपद् व्यवस्थापनमा यथाशक्य स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, सीप र प्रविधिको उच्चतम प्रयोगलाई प्राथमिकता दिइनेछ। |
| ४.४ विपद् जोखिम न्यूनीकरणको अवधारणालाई विकासका सबै प्रयासमा मूल प्रवाहीकरण गर्ने। | • सबै सरकारी कार्यालय भवनहरूलाई भूकम्प तथा अन्य प्रकोपका दृष्टिकोणले प्रवलीकरण गरिनेछ।<br>• नक्सापास र भवन आचार संहितालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।<br>• खोला किनारका जोखिमयुक्त क्षेत्रहरूमा बायोइञ्जिनियरिङ र अन्य जैविक प्रविधिमा जोड दिई तटबन्धनका कार्यहरू गरिनेछ।<br>• बजार क्षेत्रमा शौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्तीको विस्तार गरिनेछ।<br>• यस आवधिक योजनामा समावेश सबै विषय क्षेत्रगत योजनाहरू एवम् नगरपालिकामा सञ्चालन हुने सबै विकास कार्यक्रम/क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरणको अवधारणा समावेश गरिनेछ। |
| ४.५ घरपरिवार स्तरको जलवायु उत्थानशील क्षमता वृद्धिमा जोड दिने। | • खडेरी तथा बाढी सहन सक्ने बालीको प्रजातिको प्रवद्र्धन गरिनेछ र कृषकहरूलाई बीउ खरिदमा अनुदानको व्यवस्था गरिनेछ।<br>• खडेरीका लागि सुख्खा खाना सुरक्षित राख्ने लगायतका विधिहरूका सम्बन्धमा स्थानीय समुदायलाई सजग, सचेत बनाउन गैससहरू, तथा समुदायमा आधारित संस्थाहरू परिचालन गरिनेछ।<br>• जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न अनुकुलनका कार्यक्रमहरू साझेदारीमा सञ्चालन गरिनेछ।<br>• सबै कृषक घरधुरीमा कृषि तथा पशुबीमाको पहुँच सुनिश्चित गरिनेछ। कृषि तथा पशुपालन क्षेत्रमा गरिने बीमाबाट विपद् तथा जलवायुजन्य जोखिम वहन गरिने कुराको सुनिश्चितता गरिनेछ।<br>• जीवनशैली तथा विकास पद्धतिलाई जलवायु अनुकुलित बनाउँदै लगिनेछ। |

## ७.७ विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा

यस आवधिक योजनाको कार्यान्वयनपश्चात् इनरूवा नगरपालिका सन्तुलित, समृद्ध पर्यावरणयुक्त सुरक्षित, अनुकुलित र उत्थानशील नगरपालिकामा रुपान्तरण हुन सुरु भएको हुनेछ। यस क्रममा नगरपालिकाको हरियाली क्षेत्रमा वृद्धि भएको हुनेछ। योजना अवधिमा २० बिघा सार्वजनिक क्षेत्र हरियालिमा पुनः स्थापित भएको हुनेछ। वार्षिक रुपमा विभिन्न विपद्हरूबाट ८० प्रतिशतले कमी आएको हुनेछ। योजना तर्जुमाका समयमा जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई कुल शुन्य रहेकोमा

योजना अवधिको अन्तसम्ममा १० कि.मी. पुग्नेछ। कम्तिमा एकवटा जैविक विविधतायुक्त संरक्षित क्षेत्र निर्माण भई सञ्चालनमा आएको हुनेछ। सरसफाइ तथा स्वच्छता अभिवृद्धिका कामबाट ८० प्रतिशत कायम भएको हुनेछ। यस्तैगरी, ९० प्रतिशत आमनागरिकले व्यक्तिगत सरसफाइ तथा स्वच्छता कायम गरेका हुनेछन्। सम्पुर्ण विद्यालय हाता स्वच्छ, सफा भएका हुनेछन्। सबै स्वास्थ्य संस्थाहरूबाट निष्काशन हुने फोहोरमैलाको उचित व्यवस्थापन भएको हुनेछ। दैनिक रुपमा फोहोरमैला संकलन, वर्गीकरण र व्यवस्थापनको प्रणाली को विकास भएको हुनेछ। कुल घरपरिवारमध्ये ५० प्रतिशत घरपरिवारले विपद् पूर्वतयारीको संस्कार विकास गरेका हुनेछन्। यस आवधिक योजनाको कार्यान्वयनपश्चात् वातावरण तथा विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा हासिल हुने समग्र अपेक्षित नतिजाहरू, योजना तर्जुमा गर्दाको अवस्था (आधार रेखा), वार्षिक अपेक्षित प्रगति परिमाण, पुष्ट्याइँका आधार तथा पूर्वानुमान एवम् जोखिम पक्ष लाइ अनसूची २ (घ) मा प्रस्तुत गरिएको छ।

## ७.८ प्रमुख कार्यक्रम तथा आयोजना

वन विपद तथा वातावरण र क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघीय सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

**तालिका नं. ७.२: वन विपद तथा वातावरण र क्षेत्रका प्रमुख कार्यक्रमहरू**

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | |
| **१ वनको गुणस्तर, सञ्चिती एवम् हरियालीमा वृद्धि र जैविक विविधताको संरक्षण** | | | | | | | | | | | |
| १.१. नर्सरी निर्माण बिरुवा उत्पादन, उचित प्रजाति वृक्षारोपण एवम् संरक्षण कार्यक्रम | संख्या | ० | १ | ३००० | २००० | १००० | १००० | १००० | ८००० | १६०० | |
| १.२. सहकार्यमा आधारित हरियो वन कार्यक्रम | समुह | - | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | |
| १.३. शहरी हरियाली प्रवद्र्धन कार्यक्रम | कि.मी. | - | २ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | |
| १.४. वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | १ | - | ० | ० | १००० | ० | ० | १००० | १००० | |
| १.५. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थानको पहिचान तथा संरक्षणमा सहकार्य | पटक | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | |
| **जम्मा** | | | | **४७००** | **३७००** | **३७००** | **२७००** | **२७००** | **१७५००** | | |
| **२ जलाधार क्षेत्रको संरक्षण तथा भूमिको उत्पादन, उत्पादकत्व वृद्धि** | | | | | | | | | | | |
| २.१. जलाधार अध्ययन, संरक्षण, प्रवर्द्धन कार्यक्रम | वटा | ० | १ | १००० | ० | ० | ० | ० | १००० | १००० | |
| २.२. खोला, खोल्सा नियन्त्रण कार्यक्रम | कि.मी | ०.५ | ५ | २००० | २२०० | २५०० | २७०० | २९०० | १२३०० | २४६० | |
| २.३. गह्रा खेती सुधार कार्यक्रम | विघा | ० | १०० | ९०० | १२०० | १३०० | १५०० | १८०० | ६७०० | १३४० | |
| २.४. पोखरीसंरक्षण | संख्या | | १० | २०० | ३०० | ३६० | ५०० | ७०० | २०६० | ४१२ | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | |
| २.५. पुरिएको जमिनको स्थिरीकरण कार्यक्रम | विघा | – | ७ | ७०० | १२०० | १७०० | १५०० | १८०० | ६९०० | १३८० | |
| २.६. डुवान क्षेत्र नियन्त्रण | विघा | | ७० | ९०० | १००० | १२०० | १५०० | १८०० | ६४०० | १२८० | |
| २.७. बायोइञ्जिनियरि वाढी नियन्त्रण | कि मि | | १० | ३००० | ९०० | १२०० | १३०० | १५०० | ७९०० | १५८० | |
| **जम्मा** | | | | **८७००** | **६८००** | **८२६०** | **९०००** | **१०५००** | **४३२६०** | | |
| **३ फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता अभिवृद्धि** | | | | | | | | | | | |
| ३.१. समुदायमा आधारित सरसफाइ तथा स्वच्छता अभिवृद्धि कार्यक्रम | वडा | – | १० | ५६० | ५६० | ५६० | ५६० | ५६० | २८०० | २८० | |
| ३.२. सार्वजनिक शौचालय निर्माण, व्यवस्थापन | संख्या | २ | ११ | ५९४० | ६६०० | ७५९० | ७५९० | ५२८० | ३३००० | ३००० | |
| ३.३. बजार क्षेत्रमा उद्यान निर्माण | संख्या | ० | १० | २६६० | ३०८० | ३०८० | २९४० | २६६० | १४००० | १४०० | |
| **जम्मा** | | | | **९१६०** | **१०२४०** | **११२३०** | **११०९०** | **८५००** | **४९८००** | | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | |
| **४ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनता वृद्धि** | | | | | | | | | | | |
| ४.१. वडास्तरीय आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण | कार्यदल संख्या | - | | ० | ८४० | ० | ० | ० | ८४० | ८४० | |
| ४.२. कृत्रिम अभ्यास | कार्यदल संख्या | २ | ४० | ० | ८४० | ० | ० | ० | ८४० | ८४० | |
| ४.३. वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन | वडा | ० | १० | ० | ० | १४०० | ० | ० | १४०० | १४०० | |
| ४.४. आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नती | स्थान | ० | १० | ४००० | ४००० | ६००० | ८००० | ६००० | २८००० | २८०० | |
| ४.५. स्थानीय तह प्रकोप व्यवस्थापन कोष | रु. लाख | ५० | ३०० | १०० | १५० | २०० | २५० | ३०० | १००० | २०० | |
| ४.६. विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधिकरण | पटक | ० | ५ | ० | २०० | ५० | ५० | ५० | ३५० | ७० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | वार्षिक लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | |
| ४.७. आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना | पटक | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | ५०० | |
| ४.८. समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | - | १० | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ७०० | |
| ४.९. उच्च जोखिममा रहेका घरपरिवारको स्थानान्तरण | परिवार संख्या | - | ८३३ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ३०० | |
| **जम्मा** | | | | १०५०० | १२९३० | १४०५० | १४७०० | १२७५० | ६४९३० | | |
| **विषयगत क्षेत्रको कुल जम्मा** | | | | ३३०६० | ३३६७० | ३७२४० | ३७४९० | ३४४५० | १७५४९० | | |

# परिच्छेद आठ

# संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ पृष्ठभूमि

इनरुवा नगरपालिकासँग स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै पालिकाले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार प्रभावकारी, पारदर्शी र जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन कार्यलाई चुस्त दुरुस्त बनाउने महत्वपूर्ण दायित्व रहेको छ। परिवर्तित अवस्थामा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र र स्रोत साधनमा आएको वृद्धिसँगै जनआकांक्षा पनि बढिरहेको छ। बढ्दो जानआकांक्षालाई सम्बोधन गर्न स्थानीय सेवा प्रवाह र विकास व्यवस्थापनमा थप सिर्जनात्मक र वैकल्पिक उपायहरूको खोजि गर्नु अनिवार्य देखिन्छ। दिगो विकास लक्ष्यलाई पनि विकास र सुशासनमा समेट्नु पर्ने अवस्था छ। दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य १६ (शान्ति, न्याय, र सशक्त निकाय अन्तर्गत सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गरी न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने) र लक्ष्य १७ (लक्ष्यहरू प्राप्तिका लागि साझेदारी अन्तर्गत राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई जीवन्त तुल्याउँदै दिगो विकास लक्ष्य हासिल गर्न सबै उपाय तथा साधनहरुलाई सुदृढ गर्ने) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन्। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत व्यवस्थापन गर्नुपर्छ। जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकार सङ्घीयताको कार्यान्वयन पश्चात गाउँघरमा सिंहदरबारको रुपमा स्थानीय जनताले आफ्नो सरकार तथा अधिकार प्रत्याभूतिको महसुश गरेका छन र यसै अनुरुप स्थानीय सरकारबाट ठूलो अपेक्षा समेत राखेका छन्। तर वास्तविक रुपमा सीमित अधिकार, स्रोत साधन तथा नीति योजनामा कमीका कारण स्थानीय सरकारको प्रभावकारीता झल्कन सकेको छैन।

## ८.२ अवस्था विश्लेषण

### ८.२.१ स्थानीय नीति तथा कानून

#### ८.२.१.१ संभावना र अवसर

नगरपालिकाले अख्तियारप्राप्त क्षेत्रमा आवश्यकताअनुसार ऐन, नियम तर्जुमा र कार्यान्वयन गरी कानुनमा आधारित शासनलाई सुदृढीकरण गर्दै लगेको छ। यसक्रममा विभिन्न विषयका २७ वटा, नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, नियमावली २०६५, विद्युतीय शासन ऐन, सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन, लेखापरीक्षण ऐन, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम सुशासन तथा संस्थागत विकास सम्बन्धी कार्य गरिरहेको छ। नागरिक वडापत्रलाई सबैको पहुँचयोग्य बनाउन

सबैले सजिलै देख्न र हेर्न सकिने ठाउँमा राखिएको छ। सूचना पाटी र होर्डिङ वोर्डको व्यवस्था गरिनुका साथै बेला-बेलामा आउने उजुरीका लागि उजुरी पेटिकाको व्यवस्था गरिएको छ।

नगर कार्यपालिकाको इनरूवा बजारमा आफ्नै सुव्यवस्थित कार्यालय भवन रहेको छ। नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। नगर कार्यपालिका कार्यालय वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा गरी २२० जना स्थायी पदपुर्ती मध्ये ३५ जना स्थायी, दुई जना अस्थायी र ९१ जना करार गरी जम्मा ११३ जना कर्मचारी कार्यरत रहेको छ। क्षमता विकास कार्यक्रम मार्फत कर्मचारीहरु र लक्षित् वर्गलाई समेट्ने तालिमहरु सञ्चालन भएका छन्। सङ्घीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शन, २०७८ को व्यवस्था अनुसार पहिलो पटक नगरपालिकाको समष्टिगत विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रमसहितको आवधिक योजना तर्जुमा तयार गरेको छ।

## ८.२.१.२ समस्या तथा चुनौती

नगरपालिकाले आफूलाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि निर्माण/पुनरावलोकन गर्दै आएको भए पनि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, उद्यम, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको छ।

नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना हुन सकेको छैन। निर्माण गरिएका ऐन कानुनको कार्यान्वयन प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन्। न्यायिक समितिबाट भएका निर्णय र मिलापत्रहरू कार्यान्वयन हुन सकेका छैनन्। न्यायिक समितिबाट हुने कार्य सम्पादनमा विश्वासको वातावरण बन्न सकेको छैन तथा उत्कृष्ट न्याय सम्पादनमा न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूको दक्षताको कमी रहेको छ। वडा कार्यालयबाट हुने म्याद तामेलीमा म्याद तामेली सम्बन्धी कार्यविधिको कार्यान्वयन हुन सकेको छैन। संघ र प्रदेशबाट निर्माण गरिएको कानूनसँग तादाम्यता ल्याउनु पर्ने खाँचो रहेको छ। प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन।

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आमनागरिक विशेष गरी विपन्न तथा लक्ष्यित वर्गलाई सुसूचित गराउने, सोको प्रभावकारी कार्यान्वयन गराउन सकिरहेको अवस्था छैन। निर्माण गरिने ऐन नियमहरू सहभागितामूलक ढंगले निर्माण गर्नु, बनेका ऐन नियमहरूको बारेमा आममानिसहरूमा जानकारी तथा प्रवोधीकरण गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस उपक्षेक्षाका प्रमुख चुनौतीहरू रहेका छन्।

### ८.२.२ संस्थागत तथा मानव संशाधन विकास

#### ८.२.२.१ संभावना र अवसर

नगरपालिकाको आफ्नै सुव्यवस्थित कार्यालय भवन रहेको छ। नगरपालिकाका जम्मा १० वटा वडाहरु मध्ये सवै वडाले भाडामा तथा नीजि प्रसाशनिक भवनबाट सेवा प्रदान गरि रहेको अवस्था छ जसमध्ये ६ वटा वडाका पुराना भवनमा आफ्नै कार्यालय भवन रहेका छन्। वडा कार्यालयहरूलाई सम्बन्धित वडामा नै कार्यालय सञ्चालनको व्यवस्था गरी सार्वजनिक सेवा छिटो छरितो गुणस्तरीय र पहुँचयोग्य बनाउने कोशिश गरिएको छ। नगरको नियमित कार्य सञ्चालनका लागि आवश्यकताका आधारमा सेवा करारमा कर्मचारी भर्ना गरी कार्य गर्दै आएको छ। नगर कार्यपालिका कार्यालय वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा गरी २२० जना स्थायी पदपुर्ती मध्ये ३५ जना स्थायी, दुई जना अस्थायी र ९१ जना करार गरी जम्मा ११३ जना कर्मचारी कार्यरत रहेको छ। क्षमता विकास कार्यक्रम मार्फत कर्मचारीहरु र लक्षित् वर्गलाई समेट्ने तालिमहरु सञ्चालन भएका छन्।

#### ८.२.२.२ समस्या तथा चुनौती

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको पदपूर्ती हुन नसक्दा नगरपालिकाले प्रदान गर्नुपर्ने सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ। कार्यपालिका कार्यालयको लागि आफ्नै प्रशासनिक भवन रहेको छ तर पनि यो सबै शाखा तथा एकाइहरूका लागि अझ पर्याप्त रहेको छैन। नगरपालिकामा रहेका यस्ता समस्याहरूको निराकरण गर्दै एउटा सक्षम र प्रभावकारी सरकारको रुपमा उभ्याउनु नगरपालिकाको लागि एउटा चुनौतीको रुपमा रहेको छ। नगरपालिकाको सेवा प्रवाह अझै पनि दण्ड र पुरस्कारमा आधारित छैन तथा वृत्ति विकासको व्यवस्था लागू हुन सकेको छैन। सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र, गैसस र समुदायमा आधारित संस्थाबीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन। जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास कार्य पर्याप्त नभएको, भएका कार्यको उपलब्धी मूल्यांकन हुने परिपाटी सुरुआत हुन सकेको छैन।

संस्थागत क्षमता अभिवृद्धि गर्नु, उत्तरदायि प्रशासनिक प्रणालिको विकास गर्नु, गुणस्तरीय, भरपर्दो, विश्वसनीय एवम् सेवाग्राहीमैत्री सार्वजानिक सेवा प्रवाहको सुनिश्चितता गर्दै स्थानीय सरकार प्रतिको विश्वसनीयता अभिवृद्धि गर्नु प्रमुख चुनौती रहेका छन्।

### ८.२.३ स्थानीय वित्त तथा स्रोत परिचालन

#### ८.२.३.१ संभावना र अवसर

लेखा प्रणालीलाई प्रभावकारी बनाउन SUTRA, CGAS, PAMS जस्ता सफ्टवेयरहरूको प्रयोगलाई संस्थागत गरिएको छ। नगरपालिकाको देनिक कार्यमा सुचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापनलाई थप सुदृढीकरण गरिएको छ। नगरपालिकाले आन्तरिक लेखा परीक्षण एकाइको व्यवस्था गरी लेखा परीक्षकद्वारा भुक्तानीका लागि पेश भएका अभिलेखहरू चेकजाँच पश्चात् भुक्तानी गर्ने पद्धतिको विकास गरिएको छ। वित्तीय सुशासनसँग सम्बन्धित आर्थिक कार्यविधि ऐन, २०५५ र नियमाली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, भ्रमण खर्च नियमावली २०६४ लगायतका सम्पूर्ण ऐनहरूको पूर्ण पालना गर्ने गरिएको छ। नगरले संकलन गर्ने आन्तरिक आयको हिस्सालाई समेत नगरको समग्र विकास कार्यमा लगानी गर्ने गरिएको छ। सवै वडाबाट गरिने पूर्वाधार विकासका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कनको कार्यलाई उपभोक्ता समिति,वडा समिति र उप प्रमुखको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिको व्यवस्था गरी ३६० डिग्रीको अनुगमनको व्यवस्था गरिएको छ। यसका अतिरिक्त आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याइएको नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्बन्धित कर्मचारीहरू अनुगमनमा सक्रिय सहभागी हुने गरेका छन्।

#### ८.२.३.२ समस्या तथा चुनौती

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता सम्बन्धमा वडास्तरमा जानकारी र दक्षता न्यून रहेको छ। आन्तरिक आय विस्तार, संभाव्यता विश्लेषण, कर र गैरकरको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा सञ्चालन, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन, जसको कारण नगरपालिकाको विकास उपलब्धिका मुख्य रुपमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ। स्थानीय सरकारको रुपमा आर्थिक आत्मनिर्भरताको विषय निकै टाढाको विषयका रुपमा रहेको छ।

नगरपालिकामा एकातिर संस्थागत क्षमता उल्लेख्य हुन सकेको छैन भने अर्कोतिर निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरूमा मनोबल र जवाफदेहिता अझै बढाउन आवश्यक भएको देखिन्छ। योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशी सहभागिता र पारदर्शिताको कमी देखिन्छ। योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ। यस्तैगरी, संस्थागत संरचना, मानव संशाधन विकास, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अझै पनि परम्परागत रुपमा सञ्चालन भइराखेको अवस्था छ।

उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन, इष्टिमेट, प्राविधिक सुपरिवेक्षण, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरूमा निजी क्षेत्र, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्नु नगरपालिकालागि चुनौती रहेको छ।

### ८.२.४ योजना व्यवस्थापन

### ८.२.४.१ संभावना र अवसर

नगरपालिकाको विशिष्ट अवस्था र त्यस अनुसारको आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न, भूउपयोग तथा वस्ती विकास गुरुयोजना, यातायात गुरुयोजना, पर्यटन र कृषि तथा जलवायु अनुकुलन योजना तर्जुमा गर्ने कार्यक्रम तय गरिएको छ। वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा टोल एवम् वस्तीबाटै सुरु गरी समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भइरहेको छ। नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि, पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएका छन्। नगरपालिकामा सञ्चालित स्थानीय सञ्चित कोष र अन्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ।

कृषि, पर्यटन र उद्यमको सम्भावना बोकेको स्थानको रुपमा रहेको यस नगरपालिकामा प्राकृतिक स्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरू उपलब्ध रहेका छन्। संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा स्थानीय सरकारबाट नागरिकहरूमा सेवा सुविधाको पहुँचमा वृद्धि भएको छ। नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरूको विकास तथा अनुशरण हुँदै आएको छ। नगरपालिकाको स्रोत-साधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोगमा पनि क्रमशः बढ्दै गएको छ।

### ८.२.४.२ समस्या तथा चुनौती

विषय क्षेत्रगत रुपमा हुने बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगारी, उत्पादनमूलक तथा आयमूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम हुने गरेको छ। नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, वस्ती विकास, उद्यम विकास तथा कृषि आदिको गुरुयोजना तर्जुमा नहुँदा विकास गतिविधि नतिजामुखी हुन

सकेको छैन। प्राथमिकताका आधार र प्रक्रियाको निर्धारण, आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना तयार नहुँदा आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजनमा व्यवस्थित पद्धति रहेको छैन। फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी उपलब्धिमूलक बनाउन कठिन भएको छ। आ.व. २०७९।८० को यथार्थ व्यय अनुसार नगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा ८ प्रतिशत हाराहारी रहेको छ। साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैरसरकारी संस्था, सहकारी र समुदायबाट विकास कार्यमा खर्च गरिएको रकमलाई नगरपालिकाको वार्षिक प्रगति समीक्षामा समावेश नगर्ने परिपाटी रहेको छ र यसलाई सुधार्नु आवश्यक छ।

व्यवस्थित तथ्याङ्क प्रणालीको व्यवस्था गर्नु, योजना प्रणालीलाई संस्थागत गर्नु, प्राथामिकताका आधारमा योजना छनोट गर्नु, विकास योजनामा दोहोरोपन हटाउनु, नगरपालिकाका रणनीतिक तथा प्रथामिकताप्राप्त आयोजनामा स्रोतको सुनिश्चितता कायम गर्नु, नगरपालिकाको आवाधिक योजना, प्रादेशिक योजना, सङ्घीय योजना तथा दिगो विकासका लक्ष्यप्रति तादात्म्यता ल्याउनु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु प्रमुख चुनौती रहेका छन्।

### ८.२.३ सोच

"असल शासनको प्रत्याभूत र भ्रस्टाचारमुक्त समाजको निर्माण"

### ८.२.४ लक्ष्य

इनरुवा नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ :

"सरलीकृत सेवा प्रवाह, प्रभावकारी विकास उपलब्धि र सुशासान कायम गर्ने"।

### ८.२.५ उद्देश्य

नगरपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. स्थानीय शासन, सेवा प्रवाह एवम् कार्य सम्पादन सरल, सजह र पारदर्शी तथा जवाफदेही बनाउनु,

२. स्थानीय सरकारको संगठन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

३. नगरपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु,

४. प्रवधिमैत्री स्थानीय सेवा प्रवाह गर्दै स्थानीय जवाफदेहिता अभिवृद्धि गर्नु,

५. नगर विकास योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु।

### ८.२.६ विषयगत रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछः

**तालिका नं. ८.१ः  सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय शासन प्रणाली तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने। | • स्थानीय तहको अधिकार क्षेत्रका विषयमा आवश्यक नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरिनेछ।<br>• स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धिसम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ।<br>• आयोजनाको अनुगमन तथा सुपरीवेक्षणसम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ।<br>• नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यासलाई  निरन्तरता दिइनेछ।<br>• सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पूर्ण रुपमा पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टचार विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ। |
| २. नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित् समुदाय र आम नागरिकको संलग्नता र अपनत्व वृद्धि गर्ने। | • नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>• वडा तथा नगरपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यताको विकास गरी कार्यान्वयन गरिनेछ।<br>• नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।<br>• गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आधारित संस्थामार्फत नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे सुचित गरिनेछ।<br>• सांस्थागत स्व मूल्यांकनको नातिजामा सुधार गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने। | • कार्यपालिका तथा वडा कार्यालयहरूमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरी भौतिक सुविधा अभिवृद्धि गरिनेछ।<br>• एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्द्रको रूपमा विकास तथा सुदृढ गरिनेछ।<br>• सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ।<br>• विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन प्रतेक वडामा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ।<br>• विकास निर्माण, कृषि, उद्योग तथा व्यवसाय, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा एकाई स्थापना गरी सेवा प्रवाहलाई सहज बनाइनेछ।<br>• पालिकाको क्षेत्रभित्र सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा वालवालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र महिलामैत्री रूपमा निर्माण गरिनेछ।<br>• नगरपालिकाको संस्थागत तथा वित्तीय क्षमता अनुरूप महामारी र विपद् पश्चात राहत तथा सुविधा उपलब्ध गराउने र संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवम् व्यवस्थापनमा सहजीकरण गरिनेछ। |
| ४. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने। | • कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गर्न प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपुर्तिका लागि नियमित रूपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ।<br>• कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>• क्षमता विकास कार्ययोजना निर्माण गरि त्यसै अनुरुप संगठन तथा क्षमता विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गर्दै लगिनेछ।<br>• नगरपालिका भित्रका सम्पूर्ण कर्मचारीहरुको सरुवा, बढुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइनेछ।<br>• कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामूखी र जवाफदेही बनाउन उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई नगद पुरस्कार र बढुवाको व्यवस्था गरिनेछ। |
| ५. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने। | • नगरपालिकाको अधिकार क्षेत्रका विषयमा प्रचलित कानून र कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीअनुसार आवस्यक कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ।<br>• जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई नीति, ऐन, नियम कार्यविधि बारेमा अभिुखीकरण गरिनेछ।<br>• समाजका लक्षित् वर्गहरु एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरूको संस्था तथा सञ्जाल निर्माण तथा क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ।<br>• कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ। |
| ६. आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने। | • राजस्व सुधार कार्ययोजना निर्माण गरि त्यसको प्रभावकारी कार्यान्वयन मार्फत राजस्व वृद्धि गरिनेछ।<br>• राजस्व परामर्श समितिको क्रियाशिलतामा वृद्धि गर्न नियमित रुपमा बैठक, तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग आन्तरिक र वाह्य स्रोत परिचालनका लागि आवस्यकता अनुसार बैठक र छलफल गरिनेछ।<br>• जनप्रतिनिधि, कर्मचारी र करदाता तिनै पक्षको राजस्व प्रशासन सम्बन्धि क्षमता विकासका कार्यक्रम गरिनेछ।<br>• राजस्व स्रोतको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणलाई वैज्ञानिक आधार र प्रमाणमा आधारित बनाइनेछ।<br>• व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ७. राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने। | • राजस्व शाखामा कर्मचारीको व्यवस्था गरि थप व्यवस्थित र क्रियाशील बनाइनेछ।<br>• नगरपालिकाको राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ।<br>• आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई सूचना प्रविधिमा आधारित बनाइ नियमित र व्यवस्थित गरिनेछ।<br>• वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ।<br>• सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ।<br>• नगरपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गर्न सूचना प्रविधिको उपयोग गरिनेछ।<br>• बढी राजस्व संकलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ भने ठुला करदातालाई सहुलियतको व्यवस्था गरिनेछ। |
| ८. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरूसँग साझेदारी विकास गर्ने। | • समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, निजी क्षेत्र, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिवृद्धि गरिनेछ।<br>• स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायसँग आवस्यक बैठक, छलफल र सञ्चार गरिनेछ।<br>• निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको प्रयास गरिनेछ।<br>• टोल विकास संस्थाहरुको क्षमता अभिवृदी गरिनेछ।<br>• युवा क्लब तथा नगरपालिकामा भएका अन्य संगठन, आमा समूह, उपभोक्ता समितिहरुको प्रवर्द्धनको लागि निश्चित कोषको व्यवस्था गरिनेछ। |
| ९. योजना व्यवस्थापन प्रक्रिया लाई सरल, | • आयोजना वैंकसम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा नगरपालिकामा आयोजना वैंक तयार गरिनेछ।<br>• कार्यविधि तयार गरी विस्तृत सम्भाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| नागरिकमैत्री र पारदर्शी बनाउने। | • पुर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री र लक्षित् वर्ग अवधारणा लागु गरिनेछ।<br>• आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ। |
| १०. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सहभागितामूलक र नतिजामूलक बनाउने। | • स्थानीय समुदायको व्यापक जनसहभागितामा योजना तर्जुमा तथा सञ्चालन गरिनेछ।<br>• आयोजना कार्यान्वयनलाई पक्षलाई विशेष जोड दिई व्यवस्थित, गुणात्मक र परिणाममूखी बनाइनेछ।<br>• एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने र त्यसै अनुरुप वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ।<br>• २५ लाख भन्दा माथिको लागतका आयोजनाहरूको स्वतन्त्र प्राविधिक परीक्षकद्वारा प्रभाव मूल्याङ्कन गरिनेछ।<br>• स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधिअनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मद्यावधी र आवधिक रूपमा प्रक्रिया तथा नतिजा अनुगमन एवम् चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ। |
| ११. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने। | • गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी आवस्यकता अनुसार बैठक तथा अन्तरक्रिया गरिनेछ।<br>• गैसस, समुदाय, विकास साझेदार तथा निजी क्षेत्रसँग समन्वय बैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ।<br>• विभिन्न पेशावाट सेवा निवृत्त कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा जोड्ने प्रयास गरिनेछ। |

## ८.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा नगरसभा वा कार्यपालिकाबाट स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको प्रवोधीकरण कार्यान्वयनको अवस्थाको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ। अधिकार क्षेत्रका अन्य विषयमा नीति, ऐन,

नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन र नागरिक शिक्षा तथा सचेतना कार्यक्रम मार्फत नगरपालिकाबासीहरू जानकार भएका हुनेछन्। स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड परिपालना अभिवृद्धि भएको हुनेछ। नगरपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धिबारे नागरिक बहस लगायत सामाजिक जवाफदेहिताको औजारहरूको प्रयोग मार्फत् नागरिकको पृष्ठपोषण प्राप्त हुनेछ र सोको आधारमा नीति, कानून तथा कार्यविधि परिमाजर्नन भएका हुनेछन्। निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत निगरानी अभिवृद्धि भएको हुनेछ।

नगरपालिकाको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ती, संगठन सुदृढीकरण र क्षमता विकास भएको हुनेछ। योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, योजना व्यवस्थापन, विषय क्षेत्रगत नीति, कानून र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका प्रतिनिधिहरूको क्षमता विकास भएको हुनेछ। नगर कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्दहरू प्रर्याप्त र सुरक्षित भवन, औजार उपकरण, आवश्यक अन्य भौतिक वस्तुहरू र सूचना प्रविधि युक्त भएका हुनेछन्। नगरमा टोल विकास संस्थाहरू परिचालित भएका हुनेछन् र विकास निर्माण र सेवा प्रवाहमा समुदाय परिचालन, नागरिक सहभागिता र निगरानीमा अभिबृद्धि भएको हुनेछ। समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि भएको हुनेछ।

नगरपालिकाको राजस्व परिचालन क्षमता वृद्धि भएको हुनेछ। नगरपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदानमा वृदिहुनेछ। नगरपालिकाको कुल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान ३ प्रतिशत भन्दा बढी पुग्नेछ।

नगरपालिकामा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लाागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन हुनेछन्। दीर्घकालिन तथा आवधिक योजनाको आधारमा कृषि, पर्यटन, उद्यम तथा पूर्वाधार विकास लगायत नगरपालिकाको समष्टिगत विकासका अग्रणी विषय त्रहरूको रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक कार्यक्रम तथा कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलब्धिको मापन प्रणालीको संस्थागत विकास भएको हुनेछ। स्थानीय सुशासन तथा संस्थागत विषयत क्षेत्रको नतिजा खाका अनुसूची २ (ङ) मा प्रस्तुत गरिएको छ।

## ८.८ प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास र क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

### तालिका नं. ८.२: सुशासन तथा संस्थागत विकास क्षेत्रका प्रमुख कार्यक्रमहरू

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | जम्मा | |
| नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | विषय | २८ | ८३ | ४०० | ६०० | ६०० | ४०० | ४०० | २४०० | २०० |
| सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ० | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० |
| नागरिक सन्तुष्टी सर्वेक्षण तथा बहस कार्यक्रम | पटक | ० | १० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २०० |
| विद्युतीय शासन प्रवर्द्धन  कार्यक्रम | संख्या | ० | ५ | ९५० | ९५० | ९५० | ९५० | ९५० | ४७५० | ९५० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | १५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २०० |
| नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्भेक्षण कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० |
| सामाजिक तथा सार्वजनिक परीक्षण कार्यक्रम | पटक | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० |
| घुम्ति शिविर कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० |
| **नीति, नियम र सुशासन उपक्षेत्रको जम्मा** | | | | **३९५०** | **४१५०** | **४१५०** | **३९५०** | **३९५०** | **२०१५०** | |
| कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | ३ | ७ | १०००० | २०००० | २०००० | १०००० | १०००० | ७०००० | १०००० |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रवद्र्धन कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २ | २० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | २७५ |
| अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान–प्रदान कार्यक्रम | पटक | ० | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ३०० |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| संगठन विकास र सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | ७५० | ० | ० | ७५० | ० | १५०० | ७५० |
| सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम | एकाई | ० | २० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १२५० |
| न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ० | ८० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ |
| लक्ष्यित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ३ | ५० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४० |
| गैसस समन्वय तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ० | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० |
| **संस्थागत विकास उपक्षेत्रको जम्मा** | | | | **२०६५०** | **२९९००** | **२९९००** | **२०६५०** | **१९९००** | **१२१०००** | |
| राजस्व संभाव्यता अध्ययन, | पटक | १ | २ | ० | ० | १००० | ० | १००० | २००० | १००० |
| राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन कार्यक्रम | पटक | ० | ५ | १००० | ४०० | ४०० | ४०० | ४०० | २६०० | ५०० |
| राजस्व परामर्श समिति तथा शाखा क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | १००० | ३०० | ३०० | ३०० | ३०० | २२०० | ५०० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| वडा स्तरमा करदाता शिक्षा कार्यक्रम | वार्षिक | ० | ५० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २५ |
| करदाता प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| राजस्व परिचालन अनुगमन कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्वाद कार्यक्रम | पटक | ० | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० |
| **स्रोत परिचालन जम्मा** | | | | **३८००** | **२२००** | **३२००** | **२२००** | **३२००** | **१४३००** | |
| स्थानीय आयोजना बैङ्क तयारी | पटक | ० | ५ | ४००० | ५०० | ५०० | ५०० | ५०० | ६००० | १२०० |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली सञ्चालन | पटक | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | विषय | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | १ | ६ | ९०० | ९०० | २००० | १००० | १००० | ५८०० | ९६६ |
| रु. २५ लाख भन्दा बढी लागतका आयोजनाहरूको तेस्रो पक्षबाट प्राविधिक परीक्षण तथा मूल्याङ्कन | वार्षिक | ३ | १५ | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ६०० |
| उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | ० | २० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १५०० | १०० |
| वस्तुस्थिति विवरण तयारीरअद्यावधिक | पटक | १ | २ | ० | ० | १५०० | ० | १५०० | ३००० | १५०० |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष ०७९/०८० | लक्ष ०८४/८५ | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति एकाइ लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | **जम्मा** | |
| नतिजामा आधारित वार्षिक योजना तर्जुमा | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| **विकास व्यवस्थापन जम्मा** | | | | ९९०० | ६४०० | ९००० | ६५०० | ८००० | ३९३०० | |
| **संस्थागत विकास कुल जम्मा** | | | | ३८३०० | ४२६५० | ४६२५० | ३३३०० | ३५०५० | १९४७५० | |

# परिच्छेद नौ

# कार्यान्वयन व्यवस्था

## ९.१ वित्तीय व्यवस्थापन योजना

### ९.१.१ स्रोत अनुमान तथा प्रक्षेपण

इनरूवा नगरपालिकाले तयार गरेको यस प्रथम आवधिक योजनाको कार्यान्वयन नगरपालिकाको नेतृत्वदायी भूमिका तथा अन्य तहको सरकार, निजी क्षेत्र, विकास साझेदार संस्था, स्थानीय समुदाय लगायत नगर विकासका सरोकारवालाहरूसँगको समन्वय, सहकार्य एवम् साझेदारीमा हुनेछ। आवधिक योजनाले निदृष्ट गरेको लक्ष्य हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन योजनामा नगरपालिकाको आन्तरिक र वाह्य स्रोतबाट हासिल गर्ने आय सहित स्थानीय विकासका सरोकारवालाबाट हुन सक्ने लगानीका स्रोतहरूको समेत प्रक्षेपण गरिएको छ। यस योजनाको अवधिमा आन्तरिक, वाह्य स्रोत, नीजि क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. ५ अरब १० करोड ८७ लाख ५६ हजार ९३१ स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ। योजना अवधिमा उपलब्ध हुनसक्ने स्रोतको प्रक्षेपित विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ

## तालिका नं. ९.१: आवधिक योजना अवधिमा लगानी हुन सक्ने स्रोतको प्रक्षेपण

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को सं अनुमान | आ.व. २०७९/८० को अनुमान | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | आ.व. २०८३/८४ को अनुमान | आ.व. २०८४/८५ को अनुमान | ५ वर्षको अनुमान जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **आय** | ७०११८३५३९.९ | ११४४९५१८५८ | ७७३,५३९,४१० | ७५०,१७६,७५१ | ८२५१९४४२६ | ९०७७१३८६८.७ | ९९८४८५२५६ | १०९८३३३७८१ | ४,५७९,९०४,०८२.५३ |
| **राजस्व** | २२३४२१७४७.९ | ६१७२४५८५८ | २६९९५६४१० | २९६९५२०५१ | ३२६६४७२५६ | ३५९३११९८१.७ | ३९५२४३१८० | ४३४७६७४९८ | १,८१२,९२१,९६६.५६ |
| **आन्तरिक स्रोत** | ३५४४५९४६.९९ | ५१२८०००० | ९९६८५००० | १०९६५३५०० | १२०६१८८५० | १३२६८०७३५ | १४५९४८८०९ | १६०५४३६८९ | ६६९,४४५,५८२.८५ |
| ११३१३ एकीकृत सम्पती कर | ८४४९००२.९७ | १०००००००० | १०५००००० | ११५५०००० | १२७०५००० | १३९७५५०० | १५३७३०५० | १६९१०३५५ | ७०,५१३,९०५.०० |
| ११३१४ भुमिकर/मालपोत | ३१३८८३.२५ | ३०००००० | २०००००००० | २२०००००० | २४२००००० | २६६२०००० | २९२८२००० | ३२२१०२०० | १३४,३१२,२००.०० |
| ११३२१ घरवहाल कर | ६५०२२५९.७१ | १०००००० | २५००००० | २७५०००० | ३०२५००० | ३३२७५०० | ३६६०२५० | ४०२६२७५ | १६,७८९,०२५.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | | १५०००० | १५०००० | १६५००० | १८१५०० | १९९६५० | २१९६१५ | २४१५७६.५ | १,००७,३४१.५० |
| ११६९१ अन्य कर | ६६८१७२.३७ | १६४५०००० | २५००००० | २७५०००० | ३०२५००० | ३३२७५०० | ३६६०२५० | ४०२६२७५ | १६,७८९,०२५.०० |
| १४१५१ सरकारी सम्पत्तीको | | २०००००० | ० | ० | ० | ० | ० | ० | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वहालबाट प्राप्त आय | | | | | | | | | |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | | १००००० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | ५०००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ८४३० | १००००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ३५५७० | १००००० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| १४२१६ निजी धारा वापतको शुल्क | | १०००० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| १४२१७ नहर तथा कुलो उपयोग वापतको शुल्क | | १०००० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | १४८३८८.७५ | ३००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १९४६६०९.७ | १०००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |
| १४२२१ न्यायिक दस्तूर | १३०५० | १००००० | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५.१ | ६७,१५६.१० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | | २०००००० | १०००००० | ११००००० | १२१०००० | १३३१००० | १४६४१०० | १६१०५१० | ६,७१५,६१०.०० |
| १४२२४ परीक्षा शुल्क | | २००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | | ५०००० | १०००००० | ११००००० | १२१०००० | १३३१००० | १४६४१०० | १६१०५१० | ६,७१५,६१०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४४९२.५ | ५००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४२४१ पार्किङ्ग शुल्क | | १००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४२४२ नक्सापास दस्तुर | ३१०२११४.९९ | ४०००००० | ४०००००० | ४४००००० | ४८४०००० | ५३२४००० | ५८५६४०० | ६४४२०४० | २६,८६२,४४०.०० |
| १४२४३ सिफारिश दस्तुर | ६८५२२५५.५५ | ८०००००० | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० | ३३,५७८,०५०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ११३६७६ | १००००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४२४५ नाता प्रमाणित दस्तुर | १५६१२० | १०००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४२४९ अन्य दस्तुर | ७१०६२८५.२ | १०००००० | १५०००००० | १६५००००० | १८१५०००० | १९९६५००० | २१९६१५०० | २४१५७६५० | १००,७३४,१५०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०५७० | ५००००० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४२५४ रेडियो/ एफ.एम. सञ्चालन दस्तुर | | ५०००० | २५००० | २७५०० | ३०२५० | ३३२७५ | ३६६०२.५ | ४०२६२.७५ | १६७,८९०.२५ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १५५० | ० | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | ६७१,५६१.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १३५१६ | २००००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | | १००००० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ | ३३५,७८०.५० |
| १४५३१ सरकारी घर, जग्गा, बिक्रीबाट प्राप्त रकम | | १००००० | ० | ० | ० | ० | ० | ० | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १०७,१९०,१३५ | १११,५२२,४२० | १३३,२७१,४१० | १४६५९८५५१ | १६१२५८४०६ | १७७३८४२४६.७ | १९५१२२६७१ | २१४६३४९३९ | ८९४,९९८,८१३.७१ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७७,९४२,२८७. | ५१,४४४,५०० | १२४,६३८,००० | १३७१०१८०० | १५०८११९८० | १६५८९३१७८ | १८२४८२४९६ | २००७३०७४५ | ८३७,०२०,१९९.१८ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २१,४७९,७३६. | ५१,४४४,५०० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ७,७६८,११० | ८,६३३,४२० | ८,६३३,४१० | ९४९६७५१ | १०४४६४२६.१ | ११४९१०६८.७१ | १२६४०१७५.६ | १३९०४१९३.१ | ५७,९७८,६१४.५३ |
| अन्य आय | ८०,७८५,६६५ | ४५४,४४३,४३८ | ३७,०००,००० | ४०७००००० | ४४७७०००० | ४९२४७००० | ५४१७१७०० | ५९५८८८७० | २४८,४७७,५७०.०० |
| १४५२९ अन्य राजस्व | ८०,७८५,६६५. | ४५४,४४३,४३८ | ३७,०००,००० | ४०७००००० | ४४७७०००० | ४९२४७००० | ५४१७१७०० | ५९५८८८७० | २४८,४७७,५७०.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४७७,७६१,७९२ | ५२७,७०६,००० | ५०३,५८३,००० | ४५३२२४७०० | ४९८५४७१७० | ५४८४०१८८७ | ६०३२४२०७६ | ६६३५६६२८३ | २,७६६,९८२,११५.९७ |
| संघीय सरकार | ४५७२५५७९२ | ४८८२२१००० | ४८०३००००० | ४३२२७०००० | ४७५४९७००० | ५२३०४६७०० | ५७५३५१३७० | ६३२८८६५०७ | २,६३९,०५१,५७७.०० |
| १३३११ समानिकरण अनुदान | १७३,७००,००० | १८४,४००,००० | १९४,७००,००० | १७५२३०००० | १९२७५३००० | २१२०२८३०० | २३३२३११३० | २५६५५४२४३ | १,०६९,७९६,६७३.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | २७९,५५५,७९२ | २६५,२२१,००० | २५९,२००,००० | २३३२८०००० | २५६६०८००० | २८२२६८८०० | ३१०४९५६८० | ३४१५४५२४८ | १,४२४,१९७,७२८.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | २७,५००,००० | १४,४००,००० | १२९६०००० | १४२५६००० | १५६८१६०० | १७२४९७६० | १८९७४७३६ | ७९,१२२,०९६.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | ७,०००,००० | ६३००००० | ६९३०००० | ७६२३००० | ८३८५३०० | ९२२३८३० | ३८,४६२,१३०.०० |
| १३३१६ समपुरक अनुदान चालु | ४,०००,००० | | | ० | ० | ० | ० | ० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ११,१००,००० | ५,०००,००० | ४५००००० | ४९५०००० | ५४४५००० | ५९८९५०० | ६५८८४५० | २७,४७२,९५०.०० |
| प्रदेश सरकार | २०५०६००० | ३९४८५००० | २३२८३००० | २०९५४७०० | २३०५०१७० | २५३५५१८७ | २७८९०७०५.७ | ३०६७९७७६.३ | १२७,९३०,५३८.९७ |
| १३३११ समानिकरण अनुदान | ७,८०९,००० | १०,८८९,००० | १०,८८९,००० | ९८००१०० | १०७८०११० | ११८५८१२१ | १३०४३९३३.१ | १४३४८३२६.४ | ५९,८३०,५९०.५१ |
| १३३१२ शसर्त अनुदान चालु | २,६९७,००० | १८,७९६,००० | २,३९४,००० | २१५४६०० | २३७००६० | २६०७०६६ | २८६७७७२.६ | ३१५४५४९.८६ | १३,१५४,०४८.४६ |
| १३३१६ समपुरक अनुदान चालु | १०,०००,००० | १०,०००,००० | ० | ० | ० | ० | ० | ० | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | १०,०००,००० | ९०००००० | ९९००००० | १०८९०००० | ११९७९००० | १३१७६९०० | ५४,९४५,९००.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक स्रोत | ३५४४५९४६.९९ | ५१२८०००० | ९९६८५००० | १०९६५३५०० | १२०६१८८५० | १३२६८०७३५ | १४५९४८८०९ | १६०५४३६८९ | ६६९४४५५८२.९ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १०७१९०१३५.१ | १११५२२४२० | १३३२७१४१० | १४६५९८५५१ | १६१२५८४०६ | १७७३८४२४६.७ | १९५१२२६७१ | २१४६३४९३९ | ८९४९९८८१३.७ |
| अन्य आय | ८०७८५६६५.७९ | ४५४४४३४३८ | ३७०००००० | ४०७००००० | ४४७७०००० | ४९२४७००० | ५४१७१७०० | ५९५८८८७० | २४८४७७५७० |
| संघीय सरकार | ४५७२५५७९२ | ४८८२२१००० | ४८०३००००० | ४३२२७०००० | ४७५४९७००० | ५२३०४६७०० | ५७५३५१३७० | ६३२८८६५०७ | २६३९०५१५७७ |
| प्रदेश सरकार | २०५०६००० | ३९४८५००० | २३२८३००० | २०९५४७०० | २३०५०१७० | २५३५५१८७ | २७८९०७०५.७ | ३०६७९७७६.३ | १२७९३०५३९ |
| जम्मा राजश्व | ७०११८३५३९.९ | ११४४९५१८५८ | ७७३५३९४१० | ७५०१७६७५१ | ८२५१९४४२६ | ९०७७१३८६८.७ | ९९८४८५२५६ | १०९८३३३७८१ | ४५७९९०४०८३ |
| जनसहभागिता (१० प्रतिशत) | ० | ० | ७७३५३९४१ | ७५०१७६७५.१ | ८२५१९४४२.६ | ९०७७१३८६.८७ | ९९८४८५२५.६ | १०९८३३३७८ | ४५७९९०४०८.३ |
| संघसंस्था साझेदारी | ० | ० | ४०००००००० | ४४०००००० | ४८४००००० | ५३२४०००० | ५८५६४००० | ६४४२०४०० | ७०८६२४४० |
| **जम्मा वजेट** | **७०११८३५३९.९** | **११४४९५१८५८** | **८९०८९३३५१** | **८६९१९४४२६** | **९५६११३८६९** | **१०५१७२५२५६** | **११५६८९७७८१** | **१२७२५८७५५९** | **५१०८७५६९३१** |

## ९.२ विषय क्षेत्रअनुसार प्रस्तावित लागत

विषयक्षेत्रअनुसार प्रस्तावित लागतको आधार योजना तर्जुमा कार्यशाला गोष्ठीको छलफल, प्राविधिक सम्भाव्यता तथा प्रति इकाई लागत रहेको छ । आवधिक विकास योजनामा प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रम लगायत नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। प्रथम आवधिक योजना अवधिका लागि रु. ५ अरव, ५ करोड, ८५ लाख ८१ हजार स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाको विषय क्षेत्र/उप-क्षेत्र तथा प्रतिफल अनुसारको अनुमानित लागत रकम देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. ९.२: विषय क्षेत्रअनुसार कुल प्रस्तावित लागत**

| विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| क. आर्थिक विकास | ७९६८०० | १५.७५ |
| कृषि तथा खाद्य सुरक्षा | २००३०० | ३.९६ |
| सिंचाई विकास | १५७००० | ३.१० |
| पशुपंक्षी विकास | १८८५०० | ३.७३ |
| उद्योग, व्यापार तथा रोजगारी | १६५००० | ३.२६ |
| सहकारी, बैंक तथा वित्तीय सेवा | ६८००० | १.३४ |
| सम्पदा, संस्कृति तथा पर्यटन | १८००० | ०.३६ |
| **ख. सामाजिक विकास** | १४६४२४१ | २८.९५ |
| शिक्षा, विज्ञान तथा प्रविधि | ५४२१५० | १०.७२ |
| स्वास्थ्य तथा पोषण | ४२७३०१ | ८.४५ |
| खानेपानी तथा सरसफाई | ३९६५०० | ७.८४ |
| महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ३६२९० | ०.७२ |
| युवा तथा खेलकूद | ६२००० | १.२३ |
| **ग. पूर्वाधार विकास** | २४२७३०० | ४७.९८ |
| आवास, भवन र शहरी विकास | ५३७८०० | १०.६३ |
| सडक, पुल तथा यातायात | १८४०४०० | ३६.३८ |
| विद्युत तथा वैकल्पिक उर्जा | ३५२०० | ०.७० |
| सूचना, सञ्चार तथा प्रविधि | १३९०० | ०.२७ |
| **घ. वन, वातावरण तथा विपद् व्यवस्थापन** | १७५४९० | ३.४७ |
| वन, जैविक विविधता र हरियाली | १७५०० | ०.३५ |
| भू तथा जलाधार व्यवस्थापन | ४३२६० | ०.८६ |

| विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| वातावरण र फोहोरमैला व्यवस्थापन | ४९८०० | ०.९८ |
| विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन | ६४९३० | १.२८ |
| **ङ. संस्थागत विकास र सुशासन** | १९४७५० | ३.८५ |
| नीति, कानून तथा सुशासन | २०१५० | ०.४० |
| संगठन तथा क्षमता विकास | १२१००० | २.३९ |
| स्रोत परिचालन | १४३०० | ०.२८ |
| विकास व्यवस्थापन | ३९३०० | ०.७८ |
| **कुल जम्मा** | ५०५८५८१ | १०० |

## ९.३ स्रोत परिचालन रणनीति

आवधिक योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि रु. ५ अर्व, ५ करोड, ८५ लाख ८१ हजार स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ। आवधिक योजना कार्यान्वयनको अवधिमा उपरोक्त रकम आन्तरिक तथा वाह्यि स्रोतबाट उपलब्ध हुने रकम र ५ अर्व, १० करोड ८७ लाख ५६ हजार स्रोत अनुमान गरिएको छ। यसरी हेर्दा योजनाको कार्यान्वयनका लागि खर्च गरेर ५ करोड वढि देखन्छ। तर यस वजेटमा कार्यलयको नियमित सञ्चालन र तलव समावेस नगरकाले १ अर्व थप रकम आवधिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने खर्च रकम परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिनेछ।

- सम्पत्ति कर तथा भूमि कर, व्यवसाय कर, वहाल कर तथा वहाल विटौरी शुल्क, दस्तुर, अन्य विक्री, सेवा शुल्कको दायरा विस्तार तथा दर वृद्धि गरी आन्तरिक स्रोत बढाउने,
- संघीय योजना तथा प्रदेश योजनाले समेटेका क्षेत्रमा संघीय सरकार तथा प्रदेश सरकारसँग ठूलास्तरका आयोजना सञ्चालनको लागि आवश्यक पहल तथा पैरवी गर्ने,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानको वृद्धिका लागि आवश्यक पहल गर्ने,
- स्थानीयस्तरमा क्रियाशिल गैसस तथा विकास साझेदारसँग कार्यक्रम विस्तारका लागि वातावरण तयार तथा अतिरिक्त साझेदारी एवम् सहकार्य विस्तार गर्ने,
- नाफामूलक क्षेत्रमा लगानीको वातावरण तयार गरी विप्रेषणको अधिकाधिक आकर्षण तथा परिचालन गर्ने,
- स्थानीय स्वाभिमान तथा प्रतिष्ठासँग जोडिएका विकास निर्माणका क्षेत्रमा स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने,
- विकास प्रकृयामा जनसहभागिता, स्थानीय स्रोत र सामाग्री अधिकाधिक उपयोग गर्ने,
- लगानीका क्षेत्र पहिचान गरी नीजि क्षेत्रको साझेदारी अभिवृद्धि गर्ने,
- विशिष्ट खालका उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने,

- अन्य गाउँपालिका वा नगरपालिकासँग समेत सरोकार राख्ने तथा साझा महत्वका आयोजनाका लागि अन्तर स्थानीय सरकार संयुक्त लगानीमा स्रोत परिचालन गर्ने,
- संघ तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट थप स्रोत परिचालनका लागि आवश्यक पैरवी गर्ने।

## ९.४ आवधिक योजना कार्यान्वयन

वार्षिक वजेट तथा कार्यक्रमका माध्यमबाट मध्यमकालीन अवधिको यस पञ्च वर्षीय आवधिक योजना कार्यान्वयन गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैंक र तीन वर्षको स्रोत तथा खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यमकालीन खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी योजनाको कार्यान्वयन गरिनेछ। वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम् कार्यक्रम सहित विषयगत रणनीतिक योजना, आयोजना बैंक र मध्यमकालीन खर्च संरचनालाई आधार लिईनेछ।

### ९.४.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

इनरूवा नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको संगठन संरचनाका आधारमा नगर कार्यपालिकाले स्वीकृत गरेको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली बमोजिम कार्य सम्पादन तथा सेवा प्रवाह गर्ने गरेको छ। संघीय ऐन बमोजिम कर्मचारी समायोजन भए पश्चात वडा कार्यालय समेत कार्यपालिका कार्यालयबाट प्रवाह भई रहेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी उपलब्ध गराएको नगरपालिकाको संगठन संरचनाअनुसार यस नगरपालिकाको संगठनात्मक ढाँचा देहाय बमोजिम रहेको छ।


नगरसभा
लेखा, विधायन, सुशासन तथा अन्य समिति
नगर कार्यपालिका
आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
प्रमुख
उपप्रमुख
न्यायिक समिति
प्रमुख प्रशासकीय अधिकृत
रा.प. द्वितीय-१
प्रशासन, योजना तथा अनुगमन शाखा
शाखा अधिकृत रा.प.तृ.(प्र) वा अधिकृत सातौं/आठौं-१
प्रशासन उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक चौथो/पाँचौं -२
राजस्व उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक चौथो/पाँचौं-२
योजना तथा अनुगमन उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक चौथो/पाँचौं-२
वडा कार्यालय
ना.सु.,रा.प.अनं.प्र(प्र)/अधिकृत छैठौं/सहायक पाचौं -१
खरिदार रा.प.अनं.द्वि (प्र)/सहायक चौथो/पाँचौं-१
सब.इन्जि रा.प.अनं.(प्रा.)/सब इन्जि.पाँचौं/अ.सब.इन्जि/प्राविधिक सहायक चौथो-१
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
सि.डि.ई. (रा.प.द्वि)(प्रा.) (सिभिल, जनरल/बि.आ./स्यानीटरी/सिचाई/हाईवे) वा वरिष्ठ ईन्जिनियर आठौं/नवौं-१
सडक तथा अन्य पूर्वाधार विकास उप-शाखा
ईन्जि.,रा.प.तृ (प्रा.) (सिभिल, जनरल/बि.आ.) वा ईन्जिनियर सातौं/आठौं -१
सब ईन्जि, रा.प.अनं.प्रा.(जनरल/हाईवे/सिंचाई) वा ईन्जिनियर छैठौं/सब ईन्जि.पाचौं -२
भवन तथा बस्ती विकास उप-शाखा
ईन्जि.,रा.प.तृ (प्रा.) (सिभिल, जनरल/बि.आ.) वा ईन्जिनियर सातौं/आठौं -१
सब ईन्जि, रा.प.अनं.प्रा.(जनरल/बि.आ.) वा ईन्जिनियर छैठौं/सब ईन्जि.पाचौं-१
सर्भेक्षक, रा.प. अनं. प्र (प्रा.) वा सहायक (प्रा.) पाचौं-१
वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन उप-शाखा
ना.सु./रेन्जर रा.प.अनं.प्र (प्रा.,वन) /अधिकृत छैठौं-१
ना.सु.रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाचौं -१
स्वास्थ्य तथा सामाजिक विकास शाखा
शा.अ. रा.प.तृ (प्र)/महिला विकास अधिकृत/जन स्वास्थ्य अधिकृत (प्रा.) सातौं/आठौं - १
सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
महिला, बालबालिका तथा समाज कल्याण उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/महिला विकास निरिक्षक/खरिदार रा.प.अनं.द्वि (प्र.)/सहायक महिला विकास निरिक्षक, रा.प.अनं.द्वि. वा सहायकस्तर पाँचौं/चौथो -१
सेवा केन्द्रहरू
• प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी
• अन्य
कानुन शाखा
कानुन अधिकृत रा.प.तृ (कानुन), वा अधिकृत सातौं/आठौं -१
ना.सु. रा.प.अनं.प्र.(न्याय)/अधिकृत छैठौं/ सहायक पाँचौं-१
शिक्षा, युवा तथा खेलकुद शाखा
शा.अ. रा.प.तृ. (शिक्षा)/अधिकृत सातौं/आठौं -१
प्राविधिक सहायक रा.प.अनं.प्र.(शिक्षा)/सहायक पाचौं -१
- बालविकासकेन्द्र
- विद्यालय
- खेलकुद समिति/केन्द्र
- युवा विकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र आदि
आर्थिक विकासशाखा
शा.अ., रा.प.तृ(कृषि/प्रशासन) वा उद्योग अधिकृत सातौं/आठौं-१
उद्योग तथा व्यवसाय प्रवर्द्धन उप-शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
इकाइ/सेवा केन्द्रहरू:
• पर्यटन
• घरेलु तथा साना उद्योग
• कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
• अन्य
आर्थिकप्रशासन शाखा
लेखा अधिकृत, रा.प.तृ. -१
ले.पा., रा.प. अनं. प्र. /अधिकृत छैठौं/ सहायक पाँचौं-१
सहले.पा.रा.प.अनं.द्वि/सहायक पाँचौं/चौथो-१
आन्तरिक लेखा परिक्षण एकाई
आन्तरिक लेखा परिक्षक,रा.प.अन प्रथम/सहायक पाचौं-१

## ९.५ अनुगमन तथा मूल्याङ्कन योजना

### ९.५.१ विद्यमान व्यवस्था

विद्यमान कानूनी व्यवस्था, विगतका सफल अभ्यास तथा नेपाल सरकारले उपलब्ध गराएको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी दिग्दर्शन अनुगमन तथा मूल्याङ्कनको प्रमुख आधार हो। जसअनुसार अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संस्थागत विकासका लागि नगर कार्यपालिका कार्यालय, विषयगत समिति, शाखा, वडा कार्यालय, सम्वन्धित परियोजना, जिल्ला समन्वय समिति र सो सम्वन्धी संयन्त्रको विकास गरिएको छ। सिमित स्रोत र साधन तथा दक्ष जनशक्ति, प्राविधिक दक्षताको कमी र परम्परागत अभ्यासको निरन्तरताका कारण विकास गतिबिधिहरूमा हुने अनुगमन कार्य नतिजा खाकाअनुसार तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरूसँग जोडी नतिजा हासिल भए नभएको यकिन गर्न सकिएको छैन। यद्यपि, कानूनी तथा नीतिगत व्यवस्था नगरपालिकाले आयोजनाको प्रगतिको अवस्था, समयमै तोकिएको शर्तमा आयोजना सम्पन्न गर्न गराउन गर्नु पर्ने कार्यलाई सचेत गराउने तथा सम्पन्न भए नभएको अवस्थाको अनुगमन गर्ने अभ्यास रहेको देखिन्छ।

### ९.५.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक योजनाको तीन तहः प्रभाव, असर, प्रतिफल तहको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने प्रमुख जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछः

- नगर कार्यपालिका,
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति,
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ/संस्था,
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष,
- जिल्ला समन्वय समिति।

### ९.५.३ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

यस आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछः

- स्थलगत अनुगमन,
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना,
- नागरिक अनुगमन,
- नतिजामा आधारित ढाँचाअनुसार नतिजा अनुगमन तथा वार्षिक समीक्षा,
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि समीक्षा,
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)।

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहायअनुसार प्रस्ताव गरिएको छ। यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना समेत वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था नगर कार्यपालिकाले गर्नेछ।

**तालिका नं ९.३: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के गर्ने? | पुष्टयाई के बाट गर्ने? | कहिले गर्ने? | कसरी गर्ने? | कसले गर्ने? |
|---|---|---|---|---|
| प्रभाव तह अनुगमन तथा मूल्याङ्कन | - प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>- प्रभाव अनुगमन प्रतिवेदन<br>- अध्ययन सर्वेक्षण प्रतिवेदन<br>- मध्यावधि समीक्षा<br>- आयोजना/कार्यक्रम प्रभाब मूल्याङ्कन प्रतिवेदन | - प्रभाव मूल्याङ्कन (योजना सम्पन्न भएको २ वर्ष पछि मध्यावधि (तेश्रो वर्षको अन्त्यमा)<br>- प्रभाव तह नतिजा अनुगमन (अन्तिम वर्ष) | - नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>- सहभागितामूलक छलफल गर्ने<br>- अध्ययन तथा सर्वेक्षण गर्ने<br>- कार्यपालिका र सभाको बैठकमा समीक्षा गर्ने | - कार्यपालिका, सरोकारवाला र तेश्रो पक्ष |
| असर तह अनुगमन तथा मूल्याङ्कन | - मध्यावधि समीक्षा प्रतिवेदन<br>- असर अनुगमन प्रतिवेदन<br>- वार्षिक समीक्षा प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - वार्षिक, मध्यावधि र अन्तिम वर्ष | - नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>- नमूना सर्वेक्षण गर्ने<br>- कार्यपालिका बैठकमा समीक्षा गर्ने<br>- आयोजना कार्यक्रमको कार्य सम्पादन प्रतिवेदन विश्लेषण गर्ने<br>- आयोजना तथा कार्यक्रम सम्पन्न स्थिति र खर्च विवरण अध्ययन गर्ने<br>- सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>- सहभागितामूलक रूपमा समीक्षा गोष्ठी गर्ने | - सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष<br>- कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति |
| प्रतिफल अनुगमन तथा मूल्याङ्कन | - चौमासिक प्रगति प्रतिवेदन<br>- वार्षिक समीक्षा प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | - स्थलगत अनुगमन गर्ने<br>- वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने | - कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति |

| के गर्ने? | पुष्टयाई के बाट गर्ने? | कहिले गर्ने? | कसरी गर्ने? | कसले गर्ने? |
|---|---|---|---|---|
| | | | - नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>- विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने<br>- सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | - मासिक प्रगति प्रतिवेदन<br>- चौमासिक प्रगति प्रतिवेदन<br>- गुणस्तर अनुगमन प्रतिवेदन | - पटके, मासिक, चौमासिक र वार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | - अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति, विषयगत शाखा, परियोजना तथा गैसस |

# अनसूचीहरू

*अनुसुची १ क्षेत्रगत क्षमता विश्लेषण*

**क) आर्थिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण विवरण**

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **क. कृषि र खाद्य सुरक्षा** | | |
| - नगरपालिकाको कूल जग्गामध्ये ८० प्रतिशत जग्गा खेतियोग्य रहेको छ।<br>- करीव ८५ प्रतिशत घरपरिवार कृषि कार्यमा संलग्न रहेका छन्।<br>- माछापालन र अन्न उत्पादनको पर्याप्त सम्भावना भई पहिचान समेत स्थापित भएका छन्।<br>- सवै वडामा तरकारी उत्पादनका लागि व्यावसायिक हुँदै गएको छ।<br>- फलफूल खेतितर्फ आँप, केरा, कटहर, लिची, मेवा, कागती जस्ता फलफूल खेतिको अनुकूलता रहेको छ।<br>- नगरपालिका क्षेत्रभित्र ४० वटा कृषि फार्म सञ्चालनमा रहेका छन् भने १० वटा एग्रोभेट | - शहरीकरण र अव्यवस्थित बसोवासले खेतीयोग्य जमीन घट्दै जानु,<br>- सानो सानो टुक्रामा जमीन विभाजित हुनुले मेशिन औजारको प्रयोग आवश्यक मात्रामा गर्न नमिल्नु,<br>- युवाहरू कृषि पेशाप्रति उदासिन रहनु,<br>- गुणस्तरीय तथा उन्नत जातको वीउको उपलव्धतामा कमी हुनु,<br>- उत्पादकत्व कम भएका जातको प्रयोग ज्यादा रहेको,<br>- कृषिमा मानवीय श्रम खर्च बढदै जानु,<br>- व्यवसायिक रुपमा तरकारी लगायत उच्च मुल्यको खेति प्रसार हुन नसक्नु,<br>- कृषिमा अन्य क्षेत्रको तुलनामा लगानीमा कमी हुनु,<br>- समयमा गुणस्तरीय मल तथा वीउको अभाव,<br>- गुणस्तरहीन वीउवीजनका कारण उत्पादकत्वमा ह्रास हुँदै जानु, | - खाद्यान्न बालीतर्फ उन्नत जातको वीउ, मल तथा प्रविधि विस्तार गर्ने,<br>- बाँझो जग्गा प्रयोगमा ल्याउन प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>- माटो परिक्षण गरी उपचार गर्न सहयोग गर्ने,<br>- खेति कार्यमा प्रवर्द्धनका लागि प्रविधिको प्रयोगमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,<br>- स्थानीय जातका वीउ प्रवर्द्धन गर्ने, जैविक खेतिलाई जोड दिने,<br>- समूह तथा सहकारी मार्फत समयमा मल वीउको उपलव्धता सुनिश्चित गर्ने,<br>- व्यवसायिक उत्पादनका लागि प्रोसाहनका कार्यक्रम सञ्चालन गर्ने,<br>- खाद्यान्न, वीउ, तरकारी तथा फलफूलको उचित भण्डारणको व्यवस्था गर्ने,<br>- भण्डारण, संकलन तथा विक्री स्थलहरूको स्थापना एवम् सञ्चालन गर्ने,<br>- उत्पादन तथा व्यापारीसँगको सम्बन्ध विकासका लागि समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| सेन्टर सञ्चालनमा छन्।<br>- पालिका भरिमा १५ वटा कृषक समूहमा रहेका छन् भने २२५ जना कृषक समुहमा आवद्ध भएका छन्।<br>- आफनै उत्पादनले वर्षभरी खानपुग्ने परिवार २० प्रतिशत रहेका छन।<br>- आधुनिक औजारतर्फ धान काट्ने मेशिन, थ्रेसर, रिपरजस्ता प्रविधिको प्रयोग मार्फत् कृषिमा यान्त्रीकरण बढ्दै गएको छ। | - उपजको वजार पहुँच एवम् उत्पादनका सामग्रीको ढुवानीका लागि पर्याप्त कृषि सडक नभएको<br>- आधुनिक कृषि औजार उपकरणको प्रयोगमा कमी<br>- बीउवीजनको भण्डारणको अभाव सितभण्डारको व्यवस्था नहुनु,<br>- विक्री वितरण प्रणाली व्यवस्थित नहुनु,<br>- वजार मूल्य सूचना प्रणालीको कमी हुनु। | - वजार मूल्य सूचना प्रणालीको विकास गर्ने,<br>- कृषि सहकारीलाई कृषि उपजको वजारीकरणमा प्रोत्साहन गर्ने,<br>- एक वडा एक कृषि प्राविधिक र एक टोल एक अगुवा कृषक कार्यक्रम सञ्चालन गर्ने। |
| **ख. सिंचाइ** | | |
| - प्राकृतिक खोलानाला, बाँध कूलोको प्रयोग तथा अन्य बैकल्पिक विधिबाट सिंचाइ सुविधा पुगिरहेको छ।<br>- सिंचाई सुविधाको लागि १० वटा नहर रहेको छन्। सुनसरी खोला र अन्य खोला लगायत अन्य भूमिगत पानीले नगरपालिका क्षेत्रमा करिब ३००० हेक्टर | - सिंचाई प्रणालीहरू पूर्ण रुपमा सञ्चालनमा नरहेको,<br>- सिंचाइ उपभोक्ताहरू क्रियाशील नभएको,<br>- प्रायः सबै वडामा सिंचाई सुबिधा प्राप्त भए पनि करिब ५० प्रतिशत जमिनमा मात्र बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको,<br>- नगरपालिकामा वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, | - सिंचाइ योजनाको नियमित मर्मतका लागि कोषको व्यवस्था गर्ने,<br>- विद्युतीय प्रणालीबाट बोरिङ सञ्चालनमा ल्याउने,<br>- शौर्य उर्जाको प्रयोगबाट लिफ्टिंग प्रविधिको प्रयोग गर्ने,<br>- प्रदेश तथा संघ सँगको साझेदारीमा वृहत सिचाइ प्रणालिको विकास गर्ने,<br>- उपभोक्ता समितिलाइ व्यवस्थापनको लागि क्षमता विकास गर्ने। |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
| --- | --- | --- |
| कृषियोग्य जमिनमा सिंचाइको उपलब्धता भएको छ। | - सिंचाइ नहर तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भार हुन नसक्नु र सिंचाई बिधुतिकरणको नीति अवलम्वन गर्न नसक्नु,<br>- पानिको सतह गहिरिदा भुमिगत सिचाइमा समस्या हुनु,<br>- ठुला आयोजना निर्माण गर्न लागत उच्च हुनु। | |
| **ग. पशुपालन** | | |
| - माछापालनका लागि करीव १०० वटा पोखरीहरू रहेका छन्।<br>- ६० प्रतिशत परिवारले पशुपालन कार्य व्यवसायिक रूपमा गरिरहेको हुँदा व्यावसायिक पशुपालनको प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ।<br>- उन्नत गाई तथा भैंसीपालनतर्फ समुदायमा आकर्षण बढ्दै गएको छ।<br>- पशुपालन गर्ने परिवारको करीव १० प्रतिशत परिवार उन्नत जातको पशुपालनमा सङ्लग्न रहेका छन्। | - उन्नत जातको गाईभैसी, बाख्रापालन पर्याप्त हुन नसक्नु,<br>- आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी,<br>- पशुपन्छीका लागी औषधी उपचार केन्द्र नहुनु तथा उपचारको व्यवस्था पर्याप्त नहुनु,<br>- दक्ष जनशक्तिको सहयोगमा पशुपालन तालीमको व्यवस्थामा कमी,<br>- गुणस्तरीय दुग्ध उत्पादनमा व्यवसायिक चेतनाको कमी र दुग्ध चिस्यान केन्द्रको कमी,<br>- समयमा उपलव्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु ,<br>- पशुपालन कार्य आधुनिक तथा व्यवस्थित हुन नसक्नु,<br>- चरण क्षेत्र व्यवस्थित हुन नसक्नु, | - उन्नत नश्लको सुधारको कार्यक्रमलाई थप प्रभावकारी बनाउने,<br>- उन्नत जातका गाई, भैंसी, बाख्रा उपलब्ध गराउने,<br>- आधुनिक किसिमको गोठ, खोरको व्यवस्था गर्ने,<br>- घाँसको स्रोत केन्द्र स्थापना गर्ने,<br>- पशुपन्छीका लागी औषधी उपचार केन्द्रको व्यवस्था गर्ने,<br>- पशु रोग उपचारका घुम्ती टोली, पशु एम्बुलेन्सको व्यवस्था गर्ने तथा पशु उपचारका लागि ल्यावको व्यवस्था गर्ने,<br>- दक्ष जनशक्तिको सहयोगमा पशुपालन तालीमको व्यवस्था गर्ने,<br>- समय समयमा बिषेशज्ञ सेवा स्थानीयस्तरमा उपलव्ध गराउने,<br>- दुग्ध चिस्यान केन्द्र प्रशोधन केन्द्रको स्थापना गर्ने,<br>- पशुबधस्थल तथा मासु बिक्री केन्द्र वा स्वस्थ मासु पसल व्यवस्थित गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - पशुपालनका लागि उपयुक्त चरण क्षेत्र उपलव्धता छ।<br>- उन्नत जातको घाँस खेतिको सुरुवात भएको छ।<br>- व्यवसायिक कुखुरापालन फर्म सञ्चालनमा रहेको छ।<br>- नश्ल सुधारको कार्यक्रम सुरु भएको छ।<br>- दक्ष प्राविधिक जनशक्तिको उपलव्धता छ।<br>- पशुपन्छीको दाना सप्लायर्स रहेका छन्। | - पशुबधस्थल नहुनु र पशुजन्य उत्पादनको सहज बिक्री वितरणको प्रवन्ध नहुनु,<br>- पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु,<br>- पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु,<br>- पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु। | - पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला स्थापना गर्ने,<br>- व्यवस्थित पशु औषधी पसलको सञ्चालनका लागि प्रवद्र्धन गर्ने,<br>- एक वडा एक पशु सेवा प्राविधिक र एक टोल एक व्यवसायिक अगुवा कृषक कार्यक्रम सञ्चालन गर्ने,<br>- पशुपालनका लागि आवश्यक सरल कर्जा एवम् वीमाको व्यवस्था गर्ने, |
| **घ. उद्योग, व्यापार तथा व्यवसाय** | | |
| - वजार केन्द्रहरूमा नियमित रुपमा हाटवजार पनि सञ्चालनमा रहेको छ।<br>- उद्योग पूर्वाधारहरूको विकासका निमित्त आवश्यक न्यूनतम पूर्वाधारहरू जस्तै सडक, पानी तथा विजुलीको विस्तार भैरहेका छन्।<br>- स्थानीयस्तरमा कृषिजन्य तथा वन पैदावारजन्य कच्चा | - उद्योग सम्बन्धी जानकारीको अभाव हुनु,<br>- घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त नहुनु,<br>- उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु,<br>- दक्ष जनशक्तिको उपलव्धता स्थानीयस्तरमा नहुनु। | - उद्योगको संभाव्यता अध्ययन गरी उपयुक्त उद्योगको स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>- स्थानीय उत्पादनको सङ्कलन तथा प्रशोधन गर्ने उद्योगको स्थापना गर्ने,<br>- वजारमुखी उत्पादन गर्ने घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त मात्रामा सञ्चालन गर्ने,<br>- उद्योग स्थापनाका लागि न्यूनतम पूर्वाधारको विकास गर्ने,<br>- दक्ष जनशक्ति उत्पादनका लागि कार्यक्रम सञ्चालन गर्ने,<br>- उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| पदार्थहरूको सहज उपलव्धता रहेको। | | |
| **ङ. बैंक, वित्तीय सेवा एवम् सहकारी** | | |
| - ७ वटा वाणिज्य बैंकहरू, २ वटा विकास बैंक, बचत तथा ऋण सहकारी १५ वटा, कृषि सहकारी २६ वटा, दुग्ध ४, मत्स्य २, बहुउद्धेश्यीय २ वटा र उपभोक्ता सहकारी ४ वटा सञ्चालनमा रहेका छन्।<br>- सबै किसिमका सहकारीहरूमा करीब ५००० भन्दा वढी घरपरिवार आवद्ध भएका छन्। | - घरपरिवारले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको उपयोग घरायसी कार्यमा ५० प्रतिशत खर्च गरेको,<br>- व्यवसायिक गतिविधि सञ्चालन गर्न उधमशिलताको कमी,<br>- कम आय हुने, सीमान्तकृत एवम् पिछडिएको परिवारको वित्तीय संस्थासँगको पहुँच कम रहेको। | - व्यवसायिक गतिविधि प्रवर्द्धन लागि प्रोत्साहित गर्ने,<br>- बैंकिङ लगानी कृषि तथा उद्योग क्षेत्रमा वृद्धि गर्न पैरवी गर्ने,<br>- वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्ने,<br>- कम आय हुने, सीमान्तकृत एवम् पिछडिएको परिवारको वित्तीय संस्थासँगको पहुँच सुनिश्चित गर्ने,<br>- आर्थिक कारोवारका लागि बैंक तथा वित्तीय संस्थामार्फत् हुने कारोबारलाई प्रोत्साहन गर्ने। |

**ख) सामाजिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण विवरण**

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **क. शिक्षा, विज्ञान तथा प्रविधि** | | |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - ३० वटा सामुदायिक विद्यालय (८ वटा मा.वि र २२ वटा आ.वि र ३४ वटा निजि विद्यालय रहेका छन्।<br>- ८१ वटा वाल विकास केन्द्र सञ्चालनमा रहेका छन्।<br>- शिक्षक दरवन्दी अनुसार पदपुर्ती भएको छ।<br>- प्राविधिक धारका विधालय १ वटा सञ्चालनमा रहेका छन्।<br>- २ वटा कम्पास सञ्चालनमा छन्।<br>- १ वटा सामुदियक पुस्तकालय, १३ वटा विद्यालयमा बुक कर्नर, ४ वटा स्वच्छ खानेपानी भएका विद्यालय, ८ वटा विद्यालयमा छात्रा मैत्री शौचालयको सुविधा, २८ वटा इन्टरनेट सुविधा रहेको छ।<br>- २६ विद्यालयमा वि.व्य.स. गठन भएको, अभिभावक शिक्षक सङ्घ २६ वटा, | - सामुदायिक विद्यालयको आधारभुत तहमात्र सञ्चालन हुने विद्यालयमा पुर्वाधारको समस्या रहेको,<br>- विद्यालय सम्म स्तरिय सडकको अभाव रहेको<br>- वालवालिको संख्या वालविकास केन्द्रमा न्युन भएकाले एक अर्कामा समायोजन गर्न चुनौती रहेको<br>- निजि विद्यालयको अनुगमन गर्न कठिनाइ,<br>- प्राविधिकधारका विद्यालयको कमी,<br>- ९ वटा वडामा पुस्तकालय नभएको,<br>- १७ वटा विद्यालयका वुक कर्नर तथा कुनै पनि विद्यालयका ई पुस्तकालय नभएको,<br>- २६ वटा विद्यालयमा स्वच्छ खानेपानी को व्यवस्था नभएकोले वालवालिका चापाकलको पानी खाने गरेको,<br>- २२ वटा विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था नभएको,<br>- २ वटामा इन्टरनेट को सुविधा नभएको,<br>- ४ वटा विद्यालयमा वि.व्य.स. तथा अभिभावक शिक्षक सङ्घ गठन नभएको, | - आवस्यकताका आधारमा प्रथमिकता निर्धारण गरि संरचना वनाउने,<br>- नगर सडक गुरूयोजना वनाएर सडकको स्तरोन्नति गर्ने,<br>- नगर शिक्षा नीति वनाएर वालशिक्षकको व्यवस्थापन गरि विद्यालय समायोजन गर्ने,<br>- वडा कार्यालयसँग समन्वय गरि शिक्षा शाखाले कार्ययोजना वनाएर अनुगमन गर्ने,<br>- प्रदेश तथ संघिय सरकारसँग समन्वय गरि स्थानिय चाहानाका आधारमा प्राविधिक विद्यालय स्थापना गर्ने,<br>- आवस्यकताका आधारमा क्षेत्रगत रूपमा सामुदायिक तथा विद्यालयमा आधारित पुस्तकालय स्थापना गर्ने,<br>- वुक कर्नर नभएका विद्यालयमा पुर्वाधार सहित वुक कर्नर तथा इ पुस्तकालय स्थापना गर्ने,<br>- खाने पानीको व्यवस्था गर्ने, तत्कालका लागि पानि परिक्षण गरि फिल्टरको व्यवस्था गर्ने,<br>- पानीको व्यवस्था गरि अन्य निकायसँग सहकार्य गरि शौचालयको निर्माण गर्ने, माध्यमिक विद्यालयहरूमा प्याड व्यवस्थापन सहितको शौचालय निर्माण गर्ने,<br>- शिक्षा शाखाले सम्वन्धित वडा कार्यालयसँग समन्वय गरि विद्यालयमा वि.व्य.स. तथा अभिभावक शिक्षक सङ्घ गठन तत्काल गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| सबै विद्यालयमा दिवा खाजा,<br>- विद्यालयमा विज्ञान प्रयोगशाला भएका विद्यालय ६ वटा रहेका छन्। | - नगरपालिकामा नमुना विद्यालय नभएको,<br>- २ वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला नभएको,<br>- विद्यालयमा बाल क्लब गठन अभ्यास रहेको,<br>- धेरै विद्यार्थी भएका विद्यालयमा खाजा व्यवस्थापनमा कठिनाइ रहेको। | - प्रदेशसँग समन्वय गरि कम्तिमा नगरपालिकामा १ वटा नमुना विद्यालय सञ्चालन गर्ने ,<br>- प्रदेश सरकारसँग समन्वय गरि सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने,<br>- सबै विद्यालयमा वालक्लव गठन गरि नगर स्तरिय वाल सन्जाल गठन गर्ने,<br>- पुर्वाधारको व्यवस्था गरि क्यानटिन सञ्चालन गर्ने,<br>- प्राथमिक तहका विद्यार्थीलाइ तालिमको व्यवस्था गर्ने। |
| **ख. स्वास्थ्य तथा पोषण** | | |
| - ५ स्वास्थ्य चौकी, ४ आधारभूत स्वास्थ्य केन्द्र, २ सहरी क्लिनिक, १ वर्थिङ केन्द्र रहेको छ।<br>- सस्थागत क्षेत्रबाट सञ्चालित ३ वटा एम्बुलेन्स सञ्चालनमा रहेका छन्।<br>- आर्युवेद अस्पताल १ वटा रहेको छ।<br>- महिला स्वास्थ्य स्वयंसेविका ९८ जना रहेका छन्।<br>- मापदण्ड अनुसारको ५ वटा भवन रहेका छन्। | - मापदण्ड अनुसारको भवन ७ वटा स्वास्थ्य चौकी नहुनु,<br>- स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको कमी हुनु,<br>- सवै स्वास्थ्य संस्थामा फर्निचरको कमी,<br>- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीका लागि आवास व्यवस्थापनको कमी,<br>- सवै स्वास्थ्य संस्थामा तथा प्रतिक्षालयको कमी रहनु,<br>- स्वास्थ्यसम्बन्धी सचेतनामा कमी रहनु,<br>- औषधी तथा सामग्रीको आपुर्ती तथा व्यवस्थापनमा कमी रहनु,<br>- संगठन तथा व्यवस्थापन सर्भेक्षणको नभएकोले दरवन्दिको समस्या रहेनु, | - प्रदेश सरकारसँगको सहकार्यमा आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य तालिम, नसर्ने रोग व्यवस्थापन, स्वास्थ्य बीमा, स्वास्थ्य जनचेतना, विपन्नका लागि असाध्य रोग उपचारमा सहयोग र महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,<br>- ७ वटा स्वास्थ्य चौकी मापदन्ड अनुसार वनाउने,<br>- सवै स्वास्थ्य संस्थामा अस्पताल जन्य फोहोर व्यवस्थापन केन्द्रको निर्माण गर्ने,<br>- सवै स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको रूपमा सोलार प्यानल स्थापना गर्ने,<br>- सवै वटा स्वास्थ्य संस्थामा फर्निचर व्यवस्था गर्ने,<br>- सवै स्वास्थ्य संस्थामा ल्यावको स्थापना गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - परिवार नियोजन साधनको प्रयोग दर ४० रहेको छ।<br>- ५५ प्रकारका औषधी निःशुल्क उपलब्ध रहेको छ।<br>- स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिला ९० प्रतिशत रहेका छन्।<br>- प्रोटोकलअनुसार ४ पटक गर्भ परीक्षण गर्ने गर्भवती सुत्केरी ८५ प्रतिशत रहेका छन्।<br>- नगरपालिकाले स्वास्थ्य विमालाई २० लाख वजेट विनियोजन गरि वडागत रूपमा स्वास्थ्य विमाको सुरूवात गरेको छ। | - समुदायमा जीवन शैली र खानपान जन्य सचेतनाको कमी रहनु। | - औषधी तथा सामग्रीको आपुर्ती तथा व्यवस्था गर्ने। |
| **ग. खानेपानी तथा सरसफाई** | | |
| - वडा न. १, २, ३ का २,४१५ घरधुरीमा स्वच्छ खानेपानी सुविधा पुगेको।<br>- पूर्ण खानेपानी सेवा पुगेका वडा ३ वटा रहेको।<br>- भुमिगत पानीको स्रोत रहेको छ।<br>- मुख्य वजार क्षेत्रमा २ सार्वजानिक शौचालय बनेका छन्। | - १३,६१४ घरधुरीमा स्वच्छ खानेपानी सुविधा नभएको चापाकल र इनारको पानी प्रयोग गर्ने गरेको,<br>- वडा नं ४, ७, ८, ९, १० मा खानेपानीको समस्या रहेको, वडा नं ६ मा संरचना निर्माण भएर पनि खानेपानी वितरण नभएको,<br>- खानेपानीको परिक्षण नगरिएको,<br>- स्थानीय स्तरका सरसफाइको अभ्यास कम भएको, | - खानेपानी तथा सरसफाइ गुरूयोजना तयार गरि सबै घरधुरीमा खानेपानीको सुविधा उपलव्ध गराउने,<br>- वडा नं ६ मा सम्मन्न खानेपानीलाइ तत्काल वितरणको प्रवन्ध मिलाउने,<br>- सवै वडाका अभियानका रूपमा खानेपानीको परिक्षण गर्ने,<br>- भूमिगत स्रोतवाट लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्ने,<br>- खानेपानीको ओभरहेड ट्याङ्की र वितरण प्रणालीको निर्माण गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - सरसफाईजन्य आनिवानी सुधार भएको छ।<br>- सरसफाईसम्बन्धी चेतना अभिवृद्धि गर्न होर्डिङ्ग बोर्ड, स्टिकर र पोस्टर टास्ने कार्य नियमित गरिएको छ।<br>- सरसफाईसम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा रहेका छन्। | - वजार क्षेत्रको फोहोरको उचित व्यवस्थापन नभएको,<br>- सार्वजनिक स्थानमा शैचालयको कमि रहेको। | - अति विपन्न घरधुरीहरूमा पक्कि शौचालय निमाणका लागि कार्यविधी बनाई घुम्ती कोषको स्थापना गरी निर्माण गराउने,<br>- आवस्यक स्थानमा शौचालयको निर्माण गरि समुदायलाइ व्यवस्थापनकालागि हस्तान्तरण गर्ने। |
| **घ. महिला, बालबालिका तथा लैससास** | | |
| - ३०० भन्दा वडी महिला समूह क्रियाशिल रहेको छ।<br>- ४५ वटा महिला समिति र १० वटा किसोरी समुह रहेको।<br>- ५००० भन्दा वढिमहिला समुहमा सहकारीहरु सहकारीमा आवद्ध रहेको<br>- विद्यालयमा बाल क्लव गठनको अभ्यास भइरहेको छ।<br>- जेष्ठ नागरिक सम्मान, निःशुल्क स्वास्थ्य परीक्षण उपलब्ध रहेको छ।<br>- लक्ष्यित वर्गको हितका लागि सचेतनामूलक, हिंसा न्यूनीकरण, | - लक्ष्यित वर्ग सञ्जाल गठन तथा परिचालन अभ्यासमा नरहेको,<br>- लैङ्गिक लेखापरीक्षणको अभ्यासमा कमी रहेको,<br>- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण कमी देखिएको,<br>- समुदायमा बाल क्लव गठन तथा परिचालनमा कमी रहेको,<br>- बालमैत्री स्थानीय शासन लागुहुन नसकेको,<br>- समान कामका लागि महिला पुरुषको ज्यालदरमा कमी रहेको,<br>- लक्षित वर्गमा स्वरोगारीका अवसर तथा सचेतनामा कमी,<br>- बाल विवाह र दाइजो प्रथा कायम नै रहनु। | - महिलाका लागि उद्यमशिलता कार्यक्रम सञ्चालन गर्ने,<br>- महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा अन्त्य गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>- हरेक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने,<br>- अपाङ्गता भएका व्यक्तिका लागि स्वरोजगारीका अवसर सृजना गर्ने,<br>- दलित तथा महिलाका लागि सीपमूलक तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,<br>- सेफ हाउस सञ्चालन गर्ने,<br>- बालमैत्री स्थानीय शासन लागु गर्ने,<br>- लक्ष्यित वर्ग सञ्जाल गठन तथा परिचालन गर्ने,<br>- लैङ्गिक लेखापरीक्षणको अभ्यास नियमित गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
| --- | --- | --- |
| आयमूलक र सीपमूलक कार्यक्रम सञ्चालनमा रहेका छन्।<br>- लैङ्गिक हिंसा, बाल विवाह तथा बहुविवाह सचेतना वृद्धि हुँदै गएको<br>- लक्ष्यित वर्गका तालिमको व्यवस्था रहेको छ।<br>- सेफ हाउस तथा बालगृहको निर्माण भइरहेको छ।<br>- लक्ष्यित वर्ग स्वरोजगारका कार्यक्रम सञ्चालनमा रहेको छ।<br>- लक्षित वर्गको क्षेत्रमा सहकार्य गर्ने साझेदार संस्था रहेका छन्। | | - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयन गर्ने। |
| **ङ. युवा तथा खेलकूद** | | |
| - खेलाडी तथा रेफ्री सम्मान हुने गरेको छ।<br>- रंगशाला निर्माणाधिन रहेको छ।<br>- वार्षिक रूपमा राष्ट्रिपति रनिङ्ग शिल्ड सञ्चालन रहेको छ।<br>- १० वटै वडामा वडास्तरीय खेल मैदान निर्माण भएको। | - प्रशिक्षकको व्यवस्था नभएको,<br>- खेलकूद सामग्री तथा प्रोसाहनमा कमी,<br>- खेलकूद प्रशिक्षणमा कमी,<br>- युवा क्लवको दिगो गतिबिधि तथा सञ्जाल गठनमा कमी,<br>- युवा स्वरोजगार कार्यक्रमको कमी रहेको,<br>- युवा पलायन व्यापक रहेको,<br>- युवा आत्मनिर्भरताका अवसरमा कमी, | - खेल क्षेत्रको विकासका लागि वडागत खेल मैदान स्तरोन्नती खेल प्रशिक्षण (स्थानीय आवश्यता र युवाको चाहना अनुसार) व्यवस्था गर्ने,<br>- नगरपालिकास्तरीय रङ्गशाला निर्माण सम्पन्न गरी बहुउपयोगी वनाउने,<br>- स्थानिय खेल मैदानको संरक्षण गर्ने,<br>- युवा लक्षित स्वरोजगार कार्यक्रममार्फत युवा स्वरोजगारीको सृजना गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - जिल्लास्तरीय युवा प्रतिभा पहिचान गरिएको छ।<br>- वडास्तरीय खेल नियमित आयोजना हुने गरेको छ।<br>- युवा लक्षित रोजगार कार्यक्रम सञ्चालनमा रहको छ।<br>- युवा लक्षित कारपेण्टर, प्लम्बर, गाडी मर्मत तालिम सञ्चालनमा रहेको छ। | - युवाका लागि उत्प्रेरणा, परामर्श तथा अभिमूखीकरणको कमी,<br>- कृषि तथा उद्योग क्षेत्रमा युवा आक्रर्षण न्यून,<br>- राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून हुनु,<br>- उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारीतामा कमी। | - युवा उत्प्रेरण कार्यक्रम सञ्चालन गरी युवामा सकारात्मक सोचको विकास गर्ने,<br>- सफल तथा प्रतिभावान युवालाई सम्मान गर्ने। |

## ग) पुर्वाधार क्षेत्रको अवस्था विस्लेषण

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **आवास, भवन, बस्ती विकास र सार्वजनिक निर्माण** | | |
| - नगरपालिकामा राष्ट्रिय भवन संहिता अनुसार हाल सम्म ५०५ वटा निजी घरको नक्सापास दर्ता भएको छ।<br>- नगरपालिकाको विभिन्न थप शाखाहरूको व्यवस्थापनको लागि थप प्रशासनिक भवन निर्माण गर्ने विस्तृत | - भू-उपयोग योजना तर्जुमा नहुँदा नगरपालिको भू-उपयोग क्षेत्र निर्धारण समेत कठिनाइ देखिएको छ । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ ।<br>- देशकै महत्वपूर्ण राष्ट्रिय राजमार्गसँगै | - भूउपयोग क्षेत्र निर्धारण गरी योजना तयार गर्ने सो अनुसार संरचना निर्माण कार्यलाई नियमित गर्ने,<br>- भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने,<br>- उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी वडा कार्यालय भवन निर्माण गरी विषयगत सेवा सहितको सेवा सुचारु गर्ने,<br>- मुसहर वस्ती र मुस्लीम वस्तीमा जग्गा विकास कार्यक्रम तथा वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने,<br>- योजना, भवन र सहरी विकास तथा निर्माण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>- रंगशाला निर्माण गर्ने,<br>- मनोरञ्जन पार्क तथा वाल उद्यान पार्क निर्माण गर्ने,<br>- सामुदायिक भवन नयाँ निर्माण, उपलब्ध भवनहरूको स्तरोन्नति गरी बहुउद्देश्यीय उपयोगको व्यवस्था गर्ने, |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| अध्ययन प्रतिवेदन तयार भएकोछ।<br>- वडा नम्बर ३, ५, र ८ वडा कार्यालयको भवन भई सञ्चालनमा रहेको छ।<br>- वडा नम्बर १, २, ४, ६, ७, ९ र १० मा वडा कार्यालयको भवन जिर्ण भएको छ।<br>- सुरक्षित आवास अन्तरगत लक्षित वर्गको लागि वडा नं ३ ८ वटा घर बनेका छन्। | जोडिएको भएतापनि कृषि विकास र व्यवसयिक क्षेत्रको रुपमा विकासतर्फ उन्नती गर्न सकेको छैन ।<br>- यस नगरपालिका क्षेत्रमा भवनसंहिता २०७२ अनुसार नियमन हुन सकेको छैन,<br>- नगरपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङस्थल नहुनु,<br>- नगरपालिकाको बजार क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजारीकरण र अन्य पूर्वाधार र सुविधाको कमी हुनु,<br>- राष्ट्रिय भू-उपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी वस्ती विकास हुन नसक्नु, | - प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, निर्माणकर्मीहरुको लागि नयाँ तथा भूकम्प प्रातिरोधी प्रविधि, निर्माण सामाग्री, मापदण्ड, निर्माण गुणस्तर आदि सम्बन्धी तालिम तथा क्षमता विकास गर्ने,<br>- इञ्जिनियरिङ्ग उपकरण (लेभलिङ्ग मेशिन, टोटल स्टेशन, डिजटल टेल, जिपिएस, एभ्निज लेभल, लिजिटल लेभल) आदिको व्यवस्था गर्ने,<br>- छिमेकी स्थानीय तहसँगको समन्वय र साझेदारीमा निर्माण गुणस्तर प्रयोगशाला स्थापना र व्यवस्थापन गर्ने,<br>- नगरपलिकामा ३ वटा प्रतिवर्ष सार्वजनिक शौचालय निर्माण गर्ने,<br>- सबै वडाका बजार केन्द्रहरूमा विश्राम स्थल क्रमशः निर्माण गर्ने ।<br>- औद्योगिक क्षेत्र निर्माण गर्ने,<br>- सरकारी तथा सार्वजनिक जग्गा एकीन गर्ने,<br>- कृषि सामाग्री संकलन केन्द्र तथा हाट बजार निर्माण गर्ने,<br>- सबै विद्यालयहरुमा शुद्ध खानेपानी, शौचालय, बाउन्ड्री वाल, सेनिटरी प्याड आदि व्यवस्था सहित निर्माण गर्ने। |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| | - उद्यान, पर्यटकीय, मनोरञ्जन तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी हुनु। | |
| **सडक, पुल, यातायात** | | |
| - पक्कि सडक ३३ कि. मि बनेको छ।<br>- ग्राभेल सडक ५६ कि. मि बनेको छ।<br>- कच्ची बाटो ४५ कि. मि निर्माण भएको छ।<br>- ढल तथा नाला ३१ कि. मि बनेको छ।<br>- पुल/पुलेसी आर. सि. सि. २३ वटा बनेका छन्।<br>- बस पार्क १ वटा बनेको छ। | - पश्चात् यातयात गुरुयोजना अद्यावधिक नभएको,<br>- यातायात गुरुयोजना अद्यावधिक भई नगरको सडकको वर्गीकरण, नक्साकंन, मापदण्ड निर्धारण, नामकरण, साँकेतीकरण नभएको,<br>- नगर क्षेत्रमा कुल अधिकाम्स सडक कच्चि तथा ग्राभेल रहेको,<br>- अधिकांश सडकहरूमा नाला र पुल तथा कल्भर्ट नभएको,<br>- सडकमा उच्च ग्रेड पर्खाल र नाली नभएको, | - सडकको वर्गीकरण, नामाकरण, मापदण्ड, सांकेतीकरण र प्राथमिकता निर्धारण सहित सडक गुरुयोजना अद्यावधिक गर्ने,<br>- सडक तथा भवन निर्माणलाई व्यवस्थित गर्ने,<br>- प्राथमिकताको आधारमा सहयोगी संरचना समेत बार्षिक २५ देखि ३० कि.मि.का दरले १३३ कि सडक कालोपत्रे तथा ढलान गर्ने,<br>- बाँकी खण्ड सडकको ग्राभेल र स्तरोन्नति गर्ने। |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| | - वर्षैभरी सडक पूर्ण रुपमा सञ्चालन हुने अवस्था नभएको,<br>- निर्माण भएका सडकमा सार्वजनिक यातायातका साधन सञ्चालन हुन नसकेको। | |
| **जलस्रोत, विद्युत् र वैकल्पिक ऊर्जा** | | |
| - नगरपालिकाको अधिकांश बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विद्युत सेवा उपलब्ध रहेको (९८ प्रतिशत घरपरिवारमा विद्युतको पहुँच रहेको)। | - ट्रान्समिटरको क्षमता कम भएको,<br>- पुराना र काठेपोल विस्थापन गर्न नसकिएको,<br>- वितरण लाईनमा काठे तथा पुराना पोल रहेका,<br>- प्रमुख वस्ती/टोलहरूमा सडक बत्तीको व्यवस्था हुन नसकेको,<br>- गाउँ/बस्तीका प्रमुख स्थानमा सोलार प्रणालीमा आधारित सडक बस्तीको व्यवस्थामा कमी रहेको, | - विद्युत नपुगेको घरपरिवारमा विद्युत विस्तार गर्ने,<br>- ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईनको केबल प्रणालीमा स्तर बृद्धी गर्ने,<br>- काठेपोल र जिर्णपोल विस्थापन गर्ने,<br>- बजार, चोक/टोल बस्तीको मुख्य चोकमा सोलार प्रणालीमा आधारित सडक बत्ती जडान गर्ने,<br>- बायोग्यास, सोलार र सुधारिएको चुल्हो प्रवर्द्धन र विस्तार गर्ने,<br>- पुराना र जिर्ण ट्रान्समिसन लाईन विस्थापन गर्ने,<br>- सवै कार्यालयमा व्याक्अपको व्यवस्था गर्ने। |

| विद्यमान अवस्था | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| | - कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा पावर व्याकअप सुविधा नभएको र उपलब्ध भएकोमा समेत सुचारु नभएको । | |
| **सूचना तथा सञ्चार प्रविधि** | | |
| - नगर कार्यपालिका कार्यालय र वडा कार्यालय, स्वास्थ्य संस्था तथा २८ वटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ।<br>- VERS, राजश्व, SuTRA, CGAS, SMS सञ्चालनमा रहेको छ।<br>- त्रैमासिक र वार्षिक प्रतिवेदन तयार भई प्रकाशन र प्रशारण हुने गरेको।<br>- नगरपालकिाको डिजिटल प्रोफाइल तयार भएको। | - इन्टरनेट सेवाको गुणस्तर र नियमिततामा कमी रहेको,<br>- सवै वडा, स्वास्थ्य संस्था, विद्यायलय र कार्यलयमा इन्टरनेटको सुविधा उपलब्ध नभएको,<br>- सूचना तथा प्रविधिको उपयोग सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीमा ज्ञान, सीप र दक्षतामा कमी रहेको,<br>- प्रशासन र विषयगत र सेवा प्रवाह सम्बन्ध सफ्टवेयर, एप्लीकेसन उपलब्ध नभएको। | - नगर विकास बुलेटिन त्रैमासिक रुपमा तयार, प्रशासन र प्रसारण गर्ने,<br>- सवै कर्यालयहरुमा इन्टरनेटको क्षमता विस्तार गर्ने,<br>- स्वाथ्य संस्था, विद्यालयमा इन्टरनेट सुविधा जडान गर्ने,<br>- प्रशासन, पूर्वाधार विकास, योेजना तथा अनुगमन, इन्सोटेक प्रणाली जडान गर्ने,<br>- कार्यपालिका कार्यालमा डिजिटल नोटिस वोर्ड जडान गर्ने,<br>- कार्यपालिका कार्यालयका कर्मचारी, वडा सचिवका लागि कम्प्युटर, सूचना प्रविधि, मोटिभेसन लगायतका विषयमा क्षमता अभिबृद्धि गर्ने,<br>- राजस्व तथा प्रशासनिक सेवाको लागि कार्यपालिका कार्यालय र वडा कार्यालयमा कम्युटर नेटवर्किङ्गको व्यवस्था गर्ने। |

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको वस्तुस्थिति विश्लेषण विवरण

| विद्यमान अवस्था र सम्भावना | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **क. वन तथा जैविक विविधता** | | |
| - खालि तथा सार्वजनिक स्थानमा साल, चिलाउने, सल्लो, उत्तीस लगायत १५ भन्दा वढी काष्ठ जन्य वनस्पती पर्याप्त मात्रामा पाइन्छ।<br>- रैथाने प्रजाति - साल/सखुवा, खयर, सिशौ, करम, पिपल, बर, वडहर, आँप, लिचि, कटहर, अमला, हर्रो, बर्रो, सिमल, बाँझी, धडेरो, वनमारा, बाँस उपलब्ध रहेको छ।<br>- आयातित प्रजाति - मसला, टिक विस्तार भएको बाँदर, स्याल, जस्ता वन्यजन्तु पाइने गरेको<br>- हरिण, बदेल, स्याल, बाँदर, खरायो, बिरालो, गाई, भैंसी, बाखा, | - पुनरुत्पादन दर राम्रो भए पनि नयाँ बिरुवा हुर्कने बढ्ने दर कम भएको<br>- बूढा भएका, खोक्रा भएका, लडेका, रोग लागेका, सुकेका, वृद्धि नहुनेलाइ व्यवस्थापन गरि नयाँ रोपण गर्ने नगरिएको<br>- वन तथा जडिवुटी उत्पादन तथा निर्यातको वास्तविक तथ्याङ्क नरहेको<br>- वनमा आधारित कार्यक्रम सन्चालन गर्न तथा व्यावसायिक जडिवुटी खेतिकातागि अध्ययन तथा कार्यक्रम नभएको<br>- वन क्षेत्रको अभिलेखिकरण नगरिएको<br>- सडक निर्माण गर्दा वातावरणिय परीक्षण नगरिएको<br>- चरिचरनक्षेत्रको व्यवस्थापन नगरिएको,<br>- वन पैदावार बिक्री वितरणमा कानूनी जटिलता रहँदा सम्भावनाको उपयोग गर्न नसकिएको,<br>- वन व्यवस्थापनमा अन्तर-सरकार स्थानिय तहमा समन्वयको अभाव रहेको,<br>- क्षमता मुलककार्यक्रम को पहिचानगरी कार्यक्रम सञ्चालन नभएको। | - स्थानिय स्तरमा बिरुवा उत्पादनका लागि वन नर्सरी व्यवस्थापन गर्ने<br>- खोला किनार, खालि स्थान तथा बाटोको छेउछाउमा वृक्षारोपण गर्नुपर्ने<br>- सडक तथा पहिरो क्षेत्रमा बायोइञ्जिनियरिङ कार्य गर्ने<br>- अतिक्रमण नियन्त्रणका लागि तत्कालिक, मध्यमकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याउने<br>- सरोकारवाहरूको समन्वयमा कार्य गर्ने<br>- प्रोफाइल तयारी गर्ने,<br>- लक्ष्यित समूह पहिचान गरेर तालिम दिने,<br>- नगरपालिका र सरोकारवाला निकायहरूबीच कार्ययोजना बनाइ कार्यान्वयन गर्ने। |

| विद्यमान अवस्था र सम्भावना | समस्या र चुनौती | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| जरायोलगायत एक दर्जनभन्दा बढी जीवजन्तु पाइनुहाँसलगायत एक दर्जनभन्दा बढी चराचुरुङ्गी पाइन्छ। | | |
| **ख. भूमि तथा जलाधार व्यवस्थापन** | | |
